# अध्याय : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

नेपालको राष्ट्रिय आय तथा रोजगारीमा कृषि क्षेत्रको महत्वपूर्ण स्थान छ। अहिलेको वर्तमान सन्दर्भलाई हेर्दा यहाँका ७४ प्रतिशत जनताहरु कृषिमा निर्भर छन् । विश्वका दुइ विशाल मुलुक भारत र चीनको बीचमा भुपरिवेष्ठित भई नेपाल रहेको छ। यसको आकार सानो छ तर भाषा, संस्कृति, साहित्य, कला, जैविक विविधता लगायतका दृष्टिकोणवाट सम्पन्न र सुन्दर देश भनेर चिनिन्छ । वास्तवमा नेपालको धरातलीय विविधता अनुरुप यहाँको वातावरण, वनस्पति, जीवजन्तु, जलवायु आदिमा समेत विविधता पाइन्छ।

नेपालको कृषि प्रणालीको लामो इतिहास भएपनि यसको उचित योजनावद्ध विकास सन् १९५० भन्दा पहिला खासै उल्लेखनीय रुपमा भएको पाइदैन । नेपाल एकीकरण अभियान पछि पनि नेपालको भूमि व्यवस्थालाई केही व्यवस्थित गर्न रैकर, विर्ता, गुठी, किपट, जागिर व्यवस्था, जिमिदारी जग्गा, राज्यभूमि व्यवस्था, उखडा जग्गा आदिमा विभाजन गरिएको थियो (बराल २०५५:८७)।

नेपालको कृषि विकास सम्वन्धि सरकारी पहल वि.सं. १९७८ मा चारखाल अड्डामा स्थापित कृषि अड्डाबाट शुरु भयो । वि.सं. १९८२ सालमा सिंहदरवार परिसरमा कृषि फारम खुल्यो त्यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं १९९४ मा कृषि परिषदको गठन भयो । परिषदवाट कृषि विकासको लागि कृषि फारमहरु खोल्ने, सर्वेक्षण कार्यहरु गर्ने जस्ता कार्यहरु भए । वि.सं १९९८ सालमा त्रिपुरेश्वरमा नेपालकै प्रथम भेटेरिनरी अस्पतालको स्थापना भयो । वि.सं २००० मा चितलांग तथा ककनीमा भेडा फारम सुरु भयो । स्थापनाको २५ वर्ष पछि वि.सं २००७ को परिवर्तन संगै परिषदवाट भएका कार्यहरुको लेखाजोखा भयो ।

नेपाल कृषि प्रधान भएकै कारण कृषिमा विकास नभएसम्म कुनैपनि क्षेत्रको विकास असम्भव छ। नेपालमा वसोवास गर्ने ७४ प्रतिशत जनता कृषिमा नै निर्भर छन्। झण्डै ८६ प्रतिशत जनता ग्रामीण क्षेत्रमा नै बसोवास गर्ने गर्छन् । जुन ठाउँमा जस्तो खालको खेती हुन्छ,

त्यसलाई नै प्रोत्साहन गर्नुपर्ने हुन्छ । कृषिमा व्यवसायिकता, कृषि सहकारी, कृषि सडक विस्तार, सिंचाइको उचित व्यवस्था र कृषिसँग सम्वन्धित उद्योगहरुको विकास गर्न आवश्यक र अपरिहार्य छ (बडाल, २०५५:६७) ।

राणा शासनकालको १०४ बर्षे अवधिमा चन्द्र नहर, जुद्ध नहर जस्ता नहरहरु निर्माण गरी कृषिमा सुधार ल्याउन सिंचाई व्यवस्था गरेका थिए । नेपालमा पहिलो पटक २० बर्षे योजनाको घोषणा राणा प्रधान मन्त्री जुद्धशमशेरले वि.सं १९९० सालमा गरेका थिए त्यसले उचित कार्यरुप लिन सकेन । त्यसपछि राणा प्रधानमन्त्री मोहन समशेरले पनि १५ वर्षिय योजनाको खाका तयार गरी राष्ट्रिय योजना समितिको गठन गरेका थिए ।

कृषि नेपाली अर्थतन्त्रको बलियो मेरुदन्ड हो । अझैपनि बहुसंख्याक जनता कृषिमा नै निर्भर छन् । मानव सभ्याताको दश हजार वर्ष अघिदेखि कृषि समाजमा प्रवेश गरेको अनुमान गरिएको छ । तर यो समाजको रुपान्तरणको प्रकृया भने लामो समय पछि मात्र हुन सकेको हो । आधुनिक कृषि प्रणालीमा समाजको प्रवेश करीव ८ हजार वर्ष पहिलेलाई अनुमान गरिन्छ । सुरुमा चीनमा धान,गहुँ तथा जौ को खेती गरिएको अनुमान छ । साथसाथै विश्वका अन्य भागमा पनि खेतीको विकास सुरु भयो । मानव सभ्यताको विकास क्रममा खेती तथा पशुपालन एक साथ सम्वन्धित भएर विकास भएको पाइन्छ (दाहाल,२०६१:७५) ।

मानव सभ्यताको क्रमिक विकासको श्रृंखलामा जसरी सामाजिक जीवन पद्दती र संस्कृतिको पनि क्रमिक विकास हुँदै आयो । यसै प्रकियामा पर्यावरणमा उपलब्घ भोजनयोग्य वनस्पति र मानव संस्कृति विचको सम्वन्धमा पनि क्रमिक रुपमा सधनता बढ्दै गएको विश्वास गरिन्छ । यसैकारण मानव वसोवासको विशिष्ट परिस्थितिमा विशिष्ट समाज र संस्कृतिको विकास भए झै विशिष्ट कृषि प्रणालीको विकास र क्रमिक रुपान्तरण हुदै आएको मानिन्छ । यसै सन्दर्भमा लमजुङ जिल्लाको सिन्दुरे गाउँ विकास समिति अर्न्तगत पर्ने दुरा समुदायको बसोबास स्थलको रुपमा परिचित दुराडाँडाको विशिष्ट परिस्थितिमा रैथाने नागरिक र कृषि प्रणाली बीचको अन्तरसम्वन्ध केलाउदै सामाजिक-साँस्कृतिक परिवर्तनसँगै कृषि प्रणालीमा आएको परिवर्तनलाई विश्लेषण गर्दै कृषि र संस्कृति बीचको सम्बन्ध पहिचान गर्न आवश्यक देखिएको हो । सामाजिक संरचनाका सम्बन्धमा आएका परिवर्तन संगै संस्कृतिमा जुन परिवर्तन देखिएको छ त्यसले कृषि संस्कृतिमा कस्तो परिवर्तन ल्याएको छ भन्ने ध्येयले

यो अध्ययन गर्न प्रेरित भएको हो । यसैलाई मध्यनजर गर्दै लमजुङ दुराडाँडाका दुरा समुदायका रैथानेहरुको परम्परागत कृषि प्रणालीमा सांस्कृतिक अध्ययन गर्न खोजिएको हो ।

## १.२ समस्याको कथन

समाज विकासको क्रमिक यात्रामा मानिसले जे जस्तो पर्यावरणसँग तालमेल गर्दै आयो त्यही अनुकुलनका कारण कृषि संस्कृति वा प्रणालीको पनि निर्माण गर्दै आएको पाइन्छ । यसकारण हरेक वस्तीका कृषि प्रणालीहरु मानव पूर्खाले विभिन्न प्राकृतिक पर्यावरण, सामाजिक पर्यावरण र सांस्कृतिक पर्यावरणसँगैको अन्तरसम्वन्धवाट सिक्दै, अनुकुलन गर्दै र विकास गर्दै आएका हुन् ।

पहिलाको बुझाइमा उत्तम कृषि, मध्यम व्यापार र निम्न नोकरी मानिन्थ्यो तर पछिल्ला दिनमा श्रम, सीप र व्यवसायमा जटिलतासँगै वढ्दो लागत र मानवीय श्रोतको अधिक खपतका कारण सामाजिक धारणा कृषिप्रति बद्लिएकोछ । आजभोली उत्तम नोकरी, मध्यम व्यापार र खत्तम कृषि भन्ने मनोवृत्तिले कृषिमा सहभागिता पातलिएको र किसान प्रतिको हेराई तथा प्रतिष्ठा पनि न्यून स्तरको भएको गुनासो आइरहेको छ । सामाजिक धारणा यसो हुनुमा नोकरीको आर्जन प्रतिको आकर्षण र कृषि प्रतिको लगाव वापत हुने उत्पादनले दिएको न्यून सन्तुष्टि वा नैरास्यताको उपज मान्न सकिन्छ । तैपनि लमजुङका दुरा गाउँका दुरा समुदायमा कृषि प्रणालीको रुपान्तरणमा के कस्ता प्रकृया र सम्वन्ध विकास हुँदै गएका छन् भन्ने विषयमा यो खोज केन्द्रीत भएको छ । यस अध्ययनमा विविध प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएकोछ ।

१. अध्ययन क्षेत्रको कृषि प्रणालीको संरचनात्मक स्वरुप कस्तो छ ?
२. खेतीपातीमा प्रयोग गरिने प्रविधि, विउ-विजनको भण्डारण गर्ने तरिका सांस्कृतिक महत्व सम्वन्ध र वाह्य सहजिकरण प्रकृया कस्तो छ ?
३. सामाजिक सांस्कृतिक परिवर्तनसँगै कृषि प्रणालीमा कस्तो परिवर्तन हुर्किएको छ ?

## १.३ अध्ययनको उद्देश्य

नेपालको कृषि प्रणाली परम्परागत ज्ञान, सीप र प्रविधिमा आधारित छ । यसलाई समय सापेक्ष सुधार गर्न सकिएको छैन तर प्रयास भने नगन्य मात्रमा भएको पाइन्छ । मानव जीवनका आधारभुत आवश्यकता मध्ये गास, वास, कपास, प्रमुख भएपनि शिक्षा, स्वास्थ्य, मनोरञ्जन लगायतका मौलिक अधिकार भित्र पर्छन् । यी सम्पूर्ण हकलाई पुरा गर्ने काम कृषिले गर्छ तर नेपालको समग्र कृषि प्रणालीलाई आधार बनाउँदा हाम्रो कृषि प्रणाली निर्वाहमुखी भएकै कारण कृषकहरुको स्तरीय जीवनयपन भएको पाइदैन । त्यसैले लमजुङ जिल्लाको सिंन्दुरे गा.वि.स.मा बसोवास गर्ने दुरा समुदायले अपनाउँदै आएको कृषि प्रणालीको परिवर्तनको कारक तत्वहरू पत्ता लगाउनु नै यस अध्ययनको प्रमुख उद्देश्य हो भने यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् :

१. अध्ययन क्षेत्रका दुरा समुदायले अपनाउँदै आएको कृषि प्रणालीको अवस्था पत्ता लगाउने ।
२. अध्ययन क्षेत्रको सामाजिक, सांस्कृतिक अवस्थाले कृषिमा पर्न गएको प्रभाव पत्ता लगाउने ।
३. निर्वाहमूखी कृषि प्रणाली तथा चुनौतीको समस्या पहिचान गर्ने ।

## १.४ अध्ययनको अवधारणा

हरेक विषयको आफ्नै छुट्टै महत्व, विशेषता, परिभाषा र सीमा हुन्छ । मानवीय सभ्याताको विकाससँगै कृषिको पनि विकास भएको पाइन्छ । कृषिको विकास र विस्तार हुने क्रममा आज कृषि विज्ञान अत्यन्त महत्वपूर्ण विज्ञानका रुपमा विस्तारित भएको छ । कृषिका विभिन्न चरणहरु मध्ये निर्वाहमूखी कृषि प्रणाली पनि एक हो । यसलाई बुझ्नुभन्दा अगाडि कृषिलाई बुझ्न आवश्यक छ ।

कृषिका सन्दर्भमा कुरा गर्दा यहाँ रहेका विभिन्न घटना, वस्तु र दृष्यका आफ्नै महत्व रहेको छ । कृषि भन्ने वित्तिकै पशु तथा पन्छीपालन, फलफूल, तरकारी, च्याउ उत्पादन, माछा, मासु, दुध, फूल र दूग्धजन्य उत्पादन व्यवसायलाई जनाउँछ । मानिसको सभ्याताको विकास क्रमसँगै कृषि पेसाको सुरुवात भएको कुरामा विद्धानहरु एकमत छन् तर कृषिको विभिन्न चरण तथा यसको सुरुवातको सम्वन्धमा भने एकमत पाउन सकिदैन । निर्वाहमुखी कृषि

प्रणाली विशेषगरी परिवार वा समुदाय स्तरका आवश्यकता परिपूर्तिगर्ने उद्देश्यले गरिने पशु तथा पन्छीपालन, फलफूल, खाद्यान्नवाली, माछामासु, अण्डा, दुध तथा दुधजन्य व्यवसायको समग्र रुपलाई निर्वाहमूखी कृषि प्रणाली भन्न सकिन्छ ।

यस अनुसन्धानमा लमजुङ जिल्लाको सिंन्दुरे गा.वि.स.मा बसोवास गर्ने दुरा समुदायलाई यस अध्ययनको केन्द्रित क्षेत्र बनाइएको छ । उक्त गाउँमा बसोवास गर्ने ३३६ घरधुरी मध्ये जसले विगत ३० वर्षदेखि निरन्तर रुपमा कृषि पेशामा संलग्न रहेको ७० घरपरिवारले अपनाएको निवार्हमूखी कृषि प्रणालीलाई मात्र अध्ययन गरिएको छ । साथै त्यहाँका स्थानीय क्षेत्रका कृषकहरुले के कस्तो पद्धति, तरिका र प्रविधिको प्रयोग गर्दै कृषि कर्मलाई निरन्तरता दिदै आएका छन् भन्ने कुराको अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व

नेपालको जनसंख्या ३ करोड पुग्दैछ भने विश्वको जनसंख्या ७ अरव नाधिसक्यो । यदि यहि स्थिति रहने हो भने मानिसको पेट भर्नको लागि र तिर्खा मेटाउनको लागि अर्को पृथ्वीको आवश्यकता पर्नेछ । यस्तो अवस्थामा कृषि उत्पादनको महत्व कस्तो होला ? सजिलै बिचार गर्न सकिन्छ । नेपालको अर्थतन्त्र बलियो र आत्मनिर्भर बनाउन कृषि र किसानको उन्नति पहिले गर्नुपर्छ । नेपालका हिमाली क्षेत्रवाट समेत नपत्याइने ढंगले कृषिवाट सम्पन्नता हासिल गर्ने अनन्त सम्भावनाहरु छन् । ठाउँ अनुसारको उचित बाली लगाउने हो भने एउटा डोल्पा जिल्लावाट मात्रै करोडौ मुल्य बराबरको उत्पादन लिन र निर्यात गर्न सकिन्छ । त्यसैले कृषि पेशालाई सर्वप्रथम सम्मानित र आकर्षक बनाउनुपर्छ । यसका लागि उन्नत कृषि औजार, उन्नत वीउ र मलखादको आपुर्ति सुलभ गर्ने, सिंचाई पानीको समुचित व्यवस्था गर्ने लगायत भूमि व्यवस्थापन कार्य प्रभावकारी तुल्याउने जस्ता कार्यलाई प्राथमिकताका साथ अधि बढाउनुपर्छ । यसैबाट कृषकको जीवनस्तरमा सुधार, गरिवी निवारण, वेरोजगारीको अन्त र व्यापार घाटाको समाधान हुनेछ ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले नेपालको कृषि प्रणाली सम्वधि अध्ययन अनुसन्धानहरू गरेका पनि छन् । स्नातकोत्तरको शोधपत्रको सहयोगले नेपालका विभिन्न क्षेत्रमा रहेका कृषि प्रणाली सम्वन्धि वढी भन्दा बढी जानकारी लिई त्यसमा भएका कमी-कमजोरीलाई कम गर्न सके आर्थिक उन्नती, विश्वमा बढ्दो खाद्य समस्यालाई समाधान गर्न

र बढ्दो जनसंख्यालाई पौष्टिक आहार प्रदान गर्न सकिन्छ । कृषि मानवीय समाजको महत्वपूर्ण पाटो हो । यस्तो गहन विषय भए पनि यससँग सम्वन्धित भएर ग्रामीण स्तरमा निकै कम मात्रमा अध्ययन भएको पाइन्छन । यस अध्ययनवाट निर्वाहमुखी कृषि प्रणालीमा मात्रात्मक र गुणात्मक विकास गर्नको लागि आवश्यक पर्ने सल्लाह सुझाव मिल्नेछ । साथै भविष्यमा आउने सम्भावित व्यवधानहरुप्रति समयमा नै सचेत भएर अगाडी वढ्न सहयोग मिल्छ । जसले गर्दा योजना तर्जुमा गर्न, नीति निर्माण देखि कार्यान्वयनको स्तर सम्म अध्ययन उपयोगी हुन्छ ।

## १.६ अध्ययनको सिमाङ्कन

कुनैपनि खोज अध्ययन गर्ने क्रममा सिमाको निर्धारण अनिवार्य देखिन्छ । सिमाना निर्धारणले निश्चित क्षेत्रको खोज व्यापक र गहिरो हुन सक्दछ । सिमाको निर्धारण गर्नुको अर्को कारण सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नाका साथै समय र आर्थिक तत्वको अभावले गर्दा नै हो । अध्ययनको उद्देश्य चरित्र र समयका कारणबाट विभिन्न सिमावन्दिहरू निर्मित भएका हुन्छन् । सामाजिक रूपमा पिछडा वर्गहरू, त्यसमा पनि निर्वाहमुखी कृषि प्रणाली अपनाएका दुरा समुदायमात्र यसमा समावेश गरिएको छ । यस्ता अध्ययनहरू निश्चित सामाजिक व्यवस्था परिवेशभित्र मात्र लागु हुन सक्दछन् र सो भन्दा बाहिर त्यस अध्ययनको प्रभाव नरहन पनि सक्छ । यस अध्ययनका पनि केही सिमाहरू छन् । जसले यसको प्रभाव क्षेत्रलाई निक्यौल गर्दछ । प्रथमतः यस अध्ययनले लमजुङ जिल्लाको सिन्दुरे गा.वि.स.मा बसोवास गर्ने दुरा समुदायलाइ आफ्नो अध्ययनको केन्द्रित क्षेत्र बनाइएको छ । दोस्रो कुरा उक्त गाउँमा बसोवास गर्ने ३३६ घरधुरी मध्ये वार्ड नं ६,७ र ८ का कृषकहरु जसले विगत ३० वर्षदेखि निरन्तर रुपमा कृषि पेशामा संलग्न रहेको ७० घरपरिवारलाई मात्र समावेश गरिएकोछ ।

## १.७ अध्ययनको संरचना

यस अध्ययनको संरचनालाई निम्न अनुसार प्रस्तुत गरिएको छ । अध्यय एक परिचय शीर्षकमा अध्ययनको पृष्ठभूमि,समस्याको विवरण, अध्ययनको उद्देश्य,महत्व,अध्ययनको सीमा र अध्ययनको संरचनालाई उल्लेख गरिएकोछ । अध्याय दुइमा सन्दर्भ साहित्यको समिक्षा गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धान ढाँचा,

पद्धति,क्षेत्र छनौट, तथ्यांकको स्रोत एवं प्रकृति,प्रस्तुतीकरण र विश्लेषण विधि उल्लेख गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय शीर्षकमा अध्ययन क्षेत्रको चित्रण गरिएको छ । अध्याय पाँचमा उत्तरदाताहरुको पृष्ठभूमि तथा परिचय उल्लेख गरिएको छ । अध्याय छ मा दुरा समुदायको परम्परागत कृषि प्रणालीमा वाली उत्पादन स्थितिलाई प्रस्तुत गरिएको छ । अध्याय सातमा निर्वाहमूखी कृषि प्रणालीका समस्या र चुनौतीहरुको चित्रण गरिएको छ र अन्त्यमा अध्याय आठमा अध्ययनको सारांश, निष्कर्ष, सुझाव र भविष्यका अनुसन्धानकर्तालाई सुझाव उल्लेख गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समिक्षा

## २.१ परिचय

अध्ययनको लागि छनौट गरिएको विषयसँग सम्बन्धित साहित्यको अध्ययनले अनुसन्धानकर्तालाई आफ्नो अध्ययनलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ । जसले गर्दा उक्त अध्ययन गर्नुपर्ने औचित्य एवम् आवश्यकतालाई प्रष्ट्याउन मद्दत गर्दछ ।

### २.१.१ अध्ययनको सैद्धान्तिक खाका

कुनैपनि विषय वस्तुको बारेमा अध्ययन अनुसन्धान गर्नुपूर्व त्यससँग सम्बन्धित सामाजिक एवम् व्यवस्थापकीय सिद्धान्तलाई पुनरावलोकनको लागि लिइएको छ । यो शोधपत्रको विषयवस्तु कृषिसँग सम्वन्धित रहेको छ । यसलाई सम्पन्न गर्नको लागि आवश्यक पर्ने तथ्यहरु कृषिका सम्वन्धमा विभिन्न समयमा प्रकाशन गरिएका पुस्तक, लेखरचना, स्मारिका, विभिन्न अनुसन्धानहरु र समसामयिक सञ्चार माध्यमहरुमा प्रसारित सुचनाहरुलाई आधार बनाईएको छ । विभिन्न संचार माध्यमवाट प्रकाशित लेख रचनाहरु मध्येवाट निर्वाहमुखी कृषि प्रणाली, परम्परागत ज्ञान, दिगो कृषि जस्ता विषयवस्तुलाई विशेष जोड दिई अध्ययन गरिएको छ ।

जव कृषि समाजको विकास भयो, त्यसपछि समाजले स्थायित्व पायो । समाजवाट मानिसले आफ्ना दैनिक आवश्यकताहरु पुरा गर्न थाले । परिवार, विवाह, नाताप्रणाली लगायत राज्य-राजा-सरकार जस्ता विभिन्न संगठनात्मक अवधारणाहरुको विकास भयो । मानव जीवन जति व्यवस्थित बन्दै गयो, त्यति नै मानविय इच्छा, आकांक्षा, चाहना र आवश्यकताहरु पनि बढ्दै गए । जसले गर्दा नयाँ किसिमका परिवेशमा नयाँ आवश्यकता र संगठनको विकास हुँदै गयो । नविन प्रविधिको विकासले समाजमा विभिन्न परिवर्तनहरु देखा पर्दै गए । समाजशास्त्रिय, मानवशास्त्रिय परिवर्तनलाई संरचनात्मक संघर्ष र चक्रिय दृष्टिकोणवाट व्याख्या गरिने हुनाले परिवर्तन सँधै सकरात्मक हुन्छ भन्ने चाही भन्न सकिन्न ।

'वर्तमानको आधार विगत हो' भने जस्तै आज हामीसँग जुन परम्परागत मान्यता, चालचलन, संस्कृति, प्रथा, रीति, नियम, प्रविधि, कला आदि लगायत जे जति छन्, ती सवै

हजारौ वर्ष अघिदेखि नै हाम्रा आदिम पुर्खाहरुले गरेका दिमागी कसरतका उपज हुन् । फिरन्ते जीवनमा स्थायित्व आएपछि कृषिमा क्रमिक रुपमा परिवर्तन देखिन थाल्यो । त्यसको प्रभाव स्वरुप समग्र नेपालको कृषि प्रणालीमा पनि परिवर्तन देखिदै गयो । यसैलाई आधार मानी नेपालको कृषिलाई पनि आधुनिक नेपालको एकिकरण पूर्व प्राचीनकालको कृषि प्रणाली र एकीकरण पछाडिको अवधिलाई आधुनिक कालको कृषि प्रणाली मानी विकासको क्रमलाई विभाजन गरेको पाइयो ।

## २.३ सन्दर्भ साहित्यको सिंहावलोकन

यो शोधको विषयवस्तु, कृषिसँग सम्वन्धित रहेको छ । यसलाई सम्पन्न गर्नको लागि आवश्यक पर्ने तथ्यहरु विभिन्न स्रोतहरुवाट संकलन गरिएका छन् । कृषिका सम्वन्धमा विभिन्न पत्रपत्रिका, पुस्तक, लेखरचना, स्मारिका, वेवसाइड लगायत समसामयिक संचार माध्यममा प्रसारित सुचनाहरुलाई आधार बनाइएको छ । यी विभिन्न प्रकाशित गरेका लेख रचनाहरु मध्येवाट परम्परागत ज्ञानसीप, दिगो कृषि परम्परागत ज्ञान लगायत निर्वाहमुखी कृषि प्रणालीसँग सम्वन्धित विषयवस्तुलाई वढी केन्द्रित गरिएको छ । अध्ययनका क्रममा कृषिसँग सम्वन्धित संघसंस्था, कृषि विकास कार्यलय, क्षेत्रिय कृषि विकास निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय आदिवाट प्रकाशित पुस्तिका, स्मारिका लगायतका अन्य प्रकाशोन्मुख, अप्रकाशोन्मुख सुचनाको समेत अध्ययन गरिएको छ ।

कृषि समाजको विकासपछि समाजले व्यवस्थित रुपमा स्थायित्व पाएको पाइन्छ । जव मानिस समाजमा वस्न र घुलमिल हुन थाल्यो त्यसपछि आफ्ना दैनिक आवश्यकताहरु पुरा गर्न विवाह, परिवार, नाता, राज्य, सरकार, नेता जस्ता विभिन्न सांगठनिक अवधारणाहरु जन्मन थाले । मानव जीवन जतिजति व्यवस्थित वन्दै गयो त्यति नै मानविय इच्छा, आकांक्षा, चाहना, आवश्यकताहरु पनि वढ्दै जान थाले । नयाँ किसिमका आवश्यकताले नयाँ परिवेश र संगठनको विकास गर्दै गयो । नयाँनयाँ उपलव्धि र नयाँ प्रविधिको विकासले मानव समाज झन्झन् विकासतर्फ फड्को मार्दै गयो । जसलाई समाजशास्त्र तथा मानवशास्त्रमा संरचनात्मक संघर्ष र चक्रिय दृष्टिकोणवाट व्याख्य गरिने हुनाले परिवर्तन सँधै सकरात्मक दिशातर्फ नै हुन्छ भन्न सकिदैन । परिवर्तनकै क्रममा परिवार र समुदायमुखी उत्पादन गर्ने स्थानीय स्तरको कृषिलाई निर्वाहमुखी कृषि प्रणाली भनिन्छ ।

जव मानिस फिरन्ते जीवनवाट स्थायित्व प्राप्त गरि कृषिमा व्यवस्थित रुपमा तल्लीन हुन थाल्यो त्यसपछि समग्र कृषि प्रणालीमा पनि परिवर्तन देखिदै गयो । यसैलाई आधार मानी नेपालको कृषिलाई पनि आधुनिक नेपालको एकिकरण पूर्व प्राचीनकालको कृषि र एकिकरण पछि आधुनिक कालको कृषि मानी कृषि विकासको क्रमलाइ दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) प्राचीन कालको कृषि प्रणाली

(ख) आधुनिक कालको कृषि प्रणाली

**(क) प्राचीन कालको कृषि प्रणाली :** नेपालको एतिहासिक कालखण्डलाई हेर्ने हो भने प्राचीन अवस्थामा विभिन्न प्रकारका कृषि प्रणाली कायम रहेको विभिन्न अध्ययनहरुले प्रष्ट पारेको छ भने कतिपय अवस्थामा खोज गर्न बाँकी पनि धेरै छन् । मानिसले आफ्नै प्रयासमा धेरै किसिमका कृषि संस्कृतिको विकास गरेको पाइन्छ । प्लिस्टोसिन कालको चिसो हावापानीको अन्त्यसँगै कृषिको सुरुवात भयो । जव तापक्रम बढ्यो हिउँ पग्लियो घाँसे जमीनहरु ठुलाठुला जंगलमा परिणत भए । यसवाट शिकार गर्न र खान जम्मा गर्नको लागि असजिलो वातावरण सिर्जना भयो त्यसपछि मानिसले विस्तारै आफ्नो बसोवास क्षेत्र वरिपरि कृषि कार्य प्रारम्भ गर्न थाले (दाहाल, २०६१:७४) ।

हामी सवैले नेपाललाई कृषि प्रधान देशको रुपमा लिएका छौ । नेपालमा माटो व्यवस्थापन तथा कृषि विकास कार्यक्रमको इतिहास खोतल्ने हो भने पौराणिक कालवाट नै सुरुवात गर्नुपर्ने हुन्छ । नेपालको माटो व्यवस्थापनलाई हेर्दा नेपाल उपत्यका नागदह नामक सरोवरको पेटमा थियो । हिन्दु जनश्रुति अनुसार कृष्ण र वौद्ध जनश्रुति अनुसार मन्जुश्रीले चोभारबाट पानीको प्रवाहमार्ग खोलेर काठमाण्डौको जमीन व्यवस्थापन कार्यको थालनी भएको मान्न सकिन्छ । नेपालमा गोपाल वंशी राजाहरुले राज्य गर्दा वस्तीको आवाद तथा पशुपालनले अग्रसरता लिएको पाइन्छ । महिषपालको समयमा भैसीपालन, किराँत र लिच्छविकालमा कृषि व्यवसायमा जोड दिइएको थियो भन्ने कुरा इतिहासवाट प्रष्ट हुन्छ । राजा अंशुवर्माको पालामा कुलो बनाइदिने, पशुपालन व्यवसायमा कर हटाइदिने जस्ता कामहरु भएको पाइन्छ । नरेन्द्र देवको पालामा पशुहरुको राम्रो स्याहारसुसार गर्नु पर्दथ्यो अन्यथा दण्डको भागि हुनुपर्ने अवस्था थियो । जयदेवका पालामा पानीको वाँडफाँड

कुलोपानीको व्यवस्था भएको पाइन्छ । सन् १९३७ मा श्री ३ महाराज चन्द्रशम्शेरको पालामा कृषि विकास वोर्डको स्थापना भयो । यसैवाट कृषि विकास कार्य सरकारी निकायको संचालनका आयो । बि. सं. १९५०।५१ मा कृषि विकास काउन्सिलवाट कृषि विभागको स्थापना भयो र अधिकार सहित कामको थालनी भयो । बि. सं. १९५१।५२ मा गोदावरीमा विरुवा परिचय एकाईको रुपमा Plant Introduction units को स्थापना भयो । त्यसपछि १९६० देखि १९६७ को बीचमा १४ वटा वागवानी केन्द्रको स्थापना भयो । बि. सं. १९७२, मा कृषि विभागको संरचना परिवर्तन भयो  र सन् १९९० मा नार्क (NARC) को स्थापना भयो । नार्क ले देशको आवश्यकतालाई मध्य नजर गर्दै अनुसन्धानको कामको थालनी गर्ने भयो भने कृषि विभागले कृषि प्रसारको कामको थालनी गर्‍यो । यसरी कृषिको थालनी परापूर्वक कालवाट हुदै आए पनि आधुनिक कृषि कर्मको अग्रसरता भने प्रजातन्त्रको बहाली पछि वि.सं २००७ साल पछिवाट मात्र अगाडि बढेको पाइन्छ (मझेरी डट.कम.२०७०।६।७) । भौगोलिक विविधताका कारण छरिएका वस्ती, पहाडी खोलानाला, यातायातको अभाव, विभिन्न कठिन परिस्थिति, कृषि योग्य जमीनको अभाव, कृषिका लागि सिंचाईको अभाव लगायत विभिन्न समस्या भएपनि कृषकहरु साँझ विहान चुल्हो तताउन झिसमिसे देखि गोधुँली सम्म प्रकृतिसँग हातेमालो गर्ने भएकाले नेपालका कृषकहरुले  परिश्रमीको उपाधी पाएका छन् । यसरी नै नेपाली कृषक कृषि कार्यमा संलग्न रहेको पाइन्छ (चालिसे २०४८:३५) ।

नेपालको आर्थिक इतिहासलाई हेर्दा किराँतकाल देखि नै भूमिको वर्गीकरण गरेको पाइन्छ । प्राचीन कालमा नै भूमिलाई गुठी, रैकर, जागिर तथा विर्ता भूमि व्यवस्थाहरु प्रचलनमा थिए । तर नेपालको राज्य एकिकरण पछि भूमि उपयोगका सन्दर्भमा अरु वढी विविधताहरु देख्न सकिन्छ । यस प्रकारका भूमि व्यवस्थाले समाजमा भू वितरणमा असमानता ल्याउनुका साथै राज्यालाई प्राप्त हुने कर समेतमा घाटा हुन गएका तथ्यहरु भेटिन्छन् । महेश चन्द्र रेग्मीको सन् १९७६ मा प्रकाशित नेपालमा भूस्वमित्व पुस्तकका अनुसार सन् १९५० सम्म भूमि व्यवस्थामा रैकर र गैर रैकर जग्गाको अंश बराबर थियो । उनका अनुसार नेपालमा रैकर जग्गा ५० प्रतिशत, विर्ता जग्गा ३६ प्रतिशत, गुठी जग्गा २ प्रतिशत, किपट जग्गा ४.० प्रतिशत र जागिर, राज्य र रकम जग्गा गरी ७.७ प्रतिशत गरी विभिन्न तहमा विभाजित थियो । यस अवस्थामा भूमि व्यवस्थामा देखिएका अव्यवस्थाहरु हटाउने प्रयत्नहरु भए ।यसै

शिलशिलामा वि.सं २०२१ सालमा भूमिसुधार कार्यक्रम थालनी भयो र त्यसपछि पनि भूमि व्यवस्थालाई व्यवस्थित गर्ने प्रयत्नहरु भए (आचार्य २०६२:१९४)।

नेपालको पुरानो इतिहास र सभ्यता नामक पुस्तकमा पुष्पराज चालिसे (२०४८:४६) भन्नुहुन्छ : खासगरी यहाँको जीवनशैलीले गर्दा नेपालीहरु अथक परिश्रमीको गिन्तीमा पुगे। छरिएको पहाडी वस्ती, हिमपात, पहाडी खोलानाला आदिको कारण तथा एक भागवाट अर्को भागमा बाह्रै महिना आवातजावत गर्न नसकिने कठिन परिस्थिति, यातायातको अभाव अनि कृषियोग्य भूमिको कमी एवं कृषिका लागि उपयुक्त भूमिमा पनि सिंचाइ सुविधाको अभाव जस्ता विविध कारणको कठिनाईको कारण यहाँका वासिन्दाका लागि जीवन नै एक चुनौति वनेर रहेको छ। नियमित रुपले चुल्हो तताउन आवश्यक एक मुठी चामल, एक मुठी पिठो जुटाउन र एक ढिको नुन जुटाउन विहानीको झिसमिसे देखि साँझ सम्म लेकवेसी अनि भिरपाखा एवं पहिरोमा नाची पुरै प्रकृतिसँग लाप्पा खेल्नुपर्ने अभ्यासमा हुर्किएका नेपालीहरु स्वतःअथक परिश्रमी जाति बनेका छन्।

## (ख) आधुनिक कृषि प्रणाली

समय परिवर्तनशील छ। परिवर्तित समयसँगै कृषि प्रणालीमा पनि विभिन्न किसिमका परिवर्तहरु देखा पर्दै गए। कृषिलाई आत्मनिर्भर र दिगो विकास गर्नको लागि विभिन्न बिचार, विमर्श, अध्ययन अनुसन्धान निरन्तर रुपमा भइरहेका छन्। तिनै खोजमुलक विषयवस्तु र कृषिमा देखिएका समस्यालाई विश्लेषण गर्न उपयुक्त कुराहरुलाई अध्ययन गर्ने प्रयत्न गरिएको छ।

कृषि क्रान्ति विना नयाँ नेपालको परिकल्पना अधुरो हुन्छ। विश्वका हरेक देशहरुको इतिहासलाई खोतलेर हेर्ने हो भने। राजनीतिक क्रान्तिको विश्रामसँगै आर्थिक क्रान्तिको सुत्रपात भएको पाइन्छ। अहिले नेपाल ऐतिहासिक र कठिन राजनीतिक यात्रालाई गुजार्दै अगाडी बढीरहेको छ। आर्थिक क्रान्तिको सुनिश्चितता विनाको राजनीतिक परिवर्तन अर्थहिन हुन्छ। यसकारण नेपालको परिवेशलाई विश्लेषण गर्ने हो भने आधुनिक र व्यवसायिक कृषि राष्ट्र निर्माणको दरिलो आधार बन्न सक्छ। आधुनिक कृषि विकासको लागि हावापानी, माटो आदिको राम्रो अनुसन्धान हुन आवश्यक हुन्छ। कुनकुन क्षेत्रमा कुनकुन किसिमको वीउ मल प्रयोग गर्दा उत्पादन बढाउन सकिन्छ र कृषकहरुको

जीवनस्तरमा सुधार गर्न सकिन्छ त भन्ने कुरामा विस्तृत रुपले अनुसन्धान हुन वाँकी नै छ । जसले गर्दा कृषिमा विकास हुन सकिरहेको छैन ।

कृषि अधिकांश नेपालीहरुको प्रमुख पेशा रहदै आएको छ । अज्ञानता, अशिक्षा र आधुनिक मल, वीउ, प्रविधि, औजारको अभावमा हाम्रो कृषि निर्वाहमुखी छ । तर केही परिर्वनका संकेतहरु भने नदेखिएका भने होइनन् । धेरै जना शिक्षित नेपाली युवाहरुले पनि ‘अव कृषि पेशालाई मर्यादित र व्यवस्थित पेशा बनाउनुपर्छ’ भन्ने अभियनका साथ अगाडी बढेको पाइन्छ । यसै सन्दर्भमा वी.वी.सी साझा सवाल कार्यक्रम मार्फत पनि धेरै नेपाली युवाहरुको उधमशीलताको कदर भएको पाइन्छ । जसमध्ये दाङका कृषक कर्म केसीले बाखापालन व्यवसाय सुरु गरि राम्रो आम्दानी गर्न थालेको, त्यसैगरी नेपाल कृषि अनुसन्धान कार्यालयमा जागिर गरेर अवकास लिएपछि काभ्रेका सुर्य प्रसाद पाण्डेले फलफुलहरुको राजा भनेर चिनिने किवी खेती सुरु गरि प्रशस्त आम्दानी लिन सफल, भएको साथै भारतसँगको व्यापार घाटा कम गर्न यसले सहयोग गरेको कुरा उल्लेख गरेको पाइयो । त्यसैगरी अन्य उद्यमी किसानहरुको सुचिमा पर्न सफल भएका किसानहरुलाई उनीहरुको कामको कदर गर्दै नाम लिनुपर्दा रुपन्देहीको गंगोलियमा १  हजार भन्दा बढी अष्ट्रिच पालक किसान सी.पी शर्मा, कामधेनु गाइ फारमका संचालक गोर्खा च्याङलीका राजेन्द्र राज पन्त, पोखरामा व्यवसायिक रुपमा च्याउ खेती गर्दै आउनु भएका पृथ्वी नारायण क्याम्पसका प्राध्यपक एवं कृषक टिका अर्याल, पर्वत देउपुर गा.वि.स.का मौरी पालक किसान देवी प्रसाद तिमिल्सिना लगायतका सफल कृषकहरुको अनुभवहरुलाइ समेटेर तयार पारिएको साझा सवाल कार्यक्रमका केही विषयवस्तुहरु वास्तवमा एकदमै मुल्यांकन योग्य रह्यो । जतिपनि ती कृषकहरुका अनुभवहरुले युवाहरुलाई कृषि पेशामा संलग्न भई देशको समग्र विकासमा टेवा दिन र कृषिलाई मर्यादित र व्यवस्थित बनाउन प्रेरणा दिने देखियो र साथमा सरकारले पनि कृषि विमा, पशु विमा, लगायतका अन्य सेवा सुविधा र प्रोत्साहनमा विशेष नीति बनाई कार्यन्वयनको पक्षमा विषेश जोड दिनुपर्ने भयो  (वी.वी.सी ,साझा सवाल,एपीसोड :२७९) ।

नेपालको अन्तरिम संविधान २०६३ का अनुसार राज्यले किसानलाई प्रोत्साहन गरि कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाको सिर्जना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ । देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिइ सामाजिक न्यायको आधारमा

आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, वर्ग, लिंग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक शोषण हुन नपाउने गरी आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिइ राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मुलभुत उदेश्य हुनेछ ।

सरकारले आगामी आर्थिक वर्ष बि.सं. २०७०।७१ का लागि कृषि क्षेत्रमा साढे २१ अर्व बरावरको रकम विनियोजन गरेको छ । कृषि क्षेत्रमा छुट्याएको बजेटमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषि क्षेत्रको आधुनिकिकरण गर्ने, व्यवसायीकरण तथा बजारीकरण गर्ने लगायतका कुरामा जोड दिएको छ । त्यस्तै प्रांगारीक र रासायनिक मल, वीउ, प्रविधि र यान्त्रिकरणका लागि अनुदान दिन रु ६ अर्व ७ करोड विनियोजन गरिएको छ । खाद्यान्न न्यून हुने २६ दुर्गम जिल्लामा मल र वीउ ढुवानीमा दिदै आएको अनुदानलाई पनि निरन्तरता दिइएको छ । त्यस्तै कृषिमा व्यवसायिक लगानी आकर्षित गर्न, सिंचाई, कृषि सडक उर्जा, प्रशोधन केन्द्र र शीतघर निर्माणका लागि पनि वजेट व्यवस्था गरेको छ । कृषि क्षेत्रको अनुसन्धानका लागि १ अर्व ७५ करोड रुपैयाको व्यवस्था गरिएको छ । कम्पोष्ट मल उत्पादन र गोठ सुधार कार्यक्रमलाई ४० जिल्लामा विस्तार गर्ने योजनालाई पनि वजेटमा उल्लेख गरिएको छ । त्यस्तै तराइमा सञ्चालन भइरहेको मकै उत्पादन अभियानलाई १६ जिल्लामा विस्तार गरिने उल्लेख गरिएको छ । प्याजको सुरक्षित भण्डारणका लागि बुटवल र नेपाल गञ्जमा भेन्टिलेटर शीतघर निर्माण गर्न तथा नीजि तथा सहकारी संस्थालाई ५० प्रतिशत सम्म पूँजीगत अनुदान दिने व्यवस्था गरिएको कुरा पनि वजेट भाषणमा उल्लेख गरिएको छ । सुन्तलाको उत्पादन वृद्धि गर्न मध्यपश्चिमका ८ जिल्लामा सुन्तला बगैचा सुदृढिकरण अभियान र पूर्वका ६ जिल्लामा अलैची खेतीमा देखिएको रोगको उन्मुलनका लागि किसानलाई सहयोग पुर्याउन वजेटमा उल्लेख छ । त्यस्तै विभिन्न जिल्लामा सञ्चालनमा रहेको तरकारी उत्पादन पकेट कार्यक्रमलाई विस्तार गरिने, मौरीपालक किसानलाई तालिम तथा मौरी घार उपलव्ध गराउने लगायतका योजनालाई पनि सरकारले बजेटमा उल्लेख गरेको छ । सन् २०२० सम्ममा नेपालवाट खोरेत रोगको उन्मुलन गर्ने, पशुको व्यवसायिक उत्पादन बढाउन स्रोत केन्द्रको स्थापना गर्ने तथा गैर खाद्यान्नमा आधारित पशु आहार उत्पादन गर्न फरेज कार्यक्रमलाई २५ जिल्लामा विस्तार गरिने

बजेटमा उल्लेख गरिएको छ । एक गाउँ एक उत्पादन कार्यक्रमलाई २१ जिल्लामा बढाएर ३२ जिल्लामा विस्तार गर्ने, साना तथा सहकारी सिंचाई कार्यक्रमलाई ७५ जिल्लामा विस्तार गरिने, तराई तथा मध्य पहाडमा माछा उत्पादनका लागि थप ४ सय ७० हेक्टरमा ३ हजार पोखरी निर्माणका लागि किसानलाई अनुदान दिने, व्यवसायिक कृषिमा युवाहरुलाई आकर्षित गर्नको लागि तालिम, प्रविधि र वीउ पूँजीको व्यवस्था सहित युवा लक्षित कार्यक्रम संचालनमा ल्याउने बताइएको छ । फलफूल, तरकारी तथा पशुको व्यवस्थित विक्रिका लागि १०० स्थानमा सहकारी र सामुदायिक संस्थाको सहभागिता कृषि उत्पादन संकलन केन्द्र तथा थोक बजारको स्थापना गर्ने लक्ष्य छ । कृषकहरुलाई प्रोत्साहन गर्न राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार स्थापना गरिने पनि वजेटमा उल्लेख गरिएको छ । त्यस्तै सरकारले वर्डफ्लुवाट प्रभावित किसानलाई राहत दिन ५ करोड रुपैयाँको क्षतिपूर्ति कोषको स्थापना गर्ने जनाएको छ । सरकारले खाद्यान्न प्रवर्द्धनका लागि मध्य तथा सुदुर पश्चिमका १९ जिल्लामा कृषि तथा खाद्या सुरक्षा आयोजना र रुकुम, रोल्पा, सल्यान, प्यूठान, अर्घाखाँची र गुल्मी जिल्लामा उन्नत विउ विजन कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । बजेटमा उपभोक्ताको स्वच्छ र पोषणयुक्त पदार्थ खान पाउने अधिकार सुनिश्चित गर्न खाद्य उद्योग, होटल रेष्टुरा र बजारको नियमित निरिक्षण र अनुगमन गरिने कुरालाई पनि उल्लेख गरिएको छ ।

नेपालको कृषि आकाशे पानीमा निर्भर हुँदा व्यवसायिकतातर्फ रुपान्तरण भएको छैन । नेपालको दिगो आर्थिक विकासको धेरै चर्चा परिचर्चा हुने गरिएतापनि व्यवहारमा लागु भएको छैन । धेरै जनता कृषिमा निर्भर भएकाले कृषिमा आधुनिकीकरण गर्नू आवश्यक छ । यदि यसो गर्न सकिएन भने सम्पूर्ण विश्वमा नै खाधान्न संकट लगायत भोकमरीको अवस्था सिर्जना हुनसक्ने निश्चित प्राय छ । सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा खाधान्नको हाहाकार पर्न थालिसकेको छ । नेपालमा गरिने कृषि परम्परागत छ । धरातलीय बनोट, सिंचाइको अभाव, बजार, यातायतको अभाव, आधुनिक प्रविधि र तालिमको अभावले गर्दा कृषि उत्पादनमा बढाउन सकिएको छैन ।

विगतमा कृषि क्षेत्रमा अनेको समस्या आइपरे । खेतीको समयमा मल तथा बीउको अभाव, सिंचाइको अभाव, विभिन्न रोगका कारण बालीनाली सखाप भएका, कमसल वीउविजनका कारण उत्पादन नै नभएको जस्ता धेरै समस्याले नेपाली किसान छटपट्यइ रहेका छन् तर

ती पीडित किसानहरुलाई राहत दिने वा क्षतिपूर्ति दिने सवालमा कुनै राजनीतिक दलहरुले चासो देखाएका छैनन् । विगतमा मकैमा घोगा नलागेका कारण करोडौको क्षति भोगेका तराईका किसानलाई राहत वा क्षतिपूर्ति दिने काममा राज्यलाई मनाउन कुनै राजनीतिक दलले कुनै पहल गरेनन् । हालसालै देशका विभिन्न ठाउँमा बर्डफ्लुका कारण कुखुरा मरेका र मारिएकाले अर्वौको नोक्सान हुँदा किसानहरु मर्माहत भए । रोग निवारणको नाउँमा राज्यले किसानका हाँस, कुखुरा तथा चल्ला भटाभट नष्ट गर्‍यो तर बजार मूल्य अनुसार त्यसको क्षतिपूर्ति नदिँदा किसानहरुले अरबौंको घाटा सहनुपर्‍यो । कसैकसैको व्यवसाय नै चौपट भयो । त्यस्तो अवस्थामा पनि किसानलाई सान्वना दिने र राहत क्षतिपूर्ति दिने वा दिलाउने काममा सघाउन कुनै पनि राजनीतिक दलले कुनै चासो लिएनन् । धानको बोटमा रोग लागेर उत्पादन शुन्य भएर काभ्रे, भक्तपुर लगायतका देशमा विभिन्न ठाउँका हजारौ किसान थाप्लामा हात राखेर बस्दा 'चिन्ता लिनुपर्दैन, तिमीहरुका लागि हामी केही गर्छौं ' कुनै राजनीतिक दलहरुले भनेनन् नत राज्यले नै चासो देखायो । खेती गर्ने अधिकांश किसानको आफ्नो जमिन नभएको र धेरै जमिन भएका जमिनदारले आफै खेती नगर्ने अहिलेको विषम परिस्थितिमा किसानको आफ्नै स्वामित्वमा जमिन नभएसम्म कृषि क्षेत्रको विकास गर्ने राजनीतिक प्रतिवद्धताले मात्रै खासै महत्व राख्दैन । त्यसैले चुनावको मुखैमा आएर राजनीतिक दलहरुले कृषिको विकासका लागि भनेर गरेका प्रतिवद्धताहरुलाई सपनाको खेतीका रुपमा मात्रै लिनु उचित हुनेछ । गाडी किन्न १० प्रतिशत व्याजमा कर्जा पाइने तर भैंसी किन्न कर्जा लिँदा २० प्रतिशतसम्म व्याज तिर्नुपर्ने व्यवस्थालाई अन्त्य गर्नुपर्ने भएको छ । अहिलेको अवस्थामा राजनीतिक दलहरुले कृषि विकासका लागि चुनावको मुखमा कागजी प्रतिवद्धताहरु मात्रै जनाएर पुग्दैन, त्यस्ता प्रतिवद्धताहरुलाई पुरा गर्न सँधै तत्पर रहनुपर्छ । किसानका समस्या सुनिदिन र बुझिदिन अनि सो-अनुरुप कार्य गर्न दलहरु सँधैभरि तयार र तत्पर रहेमात्रै कृषि क्षेत्रको वास्तविक विकासमा सघाउ पुग्न सक्नेछ । यसका साथै नेपालमा कामै छैन भन्दै विदेशपलायन हुने कृषि बैज्ञानिकहरुलाई नेपालमै रोकी कृषिको क्षेत्रमा नयाँ-नयाँ अनुसन्धान तथा विकास गरी कृषि क्षेत्रलाई आधुनिक प्रविधियुक्त बनाउन र कृषि पेशालाई घृणा गरी वैदेशिक रोजगारीमा हान्निने युवालाई कृषि पेशामै इज्जतका साथ रमाउने वातावरण सिर्जना गर्न पनि राजनीतिक दलहरुले भूमिका

निर्वाह गर्न सक्नुपर्छ । अनिमात्रै साँच्चै मुलुकमा कृषि क्षेत्रको विकास हुनेछ (कारोवार दैनिक,8 November 2013) ।

माथिका भनाइहरुको आधारमा नेपालमा प्राचीनकाल देखि नै कृषि कार्य निरन्तर रुपमा गर्दै आएको कुरा प्रष्ट हुन्छ । मानव सभ्याताको विकास सँगै नेपालमा वस्ती बसोवास र कृषिको सुरुवात भएको पाइन्छ । प्राचीनकालमा पनि नेपालको अर्थतन्त्रको मुल आधार कृषि नै थियो । कृषि उत्पादनलाई बढाउनको लागि धेरै प्रयासहरु भएका पनि थिए । सुरुमा मानिसले परम्परागत पद्दतीलाइ अवलम्वन गरि कृषि कार्य अगाडि बढाएका थिए । त्यस समयमा कृषिको उत्पादन अत्यन्त राम्रो थियो । अरुण उपत्यका लगायत काठमाण्डौका मलिला फाँटहरुमा खेतीपाती गर्थे । कृषिमा राम्रो उत्पादनको कारणले त्यस समयका मानिसहरु सुखि र सम्पन्न थिए । प्रचीन कालमा नेपालका विभिन्न राज्यहरुले धान, गहु, मकै, कोदो आदीको उत्पादन बढाउन स्थानीय स्तरमा कुलो, पोखरी र इनारको व्यवस्था गरिएको थियो । करका रुपमा राज्यले धेरै अन्नवाली समेत प्राप्त गर्ने गर्दथे ।

मध्यकालमा कृषिमा निकै सुधार आएको थियो । कृषि उत्पादन राम्रो हुने राज्यहरु नै शक्तिशाली कहलाउँथे । कृषि नै राज्यको आम्दानीको प्रमुख स्रोत थियो । मध्यकालमा नेपालको पहाड, तराई र हिमाली क्षेत्रमा कृषि उत्पादन, पशुपालन असाध्यै राम्रो थियो । राज्यले पनि पशुपालन र कृषिलाई बढावा दिनको लागि अल्पकालिन र दीर्घकालीन योजनाहरु अगाडि सारेको थियो । राज्यहरु आफ्नो उत्पादनमा आत्मनिर्भर थिए । सिंचाइका लागि कुलो नहरको व्यवस्था र विक्रिका लागि बजार भएकोले मध्यकालको कृषि उत्पादन नेपालको इतिहासमा नै उल्लेखनिय रहि आएको छ ।

अर्कोतर्फ आधुनिक कालमा आएर नेपालको एकिकरण अभियानसँगै नेपालको कृषि व्यवस्थामा पनि निरन्तर परिवर्तन हुँदै गयो । पृथ्वीनारायण शाहले कृषि उत्पादनमा जोड दिने उद्देश्यले "खेती हुने ठाउँमा कुलो काटी खेती लगाउनु, कुनै पनि जमीन खाली वा बाँझो नराख्नु" भन्ने उर्दी नै जारी गरी कृषि उत्पादनमा जोड दिएका थिए । राणा शासन कालमा चन्द्रनहर र जुद्धनहरको निर्माण गरिए तापनि कृषि उत्पादनमा खासै सुधार गर्ने प्रयास गरिएन । आफ्नो परिवारको सम्पति बढाउनमा राणाहरुको नै ध्यान केन्द्रित रह्यो । विर्ता जग्गालाई आफ्नो इच्छा अनुसार प्रयोग गरे द्रुतरुपमा वनविनाश भयो । भारतीय कृषि उत्पादन काठमाण्डौ उपत्यका लगायत देशको विभिन्न स्थानसम्म भित्रिन थाल्यो । देश

क्रमश परनिर्भर वन्दै गयो । सिंचाइको अभाव, आधुनिक औजारको अभाव, बाढी पहिरो, मलखादको अभाव, परम्परागत प्रविधिको कारणले गर्दा दिनप्रतिदिन कृषि क्षेत्र कमजोर र धरासायी वन्दै गयो जसले गर्दा देशको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषिको दयनिय अवस्था सिर्जना भयो ।

नेपालको कृषि निर्वाहमूखी छ । त्यसैले अधिकांश खाद्यान्न बालीको उत्पादन भएपनि कृषिलाई व्यवसायिकरण गर्न सकिएको छैन । कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन नसक्दा देशको बढ्दो जनसंख्यालाई खाद्यान्न आपूर्ति गर्न आत्मनिर्भर हुन सकेको छैन । सम्पूर्ण विश्वमा खाद्यान्नको अभाव सिर्जना हुन थालेको छ । यदि उचित उत्पादन बढाउन सकेन भने सम्पूर्ण विश्वमा बढ्दो खाद्यान्न अभावले हामीलाई पनि असर पार्छ । उचित समयमा उत्पादन बढाउन सकिएन भने भोकमरीको समस्या देखापर्ने निश्चित छ । नेपालको मध्य पश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका पहाडी हिमाली जिल्लामा हरेक वर्ष खाद्यान्नको हाहाकार पर्दछ । नेपालमा गरिने कृषि परम्परागत छ । यहाँको धरातलीय स्वरुप, सिंचाइको अभाव, बजारको अभाव, बजारको अभाव, यातायातको अभाव, आधुनिक प्रविधि र तालिमको अभावले गर्दा कृषि उत्पादन बढाउन सकिएको छैन यसरी समग्र अध्ययनको आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने नेपालको कृषि ह्रासोन्मुख अवस्थामा छ । यसको विकास नगरी राष्ट्र विकासको परिकल्पना समेत गर्न सकिदैन । राष्ट्र विकासको थालनी केन्द्रवाट वा सुविधा सम्पन्न ठाउँवाट होइन की गाउँ-गाउँवाट सुरु गर्नुपर्छ । गाउँको विकास गर्न कृषिमा सुधार अनिवार्य मानी लमजुङ जिल्लाका सिंदुरे गा.वि.स.का निर्वाहमूखी कृषि प्रणालीका वारेमा अध्ययन गर्ने जमर्को गरिएको छ । अध्ययन क्षेत्रको सामाजिक, सांस्कृतिक लगायत आर्थिक अवस्थाको अध्ययन गरिएकाले यसको वास्तविकताको नजिक पुग्नेछ भन्ने विश्वास गर्न सकिन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनैपनि अनुसन्धान कार्यमा अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो उद्देश्य उन्मुख हुन अति आवश्यक छ । अनुसन्धानको विश्वासनियता र प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित र वैज्ञानिक विधिबाट गरिन्छ, र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमको अनुसन्धान विधिको प्रयोगबाट वास्तविक गहिराइ र ठोस उपलब्धि पत्ता लगाउन सकिन्छ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइदैन, घटनाको प्रकृति हेरेर विधिको छनौट गरिन्छ । त्यही विधि अबलम्बन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ । अनुसन्धानबाट समस्याको सही कारण पत्ता लागेमा त्यसको समाधानमा सम्भाव्य विकल्पहरू खोजि गर्न सजिलो हुन्छ ।

दुरा कृषकहरुको निर्वाहमुखी कृषि प्रणालीको अवस्था अध्ययन गर्नका लागि प्रस्तुत अनुसन्धान विश्लेषणत्मक तथा वर्णानात्मक स्वरूपको रहेको छ । सो सम्बन्धित क्षेत्रका कृषकहरूको बारेमा यो भन्दा अगाडि अध्ययन नगरिएकाले यो अध्ययन समग्रमा आर्थिक, सामाजिक, सांस्कृतिक, पेशा, परिवार, भु-भाग, जैविक विविधता लगायतका अन्य विविध पक्षहरूलाई समेट्न पर्ने भएकाले अनुसन्धानका विभिन्न पद्धतिलाई अंगिकार गरिएको छ ।

## ३.२ अनुसन्धान पद्धति

यस अध्यायमा शोध पत्र तयार गर्नको लागि कुन कुन विधि अपनाउने भन्ने बारे व्याख्या गरिएको छ । अध्ययनको क्षेत्र छनौटको बारेमा प्रष्ट पारिनुका साथै अनुसन्धान ढाँचा अध्ययनको सीमा जस्ता विषयलाई समावेश गरिएको छ ।

यस अध्ययनमा विषेशगरी निर्वाहमुखी कृषि प्रणालीलाई केन्द्रित गरिने छ । लमजुङ जिल्लाका सिंदुरे गा.वि.स.का तुर्लुङ, मकैस्वाँरा, भाँगु, ठुलोस्वाँरा लगायतका कृषकहरुको

समस्याको वास्तविक पहिचान, किसानको हितका साथै कृषि प्रणालीमा सुधार ल्याउनका लागि महत्वपूर्ण सावित हुनेछ भन्ने उदेश्यले निर्वाहमूखी कृषि प्रणाली सम्वन्धि विषयलाइ छानिएको हो । ती गाउँका कृषकहरुले अहिलेको अवस्थासम्म अपनाउँदै आएका कृषि प्रणाली त्यसका समस्या, चुनौतीहरु पहिचान गरी सम्भावनाहरुको खोजी गरिनुपर्छ भन्ने उदेश्यले अध्ययन तथा अनुसन्धान गरिएकोछ । यस अध्ययन तथा अनुसन्धानका लागि आवश्यक विधिको बारेमा वर्णन गरिएको छ । यस अनुसन्धानको लागि निम्न अनुसन्धानका विधिहरूका माध्यमबाट आवश्यक तथ्याङ्कहरू संकलन गरिएको छ ।

## ३.३. अध्ययन क्षेत्रको छनौट

यस अध्ययनको क्षेत्र अन्तर्गत गन्डकी अञ्चल लमजुङ जिल्लाका ६१ गा.वि.स मध्ये सिंदुरे गा.वि.स.का तुर्लुङ,मकैस्वाँरा, भाँगु, ठुलोस्वाँरा लगायतका गाउँहरुलाई लिइएको छ । यो गा.वि.स.मा ब्राह्मण, क्षत्री, दुरा, गुरुङ, मगर, वि.क., परियार सार्की आदी जातिहरु बसोबास गर्दछन् । यी जातिहरु मध्ये यस अध्ययनमा दुरा जातिका कृषकहरुको अवस्था के कस्तो छ ? त्यो कुरा जान्ने उत्सुकता हुनाका साथै ती जातिका कृषकहरूको दैनिक जीवनमा कृषि सम्वन्धि ज्ञानको अभाव कति खड्की राखेको छ ? भन्ने बारे अध्ययन गर्नको लागि यो क्षेत्रको छनौट गरिएको हो । यी गाउँहरुलाई नै अध्ययन क्षेत्र छनौट गर्नको कारण निम्नानुसार छन्:

(क) यी गाउँहरुमा बसोबास गरिरहेका दुरा कृषकहरुको बारेमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान नहुनु ।

(ख) यी गाउँहरुमा बसोबास गर्ने जातिहरूमध्ये दुरा जातिहरुको कृषिमा वढी संलग्न भएपनि खासै सन्तोषजनक अवस्था नदेखिएको ।

(ग) यी गाउँहरुका कृषकहरुसँग शोधकर्ता विशेष परिचित हुनु ।

## ३.४ तथ्याङ्कको स्रोत एवं प्रकृति

यस अध्ययनमा समेटिएका तथ्याङ्कको प्रकृति गुणात्मक र संख्यात्मक ढाँचाका रहेका छन् भने तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका निम्ति मुख्य गरेर प्रश्नावली, अनुसूची, अन्तर्वाता व्यक्तिगत अध्ययन र

अवलोकन पद्धति अपनाइएको छ । द्वितीय तथ्याङ्क संकलन गर्न अन्य पूर्व प्रकाशित पुस्तक पत्र पत्रिका आदिको सहायता लिइने छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

कुनैपनि अध्ययन अनुसन्धान गर्दा तथ्याङ्कको बढी आवश्यकता पर्दछ । तथ्याङ्क विना अध्ययन कर्ताले सफलता हात पार्न सक्दैन तसर्थ अध्ययनको उत्कृष्ट परिणामका लागि त्यस अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन विधिमा निर्भर गर्दछ । साथै आवश्यकता अनुसार ठीक तथ्याङ्क सङ्कलन गर्नको लागि सही तथ्याङ्क विधिको छनौट अति आवश्यक पर्दछ । तसर्थ यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरिरहेका त्यहाँका बासिन्दाहरूसँग आत्मियता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । तथ्याङ्क सङ्कलनको लागि यस अध्ययनमा प्रश्नावली अन्तवार्ता व्यक्तिगत अध्ययन र अवलोकन जस्ता विधि प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तवार्ता

यस अध्ययन विधिमा अन्तवार्ताको महत्वलाई दृष्टिगत गरी यस अध्ययनमा निर्वाहमुखी कृषि प्रणालीमा ३० वर्ष भन्दा लामो अनुभव भएका कृषकहरुलाई संलग्न गराइ उनीहरुका अनुभवलाई नै विश्वासनिय आधार बनाइ सम्बन्धित तथ्याङ्कहरू संकलन गर्न यो पद्धति अपनाइन्छ । कृषि क्षेत्रमा दुरा जातिका कृषकहरुको स्थिति पहिले र अहिलेमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा बुझ्न दुरा कृषकहरुसँग अन्तरवार्ता लिइएको छ । यस प्रकारको समुदायमा आधारित तथ्याङ्क सङ्कलन गर्नको लागि दुरा समुदायका ७० घरधुरी मध्ये नमुना संकलनका लागि प्रत्येक घरधुरीहरुका सदस्यहरुलाई तिनीहरुको सामाजिक, आर्थिक स्थिति, बालीनाली लगाउने तरिका, बालीका प्रकार, उत्पादनको मात्रा, पशुपालनको स्थिति, कृषि ऋणको व्यवस्था, कृषि सम्वन्धि समस्याको अवस्था बुझ्ने उद्देश्य लिइ खुल्ला र वस्तुगत प्रश्न बनाइ अन्तर्वाता लिइएको छ ।

### ३.५.२ व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य पनि समग्रमा मुल उद्देश्यलाई अझ छर्लङ्ग र प्रष्ट पार्नको लागि हुन्छ । यस अध्ययनमा निर्वाहमुखी कृषि प्रणालीको अवस्था र वास्तविकताको खोजि गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा नितान्त कृषि पेशालाई प्रमुख बनाएका कृषकहरुको मात्र अध्ययन गरिएको छ ।

### ३.५.३ अवलोकन

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरू व्यक्ति स्वयं नै अध्ययन क्षेत्रमा गइ आफ्नै कानले सुनेर देखेर महसुस गरेर तथ्याङ्क सङ्कलन गर्ने विधिलाई सहभागी अवलोकन विधि भनिन्छ । यसै सन्दर्भमा नमुना छनौटमा परेका घरपरिवारको वातावरण, कृषि वालीका प्रकारहरु, वालीको अवस्था, पशु वस्तुको संख्या, घरगोठको अवस्था, लवाइखवाइ, रहनसहन चालचलन आदिको अवलोकन स्वयं सोधकर्ताको प्रत्यक्ष प्रयासवाट गरिएको छ । यस प्रकारको तथ्याङ्क सङकलन विधिबाट बढि भरपर्दो सही औचित्यपूर्ण सत्य तथ्यको ज्ञान प्राप्त गर्न सकिने विश्वास गरिएको छ । किनभने अध्ययन कर्ताले आफुले देखेका सुनेका तथा अनुभव गरेका कुराहरूको आधारमा तथ्याङ्क सङ्कलन गर्दछ ।

## ३.६ समग्र र नमूना छनौट

प्रस्तुत अनुसन्धान प्रयोजनका लागि सिंदुरे गा.वि.स.का दुरा समुदायका कृषकहरुको घरधुरी सर्वेक्षण गरि कृषिसँग सम्वन्धित जम्मा ३३६ घरधुरी मध्ये ३० वर्ष देखि निरन्तर रुपमा कृषि कार्यमा संलग्न ७० घरधुरीलाई मात्र समेटिएको छ यिनै घरधुरी मध्येवाट स्तरीकृत नमुना छनौट पद्धती अनुसार अध्ययन क्षेत्रलाई सवैको प्रतिनिधित्व हुनेगरि सहभागि छनौट गरिएको छ । अनुसन्धान कर्तालाई अध्ययन क्षेत्रको समग्र सम्बन्धी पूर्व जानकारी भएकोले यस विधिलाई अपनाइएको हो ।

## ३.७ साधनको वैधता

अनुसन्धानका क्रममा निर्माण गरिएका सामग्रीहरू र उद्देश्यहरूको पुष्टि भए नभएको आधारलाई वैधता भनिन्छ । अनुसन्धानका क्रममा लिइएको प्राथमिक द्वितीय स्रोतहरूबाट प्राप्त सुचनाले अनुसन्धानको उद्देश्यलाई पुष्टि गर्न सकेको छ कि छैन । त्यसको स्पष्टताको

लागि अपनाइएको अनुसन्धान प्रक्रिया उद्देश्यपूर्ण भएमा अनुसन्धानका अधिनमा भएको वैद्यता मानिन्छ । यस शोधपत्रमा गुणात्मक शैलिमा समस्याको समाधान गर्नका लागि तथ्याङ्क सङ्कलनका तोकिएका साधनहरू प्रयोग गरिने छ । उक्त साधनहरू शोधकर्ता आफै उपस्थित भई सङ्कलन गर्ने हुनाले र द्वितीय तथ्याङ्कको साधनहरू पनि सकेसम्म प्रमाणित र प्रमाणिकरणका आधारमा लिइने हुनाले तथ्यगत सूचनाहरू प्राप्त गरिएको छ । यदि पूर्वाग्रह र विभिन्न संकोचका बाबजुद पनि साधनहरूबाट आएको तथ्य सूचनालाई व्याख्या गरी समस्या समाधान गर्न क्रममा तिनीहरूमा भएको वैद्यतालाई स्पष्ट गर्नको लागि सकेसम्म गल्तिहरूलाई न्यूनिकरण गरि समस्यालाई स्पष्ट पारिने छ । अनुसन्धान कार्यमा प्रयोगमा वी.वी.सी, साझा सवालवाट आएको साधनको निर्ष्कष र समस्याको वास्तविकतालाई तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण खण्डमा आवश्यकता अनुसार त्रिकोणात्मक सम्बन्ध स्थापित गरि स्पष्ट पारिने छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण


कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुती करणमा भर पर्दछ । तसर्थ ती गाउँहरुमा बसोबास गर्ने कृषकहरुको सामाजिक, आर्थिक, सांस्कृतिक आदि विभिन्न पक्षको अध्ययनको लागि संकलित तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरि विश्लेषण गरिने छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले तालिकिकरण स्तम्भ चित्र र वृत्तचित्रद्वारा स्पष्ट पारिएको छ । आवश्यक अनुसार तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

यस अध्ययनमा  अध्ययनको विषयको  गहिराइ र प्रस्तुत विषयको तुलनात्मक बोधका लागि अध्ययन क्षेत्रको संक्षिप्त परिचय,सामाजिक स्थिति, सांस्कृतिक अवस्था, कृषि प्रसार पद्दतिका विकसित ढाँचाहरु, कृषिका परिवर्तित ढाँचाका प्रकार, कृषि, किसान र अन्य निकाय विचको सम्वन्ध, दुरा जातिले मनाउँदै आएका चडपर्व र कृषि विचको सम्वन्ध, कृषि प्रणाली र रैथाने कृषि संस्कार विचको सम्वन्ध, कृषि प्रणाली र दुरा जातिका सामाजिक परम्परा विचको सम्वन्ध र जीविकोपार्जन कृषि प्रणालीवाट बजारमूखी उत्पादनमा विविधिकरण जस्ता विषयवस्तुहरुको वारेमा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

### ४.१ लमजुङ जिल्लाको संक्षिप्त परिचय




नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलका ६ वटा जिल्लाहरु मध्ये एक ऐतिहासिक महत्व रहेको लमजुङ जिल्ला भौगोलिक रुपमा मध्य पहाडी क्षेत्र देखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएर रहेको छ । नेपालकै झण्डै बीच भागमा पर्ने जैविक विविधताको धनी र पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिएकोछ । दुरा, गुरुङ लगायतका

जातिहरुको विषेश बाहुल्यता रहेको यस जिल्ला ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वको हिसावले प्रमुख स्थानमा रहेको छ ।

लमजुङ जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने पहाडी जिल्ला हो । नेपाल अधिराज्यको झण्डै विच भागमा पर्ने यो जिल्ला गण्डकी अञ्चल भित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १६९२ वर्ग किलो मिटर रहेको छ । यस जिल्ला २८ डिग्री ३'१९" देखि २८ डिग्री ३०'३८" उत्तरी अक्षांस र ८४ डिग्री ३८'१०" पूर्वी देशान्तरको विचमा रहेकोछ ( भट्टराई, २०५८:३७) ।

यस जिल्लाको पूर्वमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ जिल्ला पर्दछन् । यस जिल्लाको विच भागमा बहने मर्स्याङदी नदीले जिल्लालाई दुई भागमा विभाजन गरेको छ । नेपाल एकीकरण हुनुपूर्व गोर्खाका राजा द्रव्य शाह पिता नरभूपाल शाहद्धारा शासन गरिएको यस जिल्ला तत्कालिन चौविसे राज्यहरु मध्ये शत्तिशाली राज्य मानिन्थ्यो (भट्टराई, २०५८:४१) ।

यो जिल्ला समुन्द्री सतह देखि ३८५मीटर देखि ८१६२ मिटरको उचाइमा फैलिएको छ । यस जिल्लाको झण्डै ५० प्रतिशत भूभाग (८४२ वर्ग किलोमिटर) बुट्यान र जंगलले ओगटेको छ । यस जिल्लामा उष्ण समशीतोष्ण र शीतोष्ण हावापानी पाइन्छ । हावापानीको विविधताले गर्दा यस जिल्लामा पाइने वनस्पति र जनावर जीवजन्तुमा पनि विविधता रहेकोछ । यस जिल्लाको उत्तरी भूभागको कोणधारी जंगलमा धूपी जस्ता प्रजाती पाइन्छ भने निरमसी, लोठ सल्ला, जटामसी, पाँचऔले, लालीगुराँस, बुड्की विष्ठ, पदमचाल जस्ता जडिवुटीहरुको पनि धनी छ । जिल्लाको दक्षिण भागमा बेशी तथा ठूला टारहरु रहेका छन् । जहाँ धान, गहुँ, मकै, कोदो, अदुवा, मास, तोरी, फापर जस्ता अन्नवाली लगाइन्छ भने फलफूलमा आँप, केरा, कटहर, सुन्तला, निवुवा, कागती, भूईंकटहर, उखु आदि उत्पादन गरिन्छ । जंगलमा खासगरी साल, कटुस, चिलाउने, बाँस, हर्रो, बर्रो आदि पाइन्छ । वन्यजन्तुमा बाघ, भालु, चितुवा, स्याल, खरायो, मृग आदि पाइन्छ भने पंक्षीमा ढूकर, सुगा, मैना, न्याउली, लाँहचे, लाटोकोसेरो, चिवे, रानीचरा, लामपुच्छ्रे,कालिज, डांग्रे, बनकुखुरा आदि पाइन्छ । यस जिल्ला पर्यटकिय दृष्टिकोणवाट पनि आकर्षक जिल्लाको रुपमा चिनिदै आएकोछ । यस जिल्लाको भौगोलिक, सांस्कृतिक, सामाजिक विविधताले गर्दा पर्यटकहरुलाई लोभ्याउन सफल भएकोछ ।

## ४.२ अध्ययन क्षेत्रको सामाजिक स्थिति

एतिहासिक पृष्ठभूमि बोकेको लमजुङ जिल्लाको ६१ गा.वि.स. मध्ये सिंदुरे गा.वि.सले विषेश महत्व बोकेको छ । ऐतिहासिक प्रमाणको आधारमा, शाहावंशिय राज्य स्थापनाको सुदुर इतिहास देखि हलो क्रान्ति र शैक्षिक क्रान्तिको निकटतम् इतिहासलाई काखी च्यापेर अगाडि बढेको यो स्थान । गाउँ विकास समितिको वडा नं. १ देखि ९ सम्म बसोवास गर्ने जनताहरुको सुविधालाई मध्यनजर गर्दे सदरमुकाम वेसिशहर देखि सिउँडीवार, सुन्दरवजार खत्रीठाँटी, चन्द्रपाटा हुदै साढे दुइ घण्टाको बस यात्रा पछि पुग्न सकिन्छ ।

यस गा.वि.सका तुलुङकोट, भाँगु, मकैस्वारा, ठूलोस्वाँरा लगायतका गाउँहरुलाई जोड्ने ग्रामिण कच्ची सडकको निर्माण भएको छ । हिउँदमा मात्रै भए पनि निर्माण भएका कच्ची मोटरबाटोमा यातायातका साधन चन्दछन् ।

यो गा.वि.स. अत्यन्त मिलेको भु-वनोट भएकाले वडा नं. ५ बाहेक अन्य ८ वटै वडाहरुको बस्ती एक अर्कोसँग जोडिन पुगेको छ, जसको कारणबाट एउटा वडाबाट अर्को वडामा जान बढिमा ५ देखि १५ मिनेट भन्दा बढी लाग्दैन ।

यस गा.वि.स.मा रहेको धार्मिक स्थल मध्येमा कालिका मन्दिरको विशेष महत्व रहेको छ । प्रत्येक वर्ष चैतेदशैको अवसरमा यस मन्दिर परिशरमा मेला लाग्ने गर्छ । उक्त मेलामा देश, विदेशमा रहेका युवा, युवती लगायत सम्पुर्ण वर्गको उपस्थिति र आकर्षण रहेको पाइन्छ । मेलामा छेलो प्रतियोगिता, महिला तथा पुरुष फुटवल प्रतियोगिता, भलिवल प्रतियोगिता हुन्छ । साथमा सांस्कृतिक कार्यक्रम मध्ये दोहोरी गीत प्रतियोगिता, लगायत लमजुङे ठाडोभाका अर्थात यसलाइ दुरा भाकाको पनि प्रतियोगिता गरिन्छ । यी र यस्ता गीतहरुको प्रतियोगिताले लोकसंस्कृतिको संरक्षणमा विशेष महत्वपूर्ण भूमिका खेलेको छ ।

अर्कोतर्फ दुराहरुको सामाजिक परिवेशसँग नाता गाँस्ने तुलुङकोटको लाकुरीबोटको पनि उत्तिकै महत्व रहेको छ । त्यो लाँकुरीको वोट स्थानीय जीवनशैलीको विम्व बनेको छ । यसलाई हामीले परैवाट नियल्न सक्छौ । बनपात गर्ने र बाटोघाटो हिड्नेहरुको मनको भारी विसाउने, भारी बोक्नेहरु सुस्ताउने र भारी विसाउनेहरुको थलो हो यो । जुन स्थानमा यो वोट रहेको छ त्यसलाई भयँरथला भन्ने गरिन्छ । यो लाँकुरीवोटलाई गोरखा, तनहुँ, कास्की र लमजुङको विभिन्न भुभागवाट सजिल्यै देखिन्छ । साथै यहाँवाट सूर्योदय र सूर्यास्तको

दृष्यहरु नितान्त मनमोहक देखिन्छ । लगायत विभिन्न हिमश्रृखलाहरु माछापच्छे, अन्नपूर्ण हिमाल र अन्य हिमश्रृखलाहरुको दृष्यवलोकन गर्न सकिन्छ । यो लाँकुरीवोट नजिकवाट तलतिर हेर्दा पाउँदी खोला सर्पाकार रुपमा बग्दै मर्स्याङ्दीलाइ भेट्न पूर्वतिर हानिएको देखिन्छ । बाइसे चौविसे राज्यका भुरेटाकुरे राज्यका गढी र माछीकाँडे डाँडाहरु यहाँवाट देख्न सकिन्छ ।

मध्यपहाडी भागका गाउँ वस्तीहरुमा लाँकुरीको वोटको विषेश महत्व सामाजिक झनै बढी भएको पाइन्छ । गाउँ वस्तीमा नचाइने घाँटु नाचलाई लाँकुरीको वोट भएको चौतारीमा नै सेलाइन्छ । त्यतिवेला घाँटुसारे अर्थात घाँटुका नर्तकीहरुले लगाएका श्रीपेच लगायतका वस्तुहरु त्यही लाँकुरीको वोटलाई नै अर्पिने चलन छ भने घाँटु हेर्न आउने पाहुनालाई त्यही लाकुरीको फेदमा गुन्द्री ओछ्यएर आतिथ्य दिइन्छ ।

उता हरेका वर्षको वैशाख पूर्णिमा निश्चित लाँकुरी वोट मुनीको चौतारीमा चण्डी पूजा गरिन्छ । यसलाई स्थानिय लवजमा चन्नी पूजा भनिन्छ ।यस पूजा गर्ने क्रममा चौतारीको छपनी ढुंगामुनी कुखुराको फुल राखिन्छ र अर्को वर्ष वैशाखपूर्णिमामा खोलेर हेरिन्छ । फुलको अवस्थालाई ख्याल गरेर चालु वर्षमा सहकाल वा अनिकाल के हुने ? भन्ने कुराको भविष्यवाणी गरिन्छ । यसैगरि लोक गायिका  वीमा कुमारी दुराको पनि त्यो लाँकुरीको रुखसँग गहिरो नाता रहेको छ । त्यही लाँकुरीको रुखलाई लिएर “तुर्लुङडाँडा लाँकुरी चौतरी, छुट्यो मेरो हितैको दौतरी” नामक गीतले उनलाई २०४७ सालमा रेडियो नेपालले आयोजना गरेको राष्ट्रव्यापी लोकगीत प्रतियोगितामा प्रथम स्थानमा उभ्यायो । यहीवाट नै उनको संगीतिक यात्रा सुरु भएको थियो । उनको गीतमा माटोको सुवास भेटिन्छ, सामाजिक परिवेश पनि वोल्छ छ ।

विश्व मानचित्रमा नेपालको विशिष्ट स्थान छ । नेपालका थुप्रै बिशेषताहरु मध्ये विर पुरुषहरुको योगदानलाई महत्वपूर्ण मानिन्छ । हाम्रा पूर्खाहरुको संगठन वलियो थियो । यसको अर्थ हो हाम्रो राष्ट्रियताको जग वलियो थियो । यो तथ्यलाई हरेक राष्टप्रेमीले भुल्न हुदैन । यही राष्ट्रियताको प्रशंग कोट्याउँदा ‘खजे दुरा’को नाम उल्लेखनिय हुन आउँछ । इतिहासका पानाहरुमा उल्लेख भए अनुसार बाइसे चौवीसे राज्यकालको एक कालखण्डमा तत्कालीन लमजुङ आन्तरिक किचलोमा फसेको थियो । परिणामस्वरुप राज्यको शक्ति कमजोर हुदै

थियो । त्यतिवेला सत्तासीन शासक सित जनता खुसी थिएनन् । जनता राजनीतिक नेतृत्वको विकल्पको खोजीमा थिए । यसको नेतृत्व खजे दुरा र उनका सहकर्मीहरुले गरे । खजे दुराले कास्कीका तत्कालीन राजा कुलमण्डन शाहका छोरा यशोब्रह्म शाह जसलाई **जसभ् शाह** पनि भन्ने गरिन्छ उनलाई **ज्यावीमा** बोकेर ल्याए । यसक्रममा कुसुमाकर, चामु धिंगल, लक्ष्मण दुरा, नारान दुरा लगायतका पूर्खाहरुले खजे दुरालाई दिलोज्यानले सघाएका थिए । यति धामा गरेर ल्याएको राजालाई सिंदुरे गा.वि.स. वडा नं ५ स्थित भाँगु गाउँमा रहेको एक ढुंगामा सिंदुर जात्रा गरी राजगद्दीमा बसाएको थियो । त्यो ढुंगा आजकल सिंदुरे ढुंगाको नामले परिचित छ । यसैको सम्झना स्वरुप प्रत्येक वर्षको पौष २७ गते पृथ्वी जयन्तीको अवसर पारेर उक्त ठाउँमा मेला लाग्ने प्रचलन अझै पनि छ । हामीले गहिरिएर बिचार गर्ने हो भने त्यतिवेलाको राजनीतिक घटनाक्रमले राजसंस्थाको स्थापना सँगसँगै नेपाल राज्यको अटल जग पनि बसालेको देखिन्छ । राज्यका मियोको रुपमा राजसंस्थालाई खडा गर्ने काम खजेदुरा र उनका सहकर्मीहरुले गरे । लमजुङमा स्थापना गरिएको राजसंस्थाका उत्तराधिकारीहरु गोरखासम्म विस्तारित भयो र त्यहीवाट नेपाल एकीकरण अभियान शुरु भयो (दुराका कुरा व्वलस्पोट.कम) ।

यस गा.वि.समा ऐतिहासिक र धार्मिक स्थलहरु रहेका छन् जसमध्ये तुर्लुङकोटको गढी, कालीका मन्दिर, मनकामना ,अकलादेवी, भैरती मन्दिर लगायतका मन्दिरहरु रहेका छन् । साथमा मनाङ डाँडावाट देखिने मनोरम दृष्यले स्वदेशी तथा विदेशी पर्यटकको मन उत्तिकै लोभ्याउने गर्छ । यहाँ बसोवास गर्ने बासिन्दाको जातिगत आधार हेर्दा बढी बाहुल्यता दुराहरुको छ भने बाह्मण, क्षेत्री, गुरुङ, दमाइ, कामी र सार्की जातीको पनि बसोवास रहेको छ ।

यस गा.वि.स भौगोलिक रुपमा जिल्लाको सदरमुकामबाट साढे २ घण्टाको बस यात्रा पछि पुग्न सकिन्छ कच्ची मोटर वाटो भएकोले हिउँदमा मात्र उक्त सुविधा छ तर वर्षातको समयमा भने अत्यन्त अप्ठ्यारो हुन्छ । यातायातका साधन नचल्ने भएकै कारण यहाँको उत्पादन नबजार सम्म पुग्न सक्छ, पुगेकाले पनि प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ । परम्परागत रुपमा नै खेतीपाती गर्ने प्रचलनले गर्दा यहाँको उत्पादन केवल निर्वाहमूखी मात्र वन्न गएको छ । जसले गर्दा रोजीरोटीको लागि वैदेशीक रोजगारीमा जाने युवाहरुको संख्यामा उल्लेख्य रुपमा वृद्धि भएको पाइन्छ । यसैलाई आधार बनाएर शहरी क्षेत्रमा बसाई

सर्ने प्रवृति वढ्दो क्रमका कारण गाउँमा विपन्न वर्ग लगायत बृद्धबृद्धाहरुको बाहुल्यता रहेको छ । विगतमा आफ्नै उव्जनीले जेनतेन खान पुगेको यदाकदा पाइएतापनि खेती टुक्रिने र घर छुट्टीने कारणले गर्दा आफ्नो उव्जनीले खान पुग्ने अवस्था छैन साथै कृषिमा परम्परागत तरिका र विविधिकरण हुन नसकेको कारण गुजारा चल्ने अवस्था छैन । पशुपालनको अवस्था हेर्दा भैसी, गोरु, बाखा, कुखुरा पालन गरेका छन् तर व्यवसायिक रुपमा नभइ जेनतेन गुजारा चलेको छ । युवाहरु विदेशमा जाने र लाहुरे(भर्ती) बन्ने प्रवृतिले गर्दा बीचैमा पढाइ छाडेर हिड्ने गरेको देखिन्छ ।

हाल विभिन्न संघसंस्थाहरुले उत्थानमूलक काम गरेका छन् । विभिन्न कृषक समूह, आमा समुह र सहकारीको माध्यमवाट विभिन्न कामहरु भएका छन् तर कृषिको उन्नतीको सवालमा भने यस दुरा समुदायमा विशेष ध्यान जान सकिराखेको अवस्था छैन । सम्वन्धित प्राविधिक ज्ञानको अभाव, बाली लगाउने, स्याहार गर्ने, गोडमेल गर्ने सम्वन्धमा पनि जानकारी नभएकै कारण उत्पादनमा ह्रास आइरहेको अवस्था छ । त्यसैले कृषि कर्म गर्ने अन्य जातिको तुलनामा दुरा जातिमा परम्परागत कृषिलाई नै बढी जोड दिइएको हुनाले यसमा विविधिकरण हुन आवश्यक रहेको छ । अहिलेको अवस्थामा यस समुदायको कृषिको सम्वन्धमा धारणा के छ ? र कृषि कसरी व्यवसायिक बनाउन सकिन्छ ? यसमा दुरा समुदायको कृषि प्रणालीको अवस्था कस्तो रहेको छ ? त्यहाँको सामाजिक सांस्कृतिक अवस्थाले कृषिमा कस्तो प्रभाव पारेको छ ? परम्परागत कृषि प्रणालीका चुनौती र समस्याहरु के के छन् ? र यो राष्ट्रको उत्थानको लागि कृषिलाइ इज्जतिलो पेशा वनाउनुपर्छ भन्ने मान्यताका साथ यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ४.३ अध्ययन क्षेत्रको सांस्कृतिक अवस्था

यो विश्व मानव मानवको सुन्दर संग्रहालय हो । यहाँ विभिन्न जातजाति, भाषाभाषी, वर्णसम्प्रदाय एवम् धर्मसंस्कृति भएका मानिसहरु बसोबास गर्छन् । मानिसहरुको जेजस्तो संस्कृति हुन्छ सोही अनुसार तिनीहरुको जीवन पद्धति चलेको हुन्छ । मानिसले आफ्ना आवश्यकता पूरा गर्न भौगोलिक परिवेश, जलवायु, प्रविधि र समाजको स्तर अनुसारको संस्कृतिको विकास गरेको हुन्छ । त्यसकारण टेलर ई.वी.का अनुसार संस्कृति त्यस्तो समग्र जटिलता हो, जहाँ ज्ञान, विज्ञान, कला, नैतिकता, कानून, प्रथा लगायत अन्य सवै गुणहरु

संलग्न हुन्छन्, जसलाई समुदायको सदस्यका हैसियतले मानिसले आर्जन गर्दछ । यस परिभाषाले के प्रमाणित गर्न खोजेको छ भने मानिसले सिकिने व्यवहारका रुपमा समष्टिगत पक्षलाई संस्कृति मानिएको छ ।

जीवनलाई सफल बनाउन प्रयासरत मानिसमा संस्कारले ठूलो भूमिका खेलेको हुन्छ । नेपाली समाज संस्कार र संस्कृतिका दृष्ट्रिले अत्यन्त समृद्धशाली मानिन्छ । संस्कृतिले समाजमा असिमित छाप छोडेको हुन्छ । नेपाली समाजमा मानिस जन्मनु भन्दा अगाडि देखि मृत्युपछि सम्म विभिन्न संस्कारहरु गर्ने गरिएको पाइन्छ । संस्कार सम्पन्न गर्ने आ-आफ्नै शैली, विधि, चलन र प्रकृया पाइन्छ । भौगोलिक असमानता, परस्पर भेटघाटको अभाव, अन्य जातिसँगको सामिप्यता जस्ता विविध कारणले गर्दा संस्कारगत विभिन्नताहरु देखापर्दे गइरहेको छ । यो अध्ययन विशेषगरि दुरा समुदायसँग सम्वन्धित भएकोले नेपाली समाजमा प्रचलित संस्कारहरु मध्ये दुरा समुदायले अपनाउँदै आएका संस्कारहरुले कृषिमा कस्तो प्रभाव पारिराखेको छ त ? यसको वारेमा जानकारी दिने प्रयास गरिएको छ ।

## ४.४ कृषि प्रसार पद्दतिका विकसित ढाँचाहरु

कृषिलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि भूमिव्यवस्थामा सुधार, कृषि शिक्षा, कृषि सूचना केन्द्रको व्यवस्था, कृषि अनुसन्धान र कृषि प्रसारको आवश्यकता पर्दछ । कृषि विकासका लागि आवश्यक पर्ने तत्वहरु मध्ये कृषि प्रसारको भूमिका विशेष हुने गर्दछ । कृषिलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि ग्रामीण स्तरमा कृषि प्रसार नीतिको साथै प्रभावकारी कार्यन्वयनको आवश्यकता पर्दछ । नेपालमा करीव पाँच दशक देखि क्रमवद्ध रुपमा कृषि विकासको कार्यक्रम प्रारम्भ भएदेखि धेरै किसिमका कृषि प्रसार पद्दति अपनाई अगाडि बढेको पाइन्छ । कुनैपनि पद्दति आफैमा पूर्ण हुदैन । त्यसैले विभिन्न क्षेत्रवाट कृषिको विकासको लागि कृषि प्रसार सेवालाई कृषि नीतिमा समावेश गर्दै आइरहेको छ । यसमा सरकारी तथा गैरसरकारी निकायहरुको पनि उत्तिकै भूमिका रहेको छ । नेपालमा केही वर्षदेखि सरकारको घोषित कृषि नीति अनुसार उल्लेखित कृषक समूह प्रणालीलाई अगाडी बढाइरहेको छ ।

(B.B Basnyat, September1991) का अनुसार  नेपालमा हालसम्म अवलम्वन गरिएका कृषि प्रणालीको क्रमवद्ध विवरण यसप्रकार रहेको छ :

**चित्र नं : ४.१**

परम्परागत कृषि प्रणाली

⇩

तालिम तथा भेटघाट

⇩

एकिकृत ग्रामीण विकास

⇩

खेती प्रणाली अनुसन्धान र प्रसार

⇩

टुकी प्रणाली

⇩

समूहगत प्रसार पद्धति

⇩

करार तथा साझेदारीमा कार्यक्रम संचालन गर्ने पद्धती

⇩

कृषक पाठशाला

नेपालमा सरकारी स्तरवाट कृषि प्रसारको शुरुवात **परम्परागत कृषि प्रणालीवाट** भएको हो । यस अन्तर्गत कृषि प्रसारले प्रगतिशील र मेहनेती कृषकलाई छानी उनीहरुको खेतीवारीमा उन्नत प्रविधिहरु प्रदर्शन गराई वा तालिम दिइ अन्य कृषकहरुलाई तिनै प्रगतिशील कृषकहरुको खेतीवारी अवलोकन गरि उन्नत प्रविधिहरु सिकेर अभिप्रेरित हुन्थे ।

**तालिम तथा भेटघाट प्रणाली** अन्तर्गत परम्परागत कृषि प्रणालीका कमीकमजोरीहरुलाई सुधार गर्न र कृषि प्रसारलाई पेशागत अनुशासीत तुल्याउन सन् १९७० को दशकमा विश्व वैंकको लागि इजरायली कृषक देनियल वेनोरले यो प्रणालीको सुरुवात गरेका हुन् । विश्वमा तालिम तथा भेटघाट प्रणालीको प्रारम्भ सन् १९७७ मा टर्कीको १०० वटा गाउँको सफल परिक्षणवाट भएको हो ।

सन् १९७० को दशकमा ल्याइएको **एकिकृत ग्रामीण विकास**को अवधारणामा कृषि क्षेत्रको विकासलाई पनि प्रमुखताको साथ कार्यन्वयन गरिएको थियो । अहिले यो आयोजना विभिन्न दातृ राष्ट्रहरुको सहयोगमा संचालित छन् । यी सवै आयोजनाहरुको कार्य भौतिक पूर्वाधार विकास र कृषिसँग सम्वन्धित निकायहरु बीच समन्वय र सहकार्य गरी अगाडि बढेको छ तर नेपाल जस्तो भौतिक संरचनाको अभाव भएको मुलुकमा यो प्रणालीमा अन्य प्रणालीको तुलनाका कम प्राथमिकता पाइएको देखिएको छ ।

**टुकी प्रणाली** सन् १९७७ मा स्विस सरकारको सहयोगमा दोलखा र सिन्धुपाल्चोक जिल्लाका केही गा.वि.स.हरुमा संचालन गरिएको थियो । यस प्रणालीमा तालिम प्राप्त स्थानिय अगुवा कृषकहरु मध्ये स्वस्फूत रुपमा टुकी वन्न चाहनेलाई निसुल्क रुपमा कृषि सम्वन्धि तालिम दिई गाउँमा प्रविधि प्रसारको लागि ल्याइएको प्रणाली नै टुकी प्रणाली हो ।

कुनै निश्चित क्षेत्रमा कृषि सामाग्री एक प्रविधिको उचित संयोजन गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने कार्यक्रम नै **व्लक उत्पादन** कार्यक्रम हो । यो कार्यक्रम अलि खर्चिलो भएकोले सवै व्लकमा समेट्न सम्भव हुदैनथ्यो । त्यसैले यसको प्रभावकारी प्रयोग हुन सकेन ।

विकासोन्मुख राष्ट्रहरुमा साना कृषकहरुको आवश्यकताहरु मेल खाने किसिमवाट सन् १९८० को सुरुमा खेती प्रणाली अनुसन्धान तथा प्रसार प्रणालीको परिकल्पना भई कार्यन्वयनमा आएको हो । यसले खेतीलाई प्रणालीको रुपमा हेर्छ । यस **कृषि प्रसार प्रणालीमा** कृषकहरुसँग अन्तक्रिया गरिने राय सल्लाह दिइने भएतापनि अनुसन्धानको योजना बनाउँदा भने कृषकहरुको निर्णायक सहभागिता नरहेको पाइयो ।

सन् १९९० को दशकमा वीसवर्षे दीर्घकालीन कृषि योजनालाई अनुसरण गरिएपछि उक्त योजना कार्यन्वयनको प्रमुख रणनीतिको रुपमा **पकेट प्याकेज प्रणाली** अवलम्वन गर्न थालियो । यस प्रणाली अन्तर्गत कुनै बाली उत्पादनका लागि सम्भाव्य क्षेत्र छनौट गरी उक्त पकेटमा सिंचाइ, कृषि सामाग्री तथा पूर्वाधार विकास जस्ता उत्पादनका साधनलाई सम्भाव्य क्षेत्रमा समन्वयत्मक रुपमा प्रयोग गर्ने र उत्पादन एवं उत्पादकत्व वृद्धि, कृषिमा आधारित उद्योगको विकास र बजार व्यवस्थामा सघाउ पुर्याइ कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने उद्देश्य लिइएको छ ।

नवौ पञ्चवर्षिय योजनादेखि कृषि प्रविधिहरु कृषक समुहको माध्यमवाट लैजाने नीति अनुरुप **समूहमा आधारित कृषि प्रणाली** लागु गरिएको र यसलाई निरन्तरता प्रदान गरिएको छ । परम्परागत कृषि प्रणाली अन्तर्गत एकातर्फ कृषकहरु सरकारको मुख ताक्नुपर्ने, बाह्य स्रोत साधनको भर पर्नुपर्ने अवस्था थियो भने अर्कोतर्फ कृषि प्रसारका लागि कार्यरत कार्यकर्ता कृषकहरुको घरदैलोमा गएर समस्या समधान गर्नुपर्ने अवस्था थियो । व्यक्तिगत भेटघाट गर्ने प्रणाली प्रभावकारी भएतापनि समय वढी लाग्ने खर्चिलो र असम्भव थियो भने सेवावाट टाठावाठा वर्ग र सुविधा सम्पन्न स्थानका व्यक्तिले मात्र यो सेवा पाउने अवस्था विद्यमान थियो । त्यसैले यि विविध कुराहरुलाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई बढी प्रभावकारी बनाउने, कृषि क्षेत्रको पहुँच सवैमा पुर्‍याउन, कृषकका चाहना अनुसार उनीहरुको शीपको सही सदुपयोग गर्न र छिटोछरितो सेवा प्रदान गर्न समूहमा आधारित कृषि प्रणाली लागु गरियो । त्यसकारण समग्रमा नेपालको कृषि प्रसार पद्दतिमा देखिएका परिवर्तित स्वरुपहरुलाई हेर्दा सुरुको अवस्थामा जेटिए उत्पादन गरियो र पछि किसानलाई घरदैलोमा भेट्ने र वीउविजन तथा सल्लाह दिने प्रचलन थियो आजभोली किसानलाई व्यक्तिगत रुपमा परामर्श दिने चलन अन्त भएको छ ।

अहिलेको सन्दर्भमा हेर्दा किसान समूह गठन गर्न लगाउने र सरकारी कृषि प्राविधिकले व्यक्तिगत किसानलाई नभई कृषक समूहहरुलाई लक्षित गरी सहजिकरण गर्ने खालको कृषि प्रसार प्रणाली अपनाउन थालेका छन् । अझ गणतन्त्र स्थापना भएपछि त कृषक समूहहरुसँगै कृषक सहकारी निर्माण र सहकारीका माध्यमवाट व्यवसायिक कृषि विकासका क्रियाकलापहरु सुरु भएका छन् । यो भन्दा अगाडि जीविकोपार्जनका लागि कृषि भन्ने मान्यता थियो तर अहिले बजारमुखी कृषि उत्पादन भन्ने मान्यता अंगिकार गर्न थालिएको छ । राज्यले व्यवसायिक कृषिका क्रियाकलापहरु मार्फत बजारमूखी कृषि उत्पादन बढाउन कृषकलाई लघु अनुदान, तालिम, भ्रमण र अभिमुखीकरण, सहजीकरण जस्ता उपायहरु अपनाउन थालेको छ ।


वि.सं २०७० देखि त वैदेशिक रोजगारवाट प्राप्त आर्थिक धनलाई व्यवसायिक कृषिमा लगानी आकर्षण गर्न तथा यूवा श्रमशक्तिको विदेश पलायनलाई रोकी स्थानिय रुपमा नै व्यवसायिक कृषि गर्नका लागि “मागमा आधारित कृषक आयोजना”भन्ने कार्यक्रम सुरु गरेको छ । यो पनि कृषि प्रसार प्रणालीमा आएको नयाँ रणनीतिक उपायको प्रयोग हो ।

सरकारी तहमा यसरी परिवर्तन हुदै आएको कृषि प्रसार प्रणाली लमजुङ जिल्लाको सिंदुरे गा.वि.स.का दुरा समुदायका कृषकहरु के कसरी सक्रिय भएका छन् भन्ने बारेमा पनि यस अध्ययनमा विश्लेषण गरिएको छ ।

ग्रामीण अर्थतन्त्रको प्रमुख मेरुदण्ड भनेको नै कृषि हो । विगत देखि वर्तमान सम्म आइपुग्दा धेरै प्राथमिकताका क्षेत्रहरु मध्ये कृषि अग्र स्थानमा पर्न सक्षम भएको छ । विदेशमा गएर दुःख पाएर फर्केका मात्र नभइ राम्रो कमाइ गरी स्वदेशमा नै रमाउन चाहने सक्षम युवाहरु पनि अहिले भेटिन थालेका छन् । अहिले योजना बनाएरनै युवाहरु यो क्षेत्रमा संलग्न भएको अवस्था छ भने उनीहरुमा काम गर्ने सोंच र शैलीमा पनि भिन्नता छ । आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन बढाउन र परम्परागत कृषि प्रणालीलाई समयानुकुल सुधार गरि खेती गर्न एकदमै आवश्यक छ । यसै सन्दर्भमा दुरा समुदायमा अहिले अभ्यास हुदै आएका कृषि प्रणाली र आधुनिक कृषि प्रणाली बीचको सम्वन्ध के कस्तो अवस्थामा रहेको छ ?

**यसलाई प्रष्ट पार्नको लागि कृषिका परिवर्तित ढाँचा यस प्रकार रहेको छ :**

**चित्र नं : ४.२**




माथिको परिवर्तित ढाँचावाट के प्रष्ट पार्न सकिन्छ भने कृषि कर्म गर्ने सन्दर्भमा सुरुमा निर्वाहमूखी कृषि प्रणाली अपनाइएको पाइन्छ । त्यसपछि समयको परिवर्तनसँगै मानिसहरुको सोचाइमा परिवर्तन भयो फलस्वरुप खेतीपाती गर्ने प्रचलनमा पनि धर्म संस्कृति,चाडपर्वको प्रभाव पर्न गयो । विशेष चाडपर्वमा गाउँ वार्ने प्रचलनले प्रमुखता पायो जस्तै शिवरात्री,औशी,पूर्णिमाको समय खनजोतका काम नगर्ने प्रचलनले प्रमुखता पायो । अर्कोतर्फ खेतीपाती गर्ने प्रचलन र पद्दति सवै परम्परागत ज्ञान,सीप र प्रविधिमा आधारित थियो । त्यतिवेला एकअर्काको खेतीवाली लगाउने समयमा गुहारे हाल्ने ,पर्म लगाउने प्रचलन बढी मात्रामा प्रचलित थियो भन्ने कुरालाई प्रष्ट पारिएको छ भने अर्कोतर्फको ढाँचालाइ विश्लेषण गर्दा अव किसानहरुमा आधुनिक खेती प्रणालीको धारणा विकास भइ अगाडि बढेको पाइन्छ । विस्तारै अव किसानहरु अर्थ केन्द्रीत भई आम्दानीका स्रोत जुटाउनको लागि व्यवसायिक कृषितर्फ आकर्षित भएका छन् । प्रविधिमा सुधार गरि बजारकेन्द्रीत उत्पादनमा जोड दिएको पाइन्छ । कृषिमा जतिपनि अन्नवाली खाद्यान्नको उत्पादन हुन्छ त्यसमा विउविजनको छनौट,मलखादको व्यवस्थापन,नाफामुखी उत्पादन र आधुनिक प्रविधिको प्रयोग भएको पाइन्छ । गुहारे हाल्ने,पर्म लगाउने प्रचलनको सट्टा अव नगदमा ज्यामी र खेतलाको प्रचलन बढेको छ ।

## ४.५ कृषि,किसान र अन्य निकाय बीचको अन्तर - सम्वन्ध

समग्र देश विकासको क्रममा कृषि र किसानको हित एवंम् उन्नतिलाई ध्यानमा राखेर विकासका पूर्वाधारहरु अगाडि बढेका हुन्छन् । कृषि मन्त्रालय मार्फत संचालन हुने कृषि विकासका कामहरु कृषि र किसानको हितमा संचालन हुन्छन् । २००७ सालको जनक्रान्तिपछि  विशेष गरी २०४६ सालमा बहुदल पुनस्थापना भएपछि नेपालको ग्रामीण क्षेत्रमा “ग्रामीण स्वावलम्वन कार्यक्रम” अन्तर्गत बाटो, विजुली, खानेपानी लगायतका पूर्वाधार पुग्न केही सम्म सम्भव भएको छ । यसलाई  निम्न ढाँचावाट प्रष्ट पार्न सकिन्छ ।

**चित्र नं : ४.३**




जव गाउँमा मोटर पुगेर विजुली वल्न थाल्यो यदि त्यसलाई उपयोग गर्ने सामर्थ्य र आम्दानी भएन भने ती पूर्वाधारहरुले झनै गाउँलाई गरीव बनाउन सक्छ । बाटो, विजुली, पानी, शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, पर्यटन व्यापार, भूमिसुधार, वन व्यवस्थापन, बस्ती सुधार जस्ता विषयगत मन्त्रालय र विभागहरुले आ-आफ्ना कार्यक्रम र सेवा संचालन गर्दा किसान र कृषि क्षेत्रलाई विशेष सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ । यसो गर्न सकेमा नेपालका प्रत्येक चार हजार गा.वि.स.मा आधुनिक सेवा र सुविधा पाउन सकिन्छ ।

## ४.६ दुरा जातिले मनाउँदै आएका चाडपर्व र कृषि बीचको सम्वन्ध

प्रत्येक समाजमा आ आफ्नै रीतिरिवाज, चालचलन, रहनसहन, भेषभूषा, भाषा, धर्म कला र चाडपर्वहरु हुन्छन् । समाजको सामजिक परम्परा अनुसार समाजैपिच्छे भिन्नभिन्न तरिकावाट चाडपर्वहरु मनाउँछन् । हिन्दु तथा बौद्ध धर्म एवं दर्शनको प्रधानता रहेको हाम्रो राष्ट्रमा केही चाडपर्वहरु समस्त नेपालीहरुले मनाउने अर्थात साझा खालका छन् भने केही चाडपर्वहरु जाति विशेषले आ-आफ्नो परम्परा अनुसार मानि आएका पनि छन् । दुरा जातिले वर्षभरि बनाउने चाडपर्वहरुको संक्षेपमा वर्णन गरिएको छ ।

## वैशाख पूर्णिमा :

यस दिन परम्परादेखि मानिआएका आफ्ना इष्ट देवता चण्डी (देउराली) को पूजा गरिन्छ। जव वैशाख महिना सुरु हुन्छ तव कृषि कार्य प्रारम्भ हुन्छ। यो पूजा गर्नुभन्दा अगाडि अरु पूजा गर्न पाइदैन। चण्डी पूजागर्ने क्रममा एउटा छपनी ढुंगामुनी कुखुराको फुल राखिन्छ। सो फुल अर्को वर्षसम्म जस्ताको तस्तै अवस्थामा रहेमा सहकाल हुने र गाउँघरमा शुभसमचार सुन्न पाइने विश्वास गरिन्छ। यही दिनमा मृतात्माहरुको सम्झनामा बायु पूजा गरिने चलन पनि छ। वायु पूजा सम्पन्न भएपछि कुलको एकज
ना झाँक्री (डांग्रे)लाई देउता बस्न लगाइन्छ र पितृहरुले राम्रोसँग खान पाएको नपाएको वारे सोधिन्छ । यसवेला डांग्रेको शरीरमा मृतात्मा पितृहरुको बास हुन्छ भन्ने विश्वास गरिन्छ। दुरा जातिमा कुल पूजा पनि यही दिनमा गर्ने चलन छ

## साउने संक्रान्ति :

यस दिनमा लुता बराहको पूजा गरी लुतो फाल्ने चलन छ । यस दिनमा कुकुरडाहिनो, मकरकाँची, कुरिलो, पानीसरो लगायतका सात प्रकारका झारहरु जम्मा गरी दैलोमा झुण्ड्याइन्छ । बेलुका बलेको अगुल्टो फालिन्छ, यसो गर्दा अनिकाल एवं रोगव्याधि हट्ने विश्वास गरिन्छ । यस दिन देखि असारभरी बन्द रहेको रोदी बस्ने तथा डम्फू मादल बजाउने कार्य प्रारम्भ हुन्छ । यसलाई 'मादल फुक्ने' दिन भन्ने गरिन्छ । यस दिनमा तन्नेरीहरु रोदीघरमा भेला भई गीतवाद गर्ने, नाचगान गर्ने तथा तिउरे लगाउने गर्दछन् । साउने सक्रान्तिको भोलिपल्ट अगुल्टो वार्ने चलन छ। यस दिन खनजोत लगायतका कृषि कार्यहरु गर्न हुँदैन।

## श्रीकृष्ण जन्माष्टमी :

यस चाडलाई दुरा जातिले आफ्नै शैलीमा मनाएको पाइन्छ। गाउँका तरुनीहरुले आफ्ना दाजुभाई तथा माइतीहरुलाई निमन्त्रणा गरी जाँड, अचार, रोटी, ल्वाँङ एवं सुपारी दिन्छन्। यस चलनलाई माइती बाँध्ने भनिन्छ। यसो गर्नुको अर्थ निमन्त्रणा गर्नु हो । सो बाँधेको तीजको दिनसँग सम्वन्धित हुन्छ। यसरी रोदी घरमा बाँधिएका माइतीहरु तीजमा हुने दर

भोजमा सहभागी हुनु अनिवार्य हुन्छ । यसले के संकेत गर्छ भने खेतीपातीवाट केही समय छुटकारा लिइ मनोरञ्जन लिने समयको रुपमा पनि यस पर्वलाई लिइन्छ ।

**दरखाने तीज** :

यस दिनको बेलुका जन्माष्टमीका दिन वाँधिएका माइती र बाँध्ने चेलीहरु बीच भोज हुन्छ । यसलाई दरखाने भनिन्छ । जव सम्पूर्ण कृषि कार्यवाट थोरै समय भएपनि विश्राम गर्ने समय हो । यो वेला पहिले-पहिले 'तीज आउला र घैया भात खान पाइन्छ' भनेर उत्सुक हुने किसानहरुको धारणा भने हाल समयानुकुल परिवर्तन भएको छ । विशेषगरी बजारीय खानेकुराको प्रभाव तथा वाहिरी संस्कृतिको प्रभावले यो समुदाय पनि अछुतो छैन । अहिलेको युवा पिढीले यो चलनलाइ अलि फरक ढंगले मनाएको पाइन्छ । पहिला र अहिलेको दर खाने चलनलाई तुलना गर्ने हो भने पहिलेको चलन अनुसार चेलीहरुले रोदीघरको भित्तामा महादेव र पार्वतीको चित्र बनाई पूजा गर्दथे । यस दिनमा किशोरावस्थामा प्रवेश गरेको माइती र चेलीहरुको सियोराख्ने अर्थात उपनाम राख्ने प्रचलन थियो । सियो एक प्रकारको उपनाम हो । सियो राखेपछि वास्तविक नामवाट नवोलाई उपनामवाट बोलाइन्थ्यो । जस्तै केटा भए रामशाही, श्यामशाही, मानशाही आदि र केटी भए शर्मारानी, रामरानी, स्याउरानी आदि यस्ता उपनामहरु राखेर रमाइलो गर्ने चलन थियो तर अहिले भने सन्दर्भ फेरिएको छ । अहिलेको सन्दर्भमा यो प्रचलन पूर्णरुपमा लोप भएको त छैन तर फरक ढंगले यो दरखाने चलनलाई निरन्तरता दिएको पाइन्छ ।

**दशैं :**

दशैं चाड दुरा जातिहरुले अरु नेपाली सरह नै मनाउने भनिएता पनि केही पृथक र विशिष्ट शैलीमा यो चाडलाई मनाउने गरेको पाइन्छ । दुरा जातिको प्रमुख वासस्थानहरु मध्ये एक मानिने तुर्लुङकोटको कालिकादेवी मन्दिर र मौलामा सुन्दर एवं रोमान्चक ढंगमा फूलपाती पर्व मनाइन्छ । अष्टमीको राती आआफ्नो पितृलाई सम्झेर विभिन्न परिकार केराको पातमाथि राखिन्छ र पानी चढाइन्छ । यसलाई ख्यामा राख्ने भनिन्छ । 'ख्यामा' राख्नुको अर्थ वार्षिक श्राद्ध गर्नु हो । यसरी घरको मुल व्यक्तिद्धारा राखिएको ख्यामा विवाहित चेलीले नै उठाउनुपर्छ । दशैंमा थापिएको पींङ खेल्न एक गाउँका तन्नेरीहरु अर्को गाउँमा जान्छन् । दुरा जातिमा पूर्णिमाको दिन सम्म टीका लगाउने चलन छ । टाढा टाढा दिएका छोरी-चेली,

इष्टमित्र तथा अन्य सम्पूर्ण सदस्यहरुको उपस्थिति होस् भन्ने उद्देश्यले टीका लगाउने दिन पूर्णिमाको दिन सम्म राखिएको हुनुपर्दछ । दुरा जातिमा लोकप्रिया नाच सोरठीको सुरुवात पनि यसै बेलावाट गरिन्छ ।

## तिहार :

सामान्यतय तिहार पर्व अन्य नेपालीहरुले मनाए सरह नै मनाइन्छ । कतै-कतै कृष्णचरित्रमा आधारित नाँच नचाउने गरिन्छ । यस अवसरमा देउसी भैलो खेल्ने चलन निकै छ । बच्चाहरुले आ-आफूमा बाँड्ने र युवा तथा प्रौढहरुले यसवाट उठेको रकमवाट सामाजिक हितका लागि काम गर्ने, समाजघरहरु निर्माण गर्ने लगायत भोजको व्यवस्था गरि रमाइलो गर्ने गरेको पाइन्छ ।

## पन्ध्रपुस :

प्रत्येक वर्ष पुस १५ गते देखि दुरा जातिको नयाँ वर्ष प्रारम्भ हुन्छ । यो लगभग अंग्रेजी पात्रोसँग मिल्न जान्छ । फरक यति हो अंग्रेजी पात्रोको पुस १७ गतेदेखि नयाँवर्ष शुरु हुन्छ भने दुरा जातिको पुष पन्ध्रवाट शुरु हुन्छ । पुष पन्ध्रमा वर्ग फेरिन्छ र थप उमेरको गणना हुन्छ । पुस पन्ध्रको राति युवा युवतीहरु बीच भोजको आयोजना गरिन्छ । यो एक प्रकारको वनभोज हो । यसै दिन विभिन्न लेनदेनका व्यवहारहरु मिलाउने चलन पनि छ ।

## माघे सक्रान्ति :

यस दिन नजिकैको पँधेरो वा जलाशयमा गएर नुहाइन्छ । आफन्तहरुलाई ढोगभेट गरि दान दक्षिणा दिइन्छ । इष्टमित्र एवं आफन्तहरुसँग बसेर मासु, भात, रोटी, रक्सी, तरुल आदि खाइन्छ । यसरी खाने परिकारहरुलाई 'पुस पाक्यो माघ खाने' भनिन्छ । यी परिकारहरु पुस महिनाको मसान्तमा तयार गरिन्छ र माघे संक्रान्तिमा खाइन्छ ।

## फागुपूर्णिमा :

यस अवसरमा नजिकको हाटबजारमा मेला भर्न जाने चलन छ । उक्त अवसरमा युवायुवतीहरु 'अविर' खेल्दछन् । फागुपूर्णिमाको अवसरमा दुराहरुले मेला भर्ने चर्चित ठाउँ हो - मादी नदीको किनारमा रहेको करापुटार बजार जसलाई रामबजार पनि भनिन्छ । उक्त

बजारस्थित मादी नदीको किनारमा ठूलो ढुंङ्गा पनि रहेको छ । जसलाई कुनै समयमा भिमसेनले उचालेर फ्याकेको हो भन्ने भनाइ पनि रहि आएको छ । कास्की जिल्लास्थित सिमाना जोडिएको करापुटार बजारमा रहेको यस स्थानमा हाम्रा सुप्रसिद्ध लोक गायक स्व.देउवहादुर दुराले रातभरि गीत गाएर दिउँसो छेलो प्रतियोगितामा सहभागी भई छेलो जित्दथे रे । देउबहादुर त्यहाँ लाग्ने फागुपूर्णिमा बजारको एक अभिन्न अङग थिए भन्ने कुरा तल प्रस्तुत गीतवाट प्रष्ट हुन्छ ।

**कहाँ गयौ देउबहादुर दुरा**
**सुन्नै भयो करापुटार बजार**

यसरी फागुपूर्णिमा र करापुटार बजारसित दुरा जातिको सुमधुर सम्वन्ध कायम भएको पाइन्छ । जुन त्यस समुदायको लागि गौरवमय पक्ष हो ।

## ४.७ कृषि प्रणाली र रैथाने कृषि संस्कार विचको सम्वन्ध

यस अध्ययनको आधारवाट के प्रष्ट पार्न सकिन्छ भने दुरा जातिले गरिआएका पूजाआजाहरुको अध्ययन र विश्लेषण गर्दा उनीहरु प्रकृतिपूजक हुन् भन्न सकिने प्रशस्त आधारहरु छन् । वार्षिक समयचक्र अनुसार विविध प्रकारका पूजाआजा तथा अनुष्ठानहरु सम्पन्न गरेर सिंगो समुदायको प्रतिनिधित्व गरेको छ । यसरी गरिने पूजाआजाहरु यसप्रकारका छन् ।

### ४.७.१.भूमि पूजा

यो पूजा विशेषगरी खेतीपाती, अन्नवाली लगाउनु भन्दा अगावै फागुन महिनाको कुनै मंगलवारका दिन कुखुरा एवं बोकाको भोग दिएर भूमिको पूजा गरिन्छ । भूमि पूजा गर्नाले प्राकृतिक प्रकोप कम भई खेतीपाती राम्रो हुने अर्थात सहकाल आउने विश्वास गरिन्छ । जुन दिनमा पूजा गरिन्छ उक्त दिन गाउँ बार्ने चलन छ । गाउँ वार्दा खनजोत लगायत दाउरा काट्ने कामहरु गर्न वन्देज गरिएको छ ।

### ४.७.२.उधौंली/उभौली

प्रत्येक वर्षको कार्तिक र चैत्र महिनाको कुनै मंगलवारका दिन स्थानीय भगवतीको मन्दिरमा गरिने पूजाआरधनालाई उधौली/उभौली पूजा भनिन्छ । यस क्रममा कुखुराको भाले र

बोकाको भोग दिइन्छ । यो पूजा विशेषगरी मानिसको फिरन्ते जीवनशैलीसँग सम्वन्धित छ । जाडोको सुरुवात कार्तिक महिनामा भइसकेको हुन्छ । विगतमा जाडोवाट बाँच्न मानिसहरु उच्च भूमिवाट निम्न भूमि अर्थात बेंसीतिर बसाई सर्दथे । यसैक्रममा बेंसीमा रहेका देवीदेवताहरुलाई पूजा आरधना गर्ने वा पुज्ने कार्यलाई उद्यौली पूजा भनिन्छ । यसैगरी चैत्र महिनामा गर्मीयामको शुरुवात भइसक्ने हुनाले बेसीवाट पहाडतिर सर्ने क्रममा त्यहाँका देवीदेवताहरुलाइ खुसी पार्न गरिने पूजालाई उभौली पूजा भनिन्छ । तर कसैकसैले यसलाइ अर्कै किसिमवाट व्याख्या गरेको पाइन्छ । जसअनुसार चैत्र महिनादेखि खेतीवाली लगाउने याम सुरु हुने र कार्तिक महिनामा वर्षात्मा लगाइएको खेतीवाली थन्क्याउने समय हुने यी दुइ अन्नवालीलाई प्राकृतिक प्रकोपवाट बचाउन सकिन्छ भन्ने विश्वास गरि यो पूजा गर्ने गरेको पाइन्छ । उधौली/उभौली पूजा गर्दा गाउँ बार्ने चलन छ । यो प्रचलन अझै प्रचलनमा रहेको छ ।

## ४.७.३.हरेलो पूजा

हरेलो पूजा गर्दा माटोको भाँडामा धानको भूस, भोजपत्र एवं ढिकी तथा जाँतोको विंड खुर्किएर निस्किएको धुलो भुस मिसाएर त्यसमा आगो सल्काएर धुप हालिन्छ । यसवखत 'हरेलो दोहोलो दोहोलो' भनी खेतको आलीमा किला गाडेर झुन्ड्याइन्छ । हरेलो पूजा गर्नाले धानवालीमा मुसा एवं कीटपतंङगको प्रकोप कम हुन्छ भन्ने विश्वास गरिन्छ । यो पूजा नागपञ्चमी भन्दा पछाडि र तीजको औशी तिथि भन्दा अगाडिको मंगलवारका दिन गरिन्छ।

## ४.७.४.वाटो छेक्ने पूजा

यो पूजा चैत्र महिनाको कुनै मंगलवार गाउँको मुख्य नाकामा गरिन्छ । पूजा गर्ने क्रममा कुखुराको भाले र पोथीको वली चढाइन्छ । गाउँमा प्रवेश हुने चार दिशाको मूल वाटोमा भक्याउँलो भन्ने वनस्पतिको ढोका बनाइन्छ र सँघारमा कापेकाठमा स्त्री र पुरुषको लिंङ्ग बनाइन्छ । यसो गरेमा गाउँमा रोगव्याधि एवं छेदभेद भन्ने पस्दैन भन्ने विश्वास गरिन्छ । पूजा समाप्त भएपछि कुखुराको मासु र कोदोको खोले बनाएर खाइन्छ । यो गरेको एकदिन गाउँ बार्ने चलन छ ।

### ४.७.५.भँयर पूजा

वनको राजा बाघलाई खुसी पार्न भँयर पूजा गरिन्छ । यस पूजामा बाखाको पाठी बली चढाइन्छ । यो पूजा पनि फागुन महिनाको कुनै मंगलवारका दिन गरिन्छ । उक्त पूजामा महिला जान नहुने र पूजाको प्रसाद पनि घरमा ल्याउन निषेध गरिन्छ ।पूजा गर्नुभन्दा एक हप्ता अगाडि नै प्रत्येक घरवाट एक एक माना चामल उठाई भाँतको जाँड राखिन्छ र पूजाका दिन भात र मासुसित उक्त जाँड खाइन्छ । खानपिन समाप्त भएपछि गाउँको पाको व्यक्ति पूजास्थल भन्दा अलिपर भुईमा एउटा रेखा र खोपिल्टा बनाएर बस्दछन् । पूजामा सहभागी प्रत्येक व्यक्तिले सो स्थानमा गई रेखा पार गर्नुपर्दछ । यसपछि त्यहाँ रहेका मध्ये पाको व्यक्तिले उसलाई टिमुर खान दिन्छन् र उसको ढाडमा टिमुरको काँडाले तीनपटक हल्का तरिकाले कोर्दछन् । यति भएपछि उसले मुखमा राखेको टिमुर खोपिल्टामा ओकेलेर जानुपर्छ । भँयर पूजा गरेपछि गाउँमा बाघको डर हुदैन भन्ने आमधारणा छ । यस पूजामा तीन दिनसम्म गाउँ बार्ने चलन छ ।

### ४.७.६. शनिश्चरे पूजा

वैशाख महिनाको कुनै शनिवार शनिश्चरे अर्थात सन्सरी पूजा गरिन्छ । यस पूजामा बाखाको पाठो र कुखुराको भालेको भोग दिइन्छ । पूजा समापन भएपछि गाउँका सवैजना एकै स्थानमा वसेर मासु, भात र जाँड खान्छन् । यस पूजामा पनि पूजा गरेको दिन गाउँ बार्ने चलन छ ।

### ४.७.७.नार्खु पूजा

हिउँद महिनामा खडेरी परेर बालीनाली लगाउन असुविधा भएमा गाउँ माथिको डाँडामा नागको थानमा भैंसी वा राँगोको भोग दिइन्छ । दुध खाने नाग राजालाई रगतको भोग दिंदा सो रगतवाट चोखिन नागराजाले पानी पार्दछन् र कृषिमा वढी उत्पादन बढाउन सकिन्छ भन्ने जनविश्वास छ । यसप्रकार पूजा गर्दा सोही दिन वा तीन दिन भित्र पानी पार्ने गरेको कुरा बूढापाकाहरु बताउँछन् ।

### ४.७.८.कुल पूजा

दुरा जातिमा आफ्ना भाइखलक मिलेर आफ्ना कुल देवताको पूजा गर्दछन् । यो पूजा कसैले प्रत्येक वर्ष कसैले ७ र कसैंले १२ वर्षमा पनि गरेको पाइन्छ । कूल पूजा गर्दा लामा वा ब्राह्मण पढाउने चलन छ । यस पूजामा छोरीवेटी एवं अन्य इष्टमित्रहरुलाई पनि आमन्त्रण गरिन्छ ।

### ४.७.९.पितृ पूजा (वार्षिक श्राद्ध)

पितृ पूजा गर्ने प्रकृयालाई दुराहरुले ख्यामा राख्ने भनिन्छ । आफ्ना स्वर्गवासीजनहरुको सम्मान र सम्झनामा प्रत्येक वर्षको वडादशैको अष्टमीको राति भात, तरकारी, मासु, माछा, दही आदि केराको पात माथि राखिन्छ र पानी चढाइन्छ । यो काम घरको मूल व्यक्तिले गर्नुपर्दछ । पितृपूजा गर्ने दिनमा निराहार बसेर नुहाई धुवाई गर्नुपर्दछ । घरको मुल व्यक्ति पुरुष भए कपाल पनि काट्नुपर्छ उक्त परिकारहरु विवाहित चेलीले उठाउनु पर्दछ । उक्त ख्यामा उठाउन आउने चेलीलाई टीका टालो गरी दक्षिणा दिइ खाना ख्वाएर पठाइन्छ ।

### ४.७.१०.अन्य पूजाहरु

दुरा जातिले सामुहिक रुपमा गर्ने पूजाआजाहरु वाहेक अन्य पूजाआजा पनि प्रचलनमा छन् । कालिका देवी, गोरखकालि, गाँडावाज, भागिरथी, छाब्दीवराह जस्ता स्थानीय तथा क्षेत्रीय रुपमा रहेका देवीदेवताहरुको पूजाआजा गर्ने प्रचलन कायमै छ । यसैगरी बूढीदेवता, पारीभित्ता, आइतवारे, वीरपूजा आदि खास कुल वा खलकले गर्ने पूजाआजाहरु पनि प्रचलनमा छन् ।

समग्रमा माथि उल्लेख गरिएका सम्पूर्ण पूजा आजाहरुको विष्लेषण गर्दा के कुरा प्रष्ट पार्न सकिन्छ भने हरेक समाजले परिवर्तनको दिशा लिन्छ तर यसको गति र मात्रा भने फरक हुने गर्छ । मानव समाजको उत्पति देखि वर्तमान सम्म आइपुग्दा समाजको स्वरुप हजारौ पटक फेरिएको छ । यही फेरिने क्रममा दुरा समुदायले पनि कृषि कर्ममा प्रयोग गरेका रैथाने कृषि संस्कारको पनि समयानुकुल परिवर्तन भएको छ ।

## ४.८ कृषि प्रणाली र दुरा जातिका सामाजिक परम्पराहरु विचको सम्वन्ध

अन्य समुदायका जस्तै दुरा समुदायमा पनि आफ्नै खालका सामाजिक परम्पराहरु विद्यमान छन् । ग्रहदशा हेर्ने, पूजा गरिएका कुखुराको चियाँ(कलेजो) हेरेर भविष्यवाणी गर्ने, पर्म लगाउने, हार-गुहार दिने प्रचलन छ । यस जातिका सामाजिक परम्पराहरु यसप्रकार रहेका छन् ।

### ४.८.१.गाउँ वार्ने

हिउँदेवाली लगाउन शुरु गरेपछि असिना पर्दा, उद्यौली उभौली भँयर जस्ता पूजाआजा गर्दा, गाउँमा विवाह हुँदा, गाउँमा मान्छे मर्दा गाउँ वार्ने प्रचलन छ । गाउँ बार्दा खनजोत लगायत खेतीपातीको काम गरिदैन । यसैगरि ढिकी जाँतो एवं काठको काम गरिदैन तर घाँसपात गर्नचाहिं छुट छ । गाउँ वार्दा गाउँवासीहरु किनमेलका लागि स्थानिय हाटवजार जान्छन् । बूढापाकाहरु चाहि नजिकको चौतरी वा पोखरीमा भेला भई डोको नाम्लो बुनेर समय विताउँछन् भने कोही शिकार खेल्न र माछा मार्न पनि जाने गर्छन् । समय परिवर्तन शैली सँग उनीहरुको जीवनशैलीमा पनि परिवर्तन आएको पाइन्छ ।

### ४.८.२. पर्म प्रथा

समुदायमा आधारित श्रम साटासाट गर्ने एक सामाजिक प्रणाली पर्म हो । कोदो रोप्दा, खेतवारीमा मल हाल्दा, दाउरा काट्दा-बोक्दा, धान गोड्दा लगायतका कामहरु आपसमा मिलेर गर्ने परम्पराको नाम नै पर्म लाउनु हो । यतिमात्र नभइ खेतीवाली लगाउँदा, स्याहारसुसार गर्दा, गोडमेल गर्दा तथा बाली भित्र्याउँदा पर्म लगाउने चलन छ । पर्म लगाउन उत्साहित युवा युवतीहरु काम गर्दै मिठा मीठा गित गाउँछन् । यतिवेला मनमोहक सांगेतिक वातावरण सिर्जना हुन्छ । गाउँका विधवा र एकलसरो परिवारले समयमा खेती लगाउन नसक्ने भएकोले त्यस्ता परिवारले गुहार माग्छन् । यसपछि सवै घरका एक एक जना मानिसहरु गएर खेतीवाली लगाइदिन्छन् । यो निश्वार्थ सहयोग हो । यद्यपी घरमूलीले गुहारमा जानेलाई मासु, भात र जाँड खुवाएर स्वागत गर्दछन् । पर्म प्रथासँग गासिएको एउटा रोचक प्रशंग हो लोबारे खाने प्रचलन । पर्म लगाउन प्रथम पटक आएका ठिटाठिटीहरु स्वाभाविक रुपमा पारंगत हुदैनन् । उनीहरुलाइ अधिल्ला दाइ दिदीहरुले काम

सिकाउँछन् । पछि उनीहरु काममा सिपालु हुन्छन् । त्यसपछि आफुलाई काममा सिपालु बनाउन सहयोग गरेवापत रिसियाँ खाने बेलामा प्रथमपटक पर्म लगाउन आएका ठिटाठिटीहरुले अग्रज दाइदिदीहरुलाई दुध, दही, जाँड, रक्सी र केही रकम टक्र्याउँछन् । यसरी टक्र्याइएका वस्तुहरु उपभोग गर्ने चलनलाई 'लोवारे खाने' भनिन्छ । अहिले सन्दर्भ फेरिएको भए पनि केही युवाहरु यो चलनलाई निरन्तरता दिनुपर्छ भनेर संरक्षणको अभियनमा पनि लागेको पाइन्छ ।

### ४.८.३.रिसियाँ खाने

पर्म लगाएर काम गर्ने पर्मेली टोलीलाई 'हुरी' भनिन्छ । हुरीले काम गरेवापत प्राप्त भएको पारिश्रमिक जम्मा गरेर आयोजना गरिने भोजलाई रिसियाँ खाने भनिन्छ । वर्षभरि काम गरेर कामको मौसम समाप्त भएपछि रिसियाँ भोजको आयोजना गरिन्छ । भोजमा गाउँका आमा, वावा, गरुवा, रोदी आमा, देशाली(छिमेकी गाउँका पाहुना)लाई आमन्त्रण गरिन्छ । मासु, भात, रोटी एवं रक्सी खाँदै नाँचगान एवं हाँसखेल गर्ने सिलसिला सुरु हुन्छ । प्राय रिसियाँ हेरी १ देखि ३ दिन सम्म भोज खाने चलन छ । यो रिसियाँ दशै आउन भन्दा अगाडि आयोजना गर्ने चलन छ ।

उपर्युक्त पूजाआजाहरुवाट आफ्नो तथा गाइवस्तु र खेतीपातीको सुरक्षा हुने आमधारणा पाइन्छ । विभिन्न समस्यावाट छुटकारा पाउनको लागि कष्ट परेको समयमा विभिन्न पूजाआजाहरु गरिन्छ । यी माथिका सम्पूर्ण पूजाआजाहरु गर्नुको उद्देश्य 'मानिसको उन्नति, प्रगति, समृद्धि एवं सम्पूर्ण मानव जातिकै कल्याण गर्नु हो' भन्ने परम्परागत मान्यता अनुसार यी प्रचलनहरु एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुदै वर्तमानसम्म अस्तित्वमा रहँदै आएका छन् ।

## ४.९ जीविकोपार्जन कृषि प्रणालीवाट बजारमुखी उत्पादनमा विविधकरण

"जीविकाको विविधिकरण दक्षिण एशिया र दक्षिण पूर्वी एशियमा ग्रामीण जनता र साना किसानहरु माझ गरीवी नियन्त्रणको एउटा महत्वपूर्ण स्रोत हो "(एफ.ए.ओ. र वर्ल्ड वैंक २००१) । जीविकाको शाव्दिक अर्थ "बाँच्नका लागि चाहिने साधन"भन्ने हुन्छ । त्यस्तै विविधिकरण शव्दले "आम्दानीको स्रोतलाई बहुमुखी बनाउनु" भन्ने बुझाउँछ । जीविकाको अवधारणा वर्तमानमा गरिवी निवारण  र ग्रामीण विकासका क्षेत्रमा व्यापक रुपमा प्रयोग

हुने गरेको पाइन्छ । सायद यसको परिभाषा भित्र अन्य भिन्न भिन्न स्रोतवाट लिइएका भिन्न भिन्न अवधारणाको जटिलताले वा  ती अवधारणाको अनिश्चितताले होला पछि यसको अर्थ अन्य वा भ्रामक निष्कन गएको पाइन्छ (केन र म्याकनिकोल,१९८८) ।

जीविकोपार्जनमा क्षमता, सम्पति (भौतिक र सामाजिक स्रोत दुवै) र कृयाकलाप जस्ता साधनहरु समावेश हुन्छन् । जुन वाँच्नका लागि आवश्यक पर्दछ । च्याम्वर र कोन्वेद्धारा दिइएको यस परिभाषालाई धेरैजसो प्राज्ञिक तथा विकासे अभ्यासकर्ताहरुद्धारा स्विकारिएको पाइन्छ (डी.एफ.आइ.डी १९९९) । त्यस्तै एलिस (१९९९) ले जीविकोपार्जनलाई जनताको जीवनयापनद्धारा निर्धारित क्रियाकलाप, सम्पत्ति र पहुँच, जुन व्यक्ति र घरधुरीले प्राप्त गर्दछन् भनि परिभाषित गरेका छन् । यसरी हेर्दा यी दुवै परिभाषाले जीविकोपार्जनलाई व्यक्ति वा घरधुरीको जीवनयापनको तरिका बनाउने साधन भनि स्वीकार गरेको पाइन्छ । एलिस अझै प्रष्ट पार्दै भन्छन्,"जीवनस्तरको सुधार गर्न र जीवनको अस्तित्वका लागि प्रत्येक घरधुरीले निर्माण गरेको कृयाकलाप र सामाजिक क्षमताको समग्रताको प्रकृया नै जीविकोपार्जनको विविधिकरण हो" ।

जीविकोपार्जन इच्छित आवश्यकताहरु प्राप्तिसँग सम्वन्धित विभिन्न कार्य हुन् जसका लागि समाजका विभिन्न तहमा रहेका जीविकाका स्रोतहरुको उपयोग गर्नुपर्ने र जीविकाका लागि निरन्तर संयन्त्रहरुको निर्माण गर्नुपर्ने हुन्छ । स्कुन्स(१९९८)ले जीविकोपार्जनको ३ वटा तत्वहरुको उल्लेख गरेका छन् ती हुन् : पहिलो कृषिको सघनीकरण र व्यापीकरणमा बहुवाली खेती गर्नु वा महंगो बालीको खेती गर्नु भन्ने हुन्छ । दोस्रो जीविकोपार्जनको विविधिकरणलाई हुसेन र नेलसन (१९७०) ले व्यक्ति वा घरधुरीले वातावरणीय चुनौतिलाई सामना गर्न र आम्दानीमा वृद्धि गर्न अपनाइएको बाटोको रुपमा परिभाषित गरेका छन् । तेस्रो जीविकोपार्जनको लागि अपनाउने रणनीति भनेको बसाइसराइ हो, जुन स्वेच्छिक वा अस्वेच्छिक दुवै हुन सक्छ । एलिस (१९९८) का अनुसार बसाइसराई मौसमी (कृषि मौसमको आधारमा), चक्रीय

(गैर कृषि श्रम क्षेत्रमा हुने श्रमको चक्रीय मागको आधारमा), स्थायी (प्राय:ग्रामीणवाट सहरी) र अन्तराष्ट्रिय हुन सक्छन् र एउटा घरधुरीले यी तीनवटा जीविकोपार्जनलाई छुट्टाछुट्टै वा मिश्रित रुपमा प्रयोग गर्न सक्छन् ।

प्रायजसो ग्रामीण क्षेत्रमा कृषि नै जीविकोपार्जनको मुख्य स्रोतको रुपमा रहन्छ (केन र म्याकानिकोल,१९८८) तर कृषि कार्यले मात्र जीविकोपार्जनको लागि पर्याप्न नहुन सक्छ तसर्थ मानिसहरु गैर कृषि कार्यमा पनि संलग्न हुन्छन् । धेरै कम मानिसहरु आफ्ना सम्पूर्ण आवश्यकताहरु एउटा कृयाकलापवाट मात्र प्राप्त गर्छन् । त्यसैले व्यक्ति तथा घरधुरीले आफ्ना आवश्यकता पुरा गर्न बहु कृयाकलापमा संलग्न रहन्छन् । (व्यारेट,रियरडन र वेव २००१) । तसर्थ यहाँ मानिसले जीविकोपार्जका लागि अवलम्बन गरेका विभिन्न कृयाकलाप र रोजाइको समष्टिगत रुप नै जीविकोपार्जन हो भन्न सकिन्छ । जीवनयापनमूलक विभिन्न स्रोतहरु जस्तै : कृषि, बालीनाली, पशुपालन, फलफूल, ज्ञान, शीप, रोजगारी आदिको वरपर रहेको हुन्छ । यस्तो जीवनयापन प्राय स्रोतको पहुँच र नियन्त्रणद्धारा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक परिस्थितिद्धारा प्रभावित हुन्छन् ।

निष्कर्षमा भन्नुपर्दा दुराहरुको परम्परागत पेशाको रुपमा कृषि नै मुख्य रहेको देखिन्छ । वर्तमान अवस्थामा आधुनिकीकरण विश्वव्यापीकरण, औधोगिकिकरण, शिक्षाको अवसर, रोजगारीका अन्य अवसरहरुमा वृद्धि भएको कारण अहिले आएर रैथाने कृषिमा केही परिवर्तनहरु देखिएका छन् । केही यूवाहरु वैदेशिक रोजगारी पश्चात गाउँमा नै केही गर्नुपर्छ भन्ने अभियानमा जुटेका छन् । कतिपयले व्यवसायिक बाखा पालन, तरकारी खेती, गाईपालन, माहुरीपालन जस्ता व्यवसायिक खेतीतर्फ यूवाहरुको आकर्षण बढेको पाइन्छ । अहिले आएर विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था र सहकारीहरुले पनि व्यवसायिक कृषिलाई प्राथमिकता दिएको छ

यद्दपी, विश्वव्यापीकरण, औधोगिकिकरण, सूचनासंचार तथा प्रविधिको विकाससँगै अव रैथाने कृषि संस्कारमा पनि परिवर्तनका संकेतहरु देखिएका छन् । परम्परागत रुपमा खोरिय प्रणालीवाट सुरु भएको कृषि कर्म अहिले आधुनिक हाते ट्याक्टरको माध्यमवाट खनजोत गर्ने लगायत बाली लगाउँदा र भित्र्याउँदा पनि अत्यधुनिक मेशिनरी सामानहरुको प्रयोग भएको पाइन्छ । टकोली, (२००३) का अनुसार, जीविकाको रणनीतिको एकदमै महत्वपूर्ण तत्व भनेको आम्दानीको विविधिकरण गर्नु हो । आफ्नो परिवारको अस्तित्वको निरन्तरताको लागि व्यक्ति र घरघुरीले आफ्नो र घरघुरीको जीविकाको चुनौतिलाई कम गर्दै बाच्नका लागि साध्यको प्राप्ती गर्नुतर्फ लाग्नु नै जिवीकाको विविधिकरण हो ।

एलिस(१९९८) का अनुसार ग्रामीण घरधुरीहरु प्राय जीवननिर्वाहको आवश्यकता पुरा गर्न थुप्रै जीविकाका क्रियाकलापहरुको संयुक्त प्रयोगलाई अगाल्ने गर्दछन्, जसमा विषेश कृषिजन्य उत्पादन, ज्याला, मजदुरी र वन्य उपजहरुको संकलन कार्य पर्दछन् । ग्रामीण घरधुरी भित्र जीविकाको लागि कुनै एक व्यक्तिको कार्य मात्र पर्याप्त नहुन सक्छ तसर्थ धेरैजसो घरधुरी भित्रका सदस्यहरु भिन्न भिन्न कार्यमा संलग्न रहन्छन् (नउरोट्की, हन्टर र डिक्कीन्सन्, २०१२) । त्यसो त समाजशास्त्री इमाइल (दुर्खिम (१८९३) ले पनि परम्परागत समाज र आधुनिक समाज विचको अन्तर श्रम विभाजनको विशिष्टीकरणमा आधारित हुने कुरा स्वीकार गरेका छन् अर्थात उनले आधुनिक समाजलाई परम्परागत समाज भन्दा धेरै र विशिष्ट श्रम विभाजनमा आधारित समाज  भनि चिनाएकाछन्(ओझारदेवकोटा,२०६८)।

# अध्याय पाँच

# उत्तरदाताहरुको पृष्ठभूमि तथा अध्ययन क्षेत्रको परिचय

## ५.१ उत्तरदाताहरुको पृष्ठभूमि

अध्ययन क्षेत्रका उत्तरदाताहरुको लैंगिक स्थिति, वैवाहिक स्थिति, जातिय स्थिति, अतिरित्त पेशाको स्थिति, आफ्नो उत्पादनले वार्षिक गुजारा चल्ने, नचल्ने स्थिति आदिलाई विभिन्न तालिकाको माध्यमवाट यहाँ प्रष्ट पार्ने प्रयास गरिएको छ ।

### ५.१.१ उत्तरदाताको अन्य स्थिति

पारिवारिक संरचना, सहायक पेशाको स्थिति, कृषि पद्दतीमा फरकपनको स्थिति, भौगोलिक स्थिति, क्षेत्रफल तथा भू-उपयोग, बसोवासको अवस्था, माटोको प्रकृति, आदिले समेत नउत्पादनमा असर पार्ने हुनाले सो सम्वन्धि तथ्यांकहरु प्रस्तुत छन् ।

### ५.१.२ परिवारको आकार

परिवारको आकार भन्नाले कुनै पनि परिवारमा रहेका सदस्य संख्यालाई बुझिन्छ । अर्को शब्दमा एउटै घरमा भान्छामा खाना खाने, एउटै घरमा बसोबास गर्ने, जन्म र विवाहले एक आपसमा सम्बन्धित व्यक्तिको समूह नै परिवार हो । परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारिक वनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन् भने कही कतै वृहत संयुक्त परिवार पनि पाइन्छन् । एकल परिवारमा श्रीमान् श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउछ भने संयुक्त परिवारमा एकल दम्पती तीन भन्दा बढी वा तीन पिढिका सदस्यहरु एकै साथ बस्ने गर्दछन् । यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकाले कृषि प्रधान हाम्रो देशमा यस्तो पारिवारिक ढाँचा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको संख्या पनि बढी रहेको छ ।

नेपालमा विभिन्न किसिमका पारिवारिक बनोट भएको देखिन्छ । सहरी क्षेत्रमा आधुनिकीकरणले गर्दा प्रायः एकात्मक परिवारको वनौटमा क्रमैसँग आकर्षण आउन थालेको


पाइन्छ । विशेष गरी पहाडी क्षेत्रको भिरालो र पाखो जमिन नै आफ्नो बसोबासका स्थान गराएका दुरा जातिमा पनि संयुक्त परिवारको मान्यतामा परिवर्तन आइ एकात्मक परिवारतर्फ उन्मुख भइरहेका देखिन्छन् ।

**तालिका नं ५.२:**

**परिवारको आकार**

| **क.सं.** | **परिवारको आकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ३ | ४ | ६.६६ |
| २ | ४ | ११ | १८.३३ |
| ३ | ५ | १७ | २८.३३ |
| ४ | ६ | ९ | १५ |
| ५ | ७ | ४ | ६.६६ |
| ६ | ८ | २ | ३.३३ |
| ७ | ९ | १३ | २१.६६ |
| **जम्मा** | | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




**चित्र नं : ५.३**

तालिका अनुसार अध्ययन क्षेत्रका सम्पूर्ण घर मध्ये ३ जना सदस्य संख्या रहेको परिवार ४ मात्र छ । ४ जना सदस्य रहेको घर परिवार संख्या ११ रहेको छ । जुन कुल संख्याको १८.३३ प्रतिशत हुन आउछ । ५ जना सदस्य रहेको घर परिवार संख्या १७ वटा रहेका छन् । जुन कूल संख्याको २८.३३ प्रतिशत हुन्छ । ६ जना सदस्य रहेको घर परिवार संख्या ९ वटा रहेका छन् । जुन कूल संख्याको १५ प्रतिशत हुन आउछ । ७ जना सदस्य संख्या रहेको घर परिवार ४ वटा रहेका छन् जुन कूल संख्याको ६.६६ प्रतिशत हुन आउछ । ८ जना सदस्य संख्या रहेको घर परिवार संख्या २ वटा रहेका छन् जुन कूल संख्याको ३.३३ प्रतिशत हुन आउछ । ९ जना सदस्य संख्या रहेको घर परिवार १३ वटा रहेका छन्, जुन कूल घर परिवार मध्य २१.६६ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययन एवम् अन्तर्वार्ताबाट अवगत भए अनुसार अन्य जातिमा आएको परिवर्तनको प्रभाव यस दुरा जातिमा पनि परेको देखिन्छ । विवाह भइसकेपछि र आफैँले स्वआर्जन गर्न सक्ने भएपछि १/२ बाल बच्चा जन्मिएपछि यस जातिका सदस्यहरुले प्रायः आफ्नो लोग्ने स्वास्नी र छोराछोरीको मात्र एक परिवार होस भन्ने चाहना गरेको देखियो ।
संयुक्त परिवारमा श्रम विभाजन हुने घरको काममा सबैले सहयोग गर्ने हुँदा संयुक्त परिवारबाट पनि राम्रो भन्ने घरमूलिहरु पनि भेटिए । संयुक्त र ठूलो परिवार भएका पारिवारिक सामाजिक इज्जत हुनुको साथै सुरक्षा र सहयोगात्मक भावना हुनाले ठूलो परिवार राम्रो हुन्छ भन्ने धारणा पनि अध्ययनमा पाइयो ।

### ५.१.३ जग्गा जमिन र खाद्यान्नको अवस्था


दुरा समुदायको धेरै जनसंख्या कृषिमा लाग्ने भए तापनि यस जातिका परिवारलाई आफ्नो जमीनमा काम गरेर उत्पादित खाद्यन्नले कति समय खान पुग्छ भन्ने विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**तलिका नं ५.३ :**

**दुरा समुदायलाई आफ्नो कृषि गरेर खान पुग्ने समय**

| **क्र.स** | **खान पुग्ने समय** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ३ महिना | ३१ | ५१.७ |
| २ | ६ महिना | २६ | ४३.३ |
| ३ | १ वर्ष | २ | ३.३३ |
| ४ | छैन | १ | १.६६ |
| | **जम्मा** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




**चित्र नं : ५.४**

माथिको तालिका बाट के जानकारी प्राप्त हुन्छ भने अध्ययन क्षेत्रका जम्मा घर धुरी मध्ये सवैभन्दा वढि ५१.७ प्रतिशत घरधुरिका मानिसहरुले जम्मा ३ महिना मात्र खान पुग्ने देखिन्छ भने ४३.३ प्रतिशत लाई ६ महिना मात्र खान पुग्ने रहेछ । ३.३३ प्रतिशत घरधुरिका

मानिसहरुले मात्र १ वर्षसम्म खान पुग्ने देखिन्छ भने १.६६ प्रतिशत घरधुरिका मानिसहरुको आफ्नो खेतबारी नभएको पाइयो ।

यो समुदायमा कति परिवारलाई हात मुख जोड्न समेत धौ पर्ने स्थिति छ । कृषि जग्गा कम परम्परागत कृषि प्रणाली र पाखा पखेरामा जमिन भएको हुनाले खेत वारिको अन्न उत्पादनले खान नपुग्ने देखिन्छ । त्यसकारण केहीले अरुको घरमा ज्याला मजदुरी र अर्काको खेत अधियाँमा कमाएर हात मुख जोर्ने गरेको पाइन्छ । यिनिहरुको प्रमुख पेशा कृषि र पशुपालन नै हो । पशुपालन पनि आर्थिक अभावका कारणले धेरै संख्यामा, राम्रो गुणस्तरिय तथा व्यावसायिक रुपले गरेको देखिदैन । यही कारणले पनि आर्थिक अभाव हुन पुगेको हो । आफ्नो जग्गा प्रशस्तै नहुनु र भए पनि उर्वर जग्गा अति कम भएकोले पनि यिनिहरुलाई जिविकोपार्जनका लागि कठिन भएको देखिन्छ । यसरी सर्वेक्षण गरिएका घरधुरीमध्ये खाद्यन्न पुग्ने परिवारको संख्या निकै कम दखिन्छ ।

## ५.१.४ आर्थिक स्रोतको माध्यम


यस समुदायमा आफ्नो जीविको पार्जनको माध्यम कृषि पशुपालन वैदेशिक रोजगार ज्यालादारी र अन्य पेशालाई वनाएका छन् । सरकारी जागिर तिर यिनिहरुको पहुच कम भएको अवस्था छ । केहि कम मात्रामा नेपाली सेना नेपाल प्रहरी तिर सहभागिता भए पनि निजामति सेवा, शिक्षा, सेवा तिर थोरे प्रतिशत मात्र सहभागिता छ ।

**तालिका नं : ५.४**

**:आर्थिक स्रोतको माध्याम**

| क्र.स | आर्थिक स्रोतको माध्यम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १७ | २८.३३ |
| २ | पशुपालन | ५ | ८.३३ |
| ३ | वैदेशिक रोजगार | २४ | ४० |
| ४ | ज्यालादारी | ८ | १३.३३ |
| ५ | अन्य | ६ | १० |
| | **जम्मा** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०




**चित्र नं : ५.५**

माथिको तालिका अनुसार आर्थिक स्रोतको माध्याम विषेश गरि कृषि १७ घर परिवारले अपनाएका छन जुन कुल संख्याको २८.३३ प्रतिशत हुन आउछ । पशुपालन लाई जिविकोपार्जनको माध्याम जम्मा ५ घर परिवारले मात्र वनाएका छन जुन कुल संख्याको ८.३३ प्रतिशत हुन आउछ । वैदेशिक रोजगार लाई आर्थिक स्रोतको माध्याम वनाउने घर परिवार २४ रहेको जुन कुल संख्याको ४० प्रतिशत हुन आउछ । लगभग आर्थिक स्रोतका माध्याम मध्य आधार भाग वैदेशिक रोजगारले ओगट्न पुगेको छ । ज्यालादारी मा संलग्न परिवार जम्मा ८ रहेको छ जुन कुल संख्याको १३.३३ प्रतिशत हुन आउँछ भने अन्य माध्याम वनाउने परिवार संख्या ६ रहेको छ जुन कुल  संख्याको १० प्रतिशत हुन आउछ ।

# अध्याय - ६

# सिंदुरे गा.वि.स.को परम्परागत कृषि प्रणालीमा देखिएका परिवर्तनहरु

## ६.१ कृषि उत्पादनमा तुलनात्मक फरक स्थिति

समयको परिवर्तनसँगै जगतका विभिन्न इकाईमा परिवर्तन हुदै जान्छन् । परिवर्तन एक सार्वभौम नियम हो । समाजमा देखा पर्ने परिवर्तनसँगै समाजको सामाजिक, आर्थिक, सांस्कृतिक शैक्षिक लगायतका विभिन्न पक्षमा परिवर्तन देखा पर्दछन् । यही परिवर्तन हुने क्रममा सिंदुरे गा.वि.स.को निर्वाहमूखी कृषि प्रणालीमा पनि परिवर्तन देखिएका छन् । ती परिवर्तनका विभिन्न कारणहरु छन् । समग्र स्थलगत सर्वेक्षण तथा विभिन्न स्रोतवाट संकलित तथांकहरुको विश्लेषण, वर्गीकरण र तालिकीकरणवाट प्राप्त परिवर्तन देखा परेको छ । कृषि उत्पादन, पशुपालन, वाली विविधिकरण, खेती लगाउने पद्धति लगायतका क्षेत्रमा परिवर्तन देखा परेका छन् । यस्ता परिवर्तनहरुलाई निम्न तथ्यांकको आधारमा प्रष्ट्याउने प्रयास गरिएको छ ।

### ६.१.१.धान उत्पादनको स्थितिः

नेपालको कृषिजन्य उत्पादनमा धान उत्पादनको विशेष भूमिका पाइन्छ । नेपालका सम्पूर्ण जिल्लाहरुमा धान खेती गरिन्छ । नेपालीहरुको प्रमुख खानामा भातको विशेष महत्व रहेको छ । तसर्थ अध्ययन क्षेत्रमा पनि सदियौ देखि धान उत्पादन हुदै आएको छ ।

## अध्ययन क्षेत्रमा धान उन्पादनको तुलनात्मक स्थितिः

**तालिका नं : ६.१**

**पहिलेको धान उत्पादन**

| धान उत्पादन मुरीमा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | १२ | २० |
| ४-६ | ९ | १५ |
| ७-९ | ८ | १३.३ |
| १०-१२ | १५ | २५ |
| १३-२० | १६ | २६.७ |
| **कुल** | **६०** | **१००** |

**तालिका नं : ६.२**

**अहिलेको धान उत्पादन**

| धान उत्पादन मुरीमा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | १८ | ३० |
| ४-६ | १५ | २५ |
| ७-९ | १० | १६.७ |
| १०-१२ | ७ | ११.७ |
| १३-२० | ८ | १३.३ |
| २० भन्दा माथि | २ | ३.३ |
| **कुल** | **६०** | **१००** |

स्रोतःस्थलगत सर्वेक्षण २०७०

यस क्षेत्रको धान उत्पादनको तथांकलाई हेर्दा ३० वर्ष पहिले १३-३० मुरी धान उत्पादन गर्ने संख्या अधिक रहेको पाइयो । जसमध्ये २६.७ प्रतिशत घरले १३-२० मुरी धान उव्जाउथे

। सवैभन्दा कम धान उत्पादन गर्ने परिवार पहिले ८ प्रतिशत थियो । जसले वार्षिक ७-९ मुरी धान उव्जाउथे । हालको तथांकलाई हेर्दा १-३ मुरी धान उत्पादन गर्ने संख्या अधिक छ । जसले २० प्रतिशत हिस्सा ओगटेको छ । त्यसैगरि ४-६ मुरी धान उत्पादन गर्ने परिवार १५ प्रतिशत रहेका छन् भने २० मुरी भन्दा माथि धान उत्पादन गर्ने परिवार जम्मा ८ प्रतिशत रहेका छन् ।

यसरी समग्रमा तालिकालाइ आधार मान्दा धान उत्पादन घटेको देखिन्छ । १-३ र ४-६ मुरी धान उत्पादन गर्ने परिवारको संख्या भने पछिल्लो समयमा आएर बढेको देखिन्छ । उत्पादन कम हुनुमा विभिन्न आन्तरिक कारणहरु जिम्मेवार छन् ।

## ६.१.२ मकै उत्पादनको स्थितिः

मकै नेपालको पहाडी क्षेत्रमा पाइने महत्वपूर्ण वाली मध्ये एक हो । यसवाट विभिन्न परिकारहरु बनाउन सकिन्छ । लगायत पशुपंक्षीको आहार दानाको रुपमा पनि यसको प्रयोग बढी मात्रामा भएको पाइन्छ । अध्ययन क्षेत्रमा मकै उत्पादनको स्थिति यस प्रकारको रहेको पाइन्छ ।

**अध्ययन क्षेत्रको मकै उत्पादनको तुलनात्मक स्थितिः**

**तालिका नं : ६.३**

**पहिलेको मकै उत्पादनको स्थिति** :

| **मकै उत्पादन मुरीमा** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-३ | १२ | २० |
| ४-६ | १६ | २६.६ |
| ७-९ | ८ | १३.३ |
| १०-१२ | ७ | ११.६ |
| १३-२० | १३ | २१.६ |
| २० भन्दा माथि | ४ | ६.६ |
| **कुल** | **६०** | **१००** |

स्रोत:स्थलगत सर्वेक्षण २०७०

**तालिका नं : ६.४**

**अहिलेको मकै उत्पादनको स्थिति :**

| मकै उत्पादन मुरीमा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| **१-३** | १० | १६.६ |
| **४-६** | २६ | ४३.३ |
| **७-९** | ७ | ११.६ |
| **१०-१२** | १२ | २० |
| **१३-२०** | ३ | ५ |
| **२० भन्दा माथि** | २ | ३.३ |
| **कुल** | **६०** | **१००** |

स्रोत:स्थलगत सर्वेक्षण २०७०

३० वर्ष पहिले ४-६ मुरी मकै उत्पादन गर्ने परिवार २६.६ प्रतिशत रहेको पाइन्छ । भने १३-२० मुरी मकै उत्पादन गर्ने परिवार २१.६ प्रतिशत रहेका छन् । त्यस्तै गरी १०-१२ मुरी सवैभन्दा कम मकै उत्पादन गर्ने परिवारको संख्या ७ रहेको छ जुन कुल संख्याको ११.६ प्रतिशत हुन आउँछ ।

अहिलेको तथ्यांक हेर्दा ४-६ मुरी मकै उत्पादन गर्ने परिवार संख्या सवैभन्दा बढी छ, जुन कुल संख्याको ४३.३ प्रतिशत हिस्सा ओगटेको पाइन्छ । १०-१२मुरी मकै उत्पादन गर्ने परिवार २० प्रतिशत रहेका छन् भने २० मुरी भन्दा वढी उत्पादन गर्ने परिवार ३.३ प्रतिशत रहेका छन् ।

## ६.१.३ कोदो उत्पादनको स्थिति:

कोदो नेपालका अधिकांश पाखो वारीमा उत्पादन हुने महत्वपूर्ण खाद्यान्नवाली हो । यसवाट रोटी र ढिडो जस्ता परिकार बनाइन्छ । पशुपंक्षीलाई दानाको रुपमा पनि यसको प्रयोग गरिन्छ । कोदोवाट मादक पदार्थ समेत उत्पादन हुने हुनाले यो महत्वपूर्ण एक कृषिवाली हुन गएको छ । तलको तालिकाले कोदो उत्पादनको तुलनात्मक स्थितिलाई दर्शाएको छ :

## अध्ययन क्षेत्रको कोदो उत्पादनको तुलनात्मक स्थितिः

**तालिका नं : ६.५**

**पहिलेको कोदो उत्पादनको स्थिति** :

| **कोदो उत्पादन मुरीमा** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-३ | २२ | ३६.६ |
| ४-६ | १८ | ३० |
| ७-९ | ८ | १३.३ |
| १०-१२ | ७ | ११.६ |
| १३-२० | ४ | ६.६ |
| २० भन्दा माथि | २ | ३.३ |
| **कुल** | **६०** | **१००** |

स्रोतःस्थलगत सर्वेक्षण २०७०

**तालिका नं : ६.६**

**अहिलेको कोदो उत्पादनको स्थिति** :

| **कोदो उत्पादन मुरीमा** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-३ | ४४ | ७३.३ |
| ४-६ | १३ | २१.७ |
| ७-९ | ३ | ५ |
| **कुल** | **६०** | **१००** |

स्रोतःस्थलगत सर्वेक्षण २०७०

तीस वर्ष पहिले १-३ मुरी कोदो उत्पादन गर्ने परिवारको संख्या अधिक रहेको छ । जसले कुल उत्पादनको ३६.६ प्रतिशत हिस्सा ओगटेको छ । त्यस्तैगरी  ४-६ मुरी कोदो उत्पादन गर्ने  परिवार संख्या ३० प्रतिशत रहेको छ । २० मुरी भन्दा वढी कोदो उत्पादन गर्ने ३.३ प्रतिशत परिवार रहेका छन् ।

हालको स्थितिलाई हेर्दा कोदो उत्पादन एकदमै घटेको छ । कतिपय परिवारले त पूर्णतय कोदो लगाउन समेत छाडेका छन् । १-३ मुरी कोदो उत्पादन गर्ने परिवार ३७ रहेको छ । जसले ७४ प्रतिशत ओगटेको छ । त्यसैगरी ४-६ मुरी कोदो उत्पादन गर्नेहरुको संख्या २२ प्रतिशत छ । ९ मुरी भन्दा माथि कोदो उत्पादन गर्ने परिवार अहिलेको अवस्थामा छैनन् । त्यस कारण समग्रमा भन्नु पर्दा कोदो उत्पादन अहिलेको अवस्थामा घटिरहेको छ ।

## ६.२ निष्कर्ष

यसरी उपयुक्त विभिन्न तालिकाका तथ्यांकहरुलाई आधार मानी विश्लेषण गर्दा सिंदुरे गा.वि.स को कृषि उत्पादन सन्तोषजनक पाउन सकिएको छैन । समग्र कृषि उत्पादनमा कमी आएको देखिन्छ । जसले गर्दा गाइ, भैंसी लगायत पशुवस्तुको संख्यामा पनि कमी देखिन्छ । पशुवस्तु कम पाल्ने हुनाले मलको मात्रामा कमी हुनाले उत्पादन घट्न गएको छ । गाईपालनलाई व्यवस्थित गर्न नसक्दा गोरुको अभाव भएकै कारण समयमा वाली लगाउन नसकिने अवस्था सृजना भएको छ ।

दुरा जातिको बाहुल्य रहेको यस गा.वि.स.मा २४२ घरधुरी मध्ये १९९ घरधुरी दुरा जातिको मात्र छ । त्यसैले गर्दा कृषि कर्म गर्ने सवालमा पनि महिला र पुरुषको समान सहभागिता भएको पाइन्छ । विशेषगरी खेतीवारीको काममा त सवैभन्दा वढी महिलाको नै भूमिका वढी भएको पाइन्छ । जसले गर्दा ठीक समयमा काम गर्न नसकिएको अवस्था पनि रहेको छ भने अर्कोतर्फ वैदेशिक रोजगारी गर्ने बहानामा धेरै युवाहरु विदेशीएको अवस्थाले गर्दा पनि कृषिमा महिला सहभागिता बढ्न गएको प्रष्ट हुन आउँछ । त्यस स्थानमा बाहुन, क्षेत्री, गुरुङ, कामी, दमै र सार्की पनि रहेका छन् । विशेष गरि खेतीपातीको धेरै कामहरु द्युरा जातिले नै अपनाएको पाइन्छ र खेतीपाती गर्ने सम्पूर्ण काम पनि परम्परागत खालको मात्र छ । यसकारण कृषिलाइ व्यवसायिकतर्फ अग्रसर गराउन नसकिएको प्रष्ट हुन्छ । कृषिमा आश्रीत परिश्रमी कृषक भएर पनि आधारभूत आवश्यकता परिपूर्ति गरी पारिवारिक गुजारा चलाउन नसकिरहेको अहिलेको अवस्थाले गर्दा बहुसंख्याक कृषकहरुमा कृषि पेशा प्रति नै रुचि कम भएको अवस्था छ ।

यसरी माथिका तालिकाहरुको आधारमा ३० वर्षको अन्तरालमा कृषिमा खासै सकरात्मक परिवर्तन आएको देखिदैन । कृषि कार्य गर्ने कृषकहरु क्रमशः परनिर्भर बन्दै गएका छन् ।

पशुपालन र कृषि बाली उत्पादन दुवैमा ह्रासोन्मुख अवस्था छ । कृषिवाट गुजारा गर्ने परिवारको बचत प्राय शुन्य देखिन्छ । यसरी यस क्षेत्रको गुजारा कृषिमा नकरात्मक परिवर्तनहरु देखापरेका छन् । बजारको माग अनुसारको उत्पादन गर्न नसकिने अवस्था छ । कृषि क्षेत्रका विभिन्न समस्या र चुनौतीले गर्दा कृषकहरु निराश बन्दै गएको अवस्था छ ।

# अध्याय : सात

# निर्वाहमूखी कृषि प्रणालीका समस्या र चुनौतीहरु

यो अध्ययन कृषिसँग सम्वन्धित छ । अध्ययनको क्रममा यस सिंदुरे गा.वि.स.मा निरन्तर कृषि पेशामा संलग्न ६० कृषकसँग प्रश्नावली र यस क्षेत्रका कृषिमा विशेष जानकार व्यक्तिहरुको अन्तर्वाता लगायत आदिवासीको विशेष बाहुल्यता रहेका क्षेत्र भएकै कारण विभिन्न अनुभवहरुलाइ समेत आधार मानी सत्यतथ्य पत्ता लगाउन, तथ्यांक संकलन र विश्लेषण गर्ने कार्य गरियो । सीमित साधन स्रोत र समय सीमामा गरिएको यस अध्ययनवाट यस क्षेत्रका कृषकहरुको विभिन्न समस्याहरु रहेको पाइयो ।

## ७.१ कृषिमा गुणात्मक र मात्रात्मक वृद्धि हुन नसक्नामा कारणहरु :

**तालिका नं : ७.१**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| आधुनिक तालिम तथा औजारको अभाव | ६४ | १७.८ |
| कीटनियन्त्रणको अभाव | ४५ | १२.५ |
| मलजलको कमी | ३६ | १० |
| पर्याप्त भूमिको अभाव | ३३ | ९.२ |
| बजारको अभाव | ४४ | १२.२ |
| सिंचाइको अभाव | ६६ | १८.३ |
| प्राविधिक ज्ञानको अभाव | ५७ | १५.८ |
| वन्यजन्तुकोप्रकोप | १५ | ४.२ |
| **कुल** | **३६०** | **१००** |

स्रोत:स्थलगत सर्वेक्षण २०७०

माथिको तालिकालाई आधार मान्दा अध्ययन क्षेत्रको कृषिमा गुणात्मक र मात्रात्मक वृद्धि नहुनाका कारणहरुलाई दर्शाइएको छ । कुल १९४ जना उत्तरदातासँग गरिएको उपर्युक्त तथ्यांक संकलनमा ६६ जना उत्तरदाताले सिंचाइको अभाव प्रमुख कारण ठानेका छन् जुन कुल उत्तरदाताको १८.३ प्रतिशत हुन आउँछ । त्यसैगरी आधुनिक तालिम तथा औजारको अभावमा १७.८ प्रतिशत, कीट नियान्त्रणको अभावमा १२.५ प्रतिशत, प्राविधिक ज्ञानको

अभावमा १५.८ प्रतिशत, पर्याप्त भूमीको अभावमा ९.२ प्रतिशत, मलजलको कमीमा १० प्रतिशत र वन्यजन्तुको प्रकोपमा १२.२ प्रतिशत रहेका छन् । उपयुक्त तालिकामा देखाइएको समस्याहरुको आधारमा यस क्षेत्रका निर्वाहमुखी कृषिका समस्याहरुलाई चरणवद्धरुपमा व्याख्या गरिएको छ ।

## ७.२ सिंचाइको अभाव

मध्य पहाडी भूभाग भएकोले समग्रमा हेर्दा यस क्षेत्रमा सिंचाइको व्यवस्था छैन । आकाशे पानीको भरमा खेतीपाती गर्नुपर्ने अवस्था छ । सिंचाइ नभएकै कारणले गर्दा मौसमी जलवायुमा निर्भर हुनुपर्ने अवस्था छ । जसले गर्दा कृषिले राम्रो उत्पादन दिन सकेको छैन । बर्षातको पानीलाई व्यवस्थित गर्ने प्रयास समेत भएको पाइदैन ।

## ७.३ प्रविधिको अभाव

यस क्षेत्रमा आधुनिक औजार प्रयोग गरी खेतीपाती गर्ने प्रचलन छैन । परम्परागत सामाग्रीहरु जस्तै हलो, कुटो, कोदालो, हँसिया, डोको, नाम्लो जस्ता सामाग्रीहरुको प्रयोग गरी खेतीपाती लगाइन्छ । जसको कारणले गर्दा उत्पादन लागत बढी पर्छ । यस क्षेत्रका किसानहरु गाइ पाल्दैनन् । जसले गर्दा गोरुको अभाव हुने गरेको अवस्था छ भने अर्कोतर्फ राँगोलाई पनि खेत जोत्ने काममा प्रयोगमा ल्याउन सकिएको छैन । यस्ता समस्याले गर्दा निकट भविष्यमा कृषिलाई झनै संकट पर्ने अवस्था सिर्जना भएको छ । जसले गर्दा यसका वैकल्पीक उपायहरुको व्यवस्था गरिहाल्नुपर्ने देखिन्छ ।

## ७.४ कृषि तालिमको अभाव

कुन समयमा कस्तो बाली लगाउने ?, मौसमी पात्रोको आधारमा कसरी काम गर्ने ?, कुन कुन व्यवसायलाइ अन्तरसम्वन्धित गरेर अगाडि बढेमा आम्दानी लिन सकिन्छ भन्ने कुरा तालिम, गोष्ठी, छलफल र अन्तरक्रियावाट मात्र थाहा हुन्छ । यस क्षेत्रका कृषकहरु नत एक अर्कामा छलफल नै गर्छन्, न कृषि तालिमको व्यवस्था छ । त्यसैले यस क्षेत्रका मौसमी कृषकहरुलाई उचि अवसरको अभावले गर्दा ६ महिना त्यसै बसेर समय विताउनुपर्ने अवस्था छ । प्राविधिक सल्लाह लिई र नलिइ खेतीपाती गर्ने कृषकहरुको स्थितिलाई निम्न तालिका द्वारा स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं : ७.२**

**प्राविधिक सल्लाह लिई खेतीपाती गर्ने स्थिति:**

| **विवरण** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| सल्लाह नलिई | ५५ | ९१.७ |
| सल्लाह लिइ | ५ | ८.३ |
| **जम्मा** | **६०** | **१००** |

स्रोत:स्थलगत सर्वेक्षण २०७०

यस क्षेत्रमा खेतीपाती गर्ने क्रममा प्राविधिक सल्लाह लिने प्रचलन छैन । किनभने व्यक्तिगत लगायत सरकारी तवरवाट समेत त्यस्तो चेतनाको विकास हुन नसकेको कारण ९१.७ प्रतिशत कृषकहरु प्राविधिक सल्लाह विना नै परम्परागत रुपमा खेतीपाती गर्ने गर्छन् । भने जम्मा ८.३ प्रतिशत किसानले मात्र प्राविधिक सल्लाह लिने गरेको पाइन्छ ।

## ७.५ माटो बग्ने समस्या

यस क्षेत्रको भौगोलिक बनावट हेर्दा भिरालो प्रकृतिको छ । यस क्षेत्रका कृषकहरुसँग खेतीयोग्य जमीन एकदमै कम छ । भएका जग्गा पनि भिरालो ठाउँमा भएको हुनाले वर्षातको समयमा मलिलो माटो सबै बगाएर लैजान्छ जसले गर्दा अनाज उत्पादन पनि कम हुने गर्छ ।

## ७.६ बजारसँग सिधा सम्पर्कको अभाव :

यस क्षेत्रमा उत्पादित खाद्यान्न, तरकारी, फलफूल तथा अन्य नगदेवाली भनेर चिनीने वालीहरु बेच्नको लागि उचित किसिमको बजारको अभाव छ अर्थात किसानहरु परम्परागत खेतीमा नै निर्भर हुने हुनाले उनीहरुलाई खेती लगाउने तरीका, मलजल सम्वन्धी जानकारी, प्राविधिक ज्ञानको अभाव जस्ता विविध कारणहरुले गर्दा बजारमा आफ्नो उत्पादन बेच्नुपर्छ र आर्थिक लाभ लिनुपर्छ भन्ने धारणा कम छ । अर्कोतर्फ सडक निर्माण गर्ने क्रममा पनि राजनीतिक दाउपेच, प्राविधिक गडवडी तथा चलाख वर्गको दाउपेचले गर्दा व्यवस्थित सडक निर्माण हुन सकिराखेको छैन जसले गर्दा बजारको भरपर्दो संजाल नभएकै कारण

उत्पादित सामानलाई बजारसम्म पुर्‍याउने माध्यम नभएको कारणले गर्दा पनि अन्य क्षेत्रको उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेको छैन र कृषि उत्पादन ओझेलमा परेको छ ।

## ७.७ बाली निरीक्षक प्राविधिकको अभाव

यस क्षेत्रमा लगाइने विभिन्न प्रकारका बालीनालीहरुको प्राविधिक निरीक्षण गराउने चलन र व्यवस्था छैन । समय समयमा बालीमा लाग्ने विभिन्न रोग र किराको यथार्थ जानकारी विना नै नाबालीमा मलखाद र कीटनाशकको प्रयोग गरिन्छ । जसले गर्दा या विरुवा सप्रन्न या सप्रे पनि बिषयुक्त उब्जनी दिन्छ । साथमा जथाभावि बिषको प्रयोग गर्नाले सम्पूर्ण पर्यावरणलाई नै दुषित तुल्याउँछ । 'कस्तो माटोमा कुन खेती उपयुक्त हुन्छ' भन्ने जानकारी छैन, माटोमा रहेको अम्लीयपन र क्षारीयपनको परीक्षण विना नै अन्दाजका भरमा परम्परागत खेती गर्नुपर्ने बाध्यात्मक अवस्था छ । नयाँ खेती लगाउन जोखिम मोलेर खेती गर्ने किसानहरुले पनि हचुवाको भरमा काम गर्दा उत्पादन कम हुने, ऋणमा फस्ने र निराशपूर्ण जीवन विताउनुपर्ने अवस्थामा छन् । रासायनिक मल र किटनाशक औषधी प्रयोगको स्थितिलाई निम्न तालिकावाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका नं : ७.३**

**कृषिमा रासायनिक मल र कीटनाशक औषधीको प्रयोग गर्ने स्थितिः**

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| रासायनिक मल प्रयोग गर्ने | ५० | ८३.३ |
| रासायनिक मल प्रयोग नगर्ने | १० | १६.७ |
| **जम्मा** | **६०** | **१००** |

स्रोतःस्थलगत सर्वेक्षण २०७०

माथिको तालिकामा रासायनिक मल,कीटनाशक औषधीको प्रयोग गर्ने र नगर्ने अवस्थालाई देखाइएको छ । यस क्षेत्रका ५० प्रतिशत कृषकहरुले आफ्नो खेतीपातीमा रासायनिक मल र कीटनाशक औषधी प्रयोग गर्छन् जुन कुल संख्याको ६० जना हुन आउँछ । रासायनिक मल र कीटनाशक औषधी प्रयोग नगर्ने परिवार १६.७ प्रतिशत अर्थात १० जना मात्र छन् ।

## ७.८ कृषि सहकारीको अभाव

यस क्षेत्रमा कुनै पनि कृषि सहकारी, कृषि विकास वैंक तथा कृषिलाई बढवा दिने वित्तिय संस्थाको स्थापना हुन सकेको छैन । जसको कारणले गर्दा कृषकहरुले खेतीपाती लगाउने समयमा आर्थिक संकट बेहोर्न बाध्य छन् । फलस्वरुप कम लगानीमा खेतीपाती लगाउनुपर्ने बाध्यत्मक अवस्था छ । जसले गर्दा उत्पादनमा नकरात्मक असर पर्ने कुरा निश्चित छ ।

## ७.९ परम्परागत सोच

यस क्षेत्रका किसानहरुले परिस्थितिको विश्लेषण, अध्ययन र जोखिम बहन गरी नयाँ सोचको विकास गरी कृषिमा नयाँ तरीका अपनाइ अगाडी बढ्नु भन्दा बाबुबाजेले परम्परागत रुपमा खेतीपाती लगाउने तरीकालाई नै अपनाएका छन् । हुन त सवै परम्परागत तरीका गलत हुन्न् तर समय परिस्थिति अनुसार खेतीपाती लगाउने तरिका, माटो अनुसारको कृषि उपजको पहिचान नगरी खेती गर्ने लगायतका कुरामा जानकारी नहुदा नेपालको कृषि क्षेत्रले प्रगति गर्न सकेको छैन । यहाँका किसानहरुले आफ्नो खेतीवारीमा दैनिक पसिना बगाइरहेका छन् । यति धेरै मेहनत लगाएर कृषि पेशामा संलग्न हुँदै आए पनि अधिकांश मुस्किलले ३ महिना मात्र गुजारा चलाउछ ।

## ७.१० पशुपालनमा कमी

यस क्षेत्रमा दिनप्रतिदिन पशुपालनको संख्यामा कमी हुँदै गएको छ । जग्गा बाँझो राख्ने प्रवृति, प्रचुर घाँसपात, स्याउला, दाउरा आदिको कमी, परिवारमा काम गर्ने सदस्य नहुनु लगायतका विविध कारणले गर्दा पशुपालनको संख्यामा कमी आएको छ । जसले गर्दा खेती लगाउने जमीनमा आवश्यक मात्रामा मल पुर्‍याउन नसकिने अवस्था छ । पशुपालनवाट उत्पादित दुध, मासु, छाला, मल आदि विक्रिवाट प्राप्त हुने कम आम्दानीको अवस्थाले गर्दा कृषिमा ह्रास आएको छ । पशुपालनमा नै कमी आएपछि खेतवारीमा हाल्नको लागि मल कम हुने हुनाले उत्पादना नकरात्मक असर परेको छ ।

## ७.११ जग्गाको असमान वितरण

कृषि क्षेत्रको मुख्य समस्या र चुनौती भनेको कृषिमा आश्रित बहुसंख्यक नेपाली किसानसँग जग्गा नहुनु नै हो । जोसँग जग्गा छ, उ खेतमा काम गर्दैन तर उसले उत्पादनको धेरै

हिस्सा लैजाने गर्छ। आजसम्म भूमि, हुनेखाने र माथिल्लो वर्गका सिमित व्यक्तिको अतिरिक्त आम्दानीको स्रोत बढाउने माध्यम बनेको छ । यसले गर्दा उत्पादनका साधन जमीन र त्यसको महत्वपूर्ण भागवाट कृषकलाई अलग राखिदिएको छ । जसको प्रत्यक्ष असर उत्पादनमा परेको छ । भूमिहीन परिवारले अरुको खेतमा कमाउने गर्छन् । जसले गर्दा उनीहरु हरुवाचरुवाको रुपमा काम गर्नुपर्ने बाध्यात्मक अवस्थामा बाँच्न बाध्य छन् । यस्तो विषम परिस्थितिमा कृषि उत्पादनका लागि दीर्धकालीन लगानी न जग्गाधनीले गर्छ न मोहीले नै । त्यसैले कृषि सवैका लागि उपेक्षित पेशाको रुपमा विकास हुन थालेको छ । युवाहरु कृषिमा संलग्न हुन रुचाउँदैनन् । जस्तोसुकै अप्ठ्यारो र दु:ख पीडा सहेर भए पनि आफ्नो परिवारको जिवीकोपार्जनका लागि विदेशिने नेपाली युवाहरुको संख्या बढ्दै गएको छ तर आफ्नै देशको जग्गामा कडा मेहनत गरेर खेती गर्न सकियो भने यसवाट सुन फलाउन सकिन्छ भन्नेमा विश्वास गर्न सकिएको अवस्था छैन । यस्तो अवस्थामा प्रत्येक नेपालीको खाद्य पहुँच बढाउनुपर्ने तथा भोकमरी र कुपोषणवाट सवैलाइ मुक्त गराउनुपर्ने चुनौती राज्य समक्ष आउन थालेको छ । यसरी भूमी माथिको असमान वितरणले गर्दा उत्पादन लगायतका विविध क्षेत्रमा निकै असर पारेको छ।

## ७.१२. कृषि प्रतिको नकरात्मक धारणा

यस क्षेत्रका किसानहरु प्राय: आफ्ना सन्ततिले कृषि पेशा नगरे हुन्थ्यो भन्ने चाहना राखेको पाइन्छ। किनकी आज मानिस सुविधा भोगी बन्दै गइरहेको अवस्थाले गर्दा विशेष गरी युवा वर्गमा धारणा फरक भएको पाइन्छ। 'देश पसे केही भइने, घरमा बसे हली कहिने' सोचले गर्दा सम्पूर्ण यूवाशक्ति पलायन हुने प्रवृति बढी भएको कारणले गर्दा कृषिको विकासमा थप अवरोध पुगेको छ।

## ७.१३. कृषि सामाग्री भण्डारको अभाव :

यस क्षेत्रमा प्राचीनकालदेखि नै खेतीपाती गरिदै आएको भए तापनि परम्परागत रुपमा खेतीपाती गर्ने प्रचलनले गर्दा उन्नत कृषि विउविजन, कीटनाशक औषधी, मलखाद, औजार सहज प्राप्त गर्न सकिने कृषि सामाग्री केन्द्रको अभाव छ । खेती लगाउने समयमा मल, वीउ, किटनाशक औषधी लगायत औजार अभावको सामना गर्न किसानहरु बाध्य छन् । जसले गर्दा कृषि उत्पादनमा नकरात्मक प्रभाव परेको छ।

## ७.१४. कृषि क्षेत्रको व्यवसायिक विकासमा कृषि सहकारी कानूनको अभाव

कृषिको मुख्य आधार भनेको उपलब्ध जमिन हो । नेपाल राष्ट्र यही हो जसले विगतमा आफूले उत्पादन गरेको कृषि उपजहरुलाई विदेशी राष्ट्रमा निर्यात गरेका विगत हामीसँग छ । अहिले नेपाली जटिलता थपिएका छन् त्यसलाई पनि पार गर्दै हाम्रो जस्तो देशले कृषि उपजका लागि निर्यात प्रधान राष्ट्रका रुपमा परिचित हुनुपर्ने अवस्था नेपालमा उपलब्ध प्राकृतिक स्रोत साधनले देखाइरहेको छ तर आज कता जाँदैछ मुलुक ? कता जाँदैछ हाम्रो कार्य क्षमता र विशेषता ? यो गम्भीर सवाल हो ।

जमिन बाँझो छोड्दै सहर केन्द्रित हुने स्वाभावको विकासमा भएको तीव्रतालाई राज्य र यहाँ क्रियाशील हरेका राजनीतिज्ञहरु हेरेर बस्न नहुने हो । यता यही कारणले के गाउँ के सहर झनै अव्यवस्थित बन्दै गएको छ । नगर,महानगरपालिकाहरु फोहोर व्यवस्थापनको सुत्र कण्ठ पारेर बसे पनि फोहोर व्यवस्थापनमा असफल देखिएका छन् । सचेत नागरिकहरुलाई जिम्मेवार बनाउनुपर्ने ठाउँमा नगरपालिकाहरु कर्मचारीलाई नै फोहोर व्यवस्थापनको प्रशिक्षक बनाई टोल टोलमा फोहोर व्यवस्थापनको सुत्रहरु हस्तान्तरण गर्ने तालिममा खटिएको हुँदाहुँदै पनि फोहोर व्यवस्थापनसँग करेसावारी व्यवस्थापन जोडिन सकेको छैन । नगरपालिकाकै स्वामित्वमा रहेको कृषियोग्य जमिनको पनि कृषि उपयोग हुन सकेको छैन । खेतीयोग्य जमीनलाई अव्यवस्थित रुपमा कंक्रिटमय बनाई वस्तुसरह किनवेचको कार्यलाई व्यवसायिक बनाईंदा पनि राज्यले त्यसवाट हुन सक्ने दीर्घकालीन असरप्रति ध्यान दिन सकेको छैन ।

कृषि उपज प्राणीमात्रका लागि अपरिहार्य वस्तु हो । कृषि उपजमा सम्पूर्ण रुपमा आयातमाथि भर पर्ने राष्ट्रहरु सवल हुन सक्दैनन् । निर्वल राष्ट्रमा लोकतन्त्र र प्रजातन्त्रको बहाली मुश्किलको कुरा हो । आफ्नो प्राकृतिक श्रोत र साधनको समुचित उपयोग नगर्नेहरु कहिल्यैपनि सक्षम र सवल देखिन सक्दैनन् । यही कुरालाई हामीले आफ्नो जीवनसँग जोडेर हेर्न सकिन्छ । कुन र कस्तो स्तरको जीवनशैली अपनाउन विदेशिएका छौ हामी यहाँ गम्भीर भएनौ हामी । सवैभन्दा पहिले राज्य गम्भीर हुनुपर्छ । राज्यले भूउपयोगको नीति जारी गरेको छैन । जमिन बाँझो वा उपयोगहीन अवस्थामा राखेर पनि त्यो जमिनमाथिको मालिकत्व कायमै हुने सामन्तकालीन अवस्था अझै यथावत छ । व्यवहारिक कृषि नीति पनि

जारी गरेको छैन । स्वस्थ खाद्यवस्तुका लागि अर्गानिक कृषि पनि भन्दैछ फेरी अर्कोतिर राज्यले नै जैविक मल र जैविक विषादीको उत्पादनमा जोड नदिई रसायनिक मल र किटनाशक विषादिका लागि अनुदानको व्यवस्था पनि गदैछ यो राज्यको अदुरदर्शिता मात्र हो ।
प्राणी मात्रको स्वस्थ जीवनका लागि आजको प्रमुख खाँचो भनेको कृषि क्षेत्रको व्यवसायिकरण हो र यो कसरी सम्भव छ भन्ने पक्षमा हाम्रो ध्यान जान जरुरी छ । कृषिलाई उद्यमको रुपमा विकास गर्ने सवालमा जनताको सवालसँग हामी चासो राख्छौं भन्ने देखाउन निजी क्षेत्रको सहभागिता सतहमा देखिएपनि निजी क्षेत्रले कृषि उद्यमीहरुको अपेक्षा अनुरुप खासै ध्यान दिएको पाईदैन । उसले कृषि वैज्ञानिकहरुको सहयोगमा **"एक गाउँ एक उत्पादन"** कार्यक्रमको अगुवाइ गरेको भएतापनि व्यवहारिक हुन सकेन । स्वरोजगार कार्यक्रममा उसको सहभागीता कर्मकाण्डी अवस्थामा मात्रै सीमित रहेको अनुभव गरिएको छ । कृषि तथा सहकारी मन्त्रालय राज्यमा छ । यस अन्तर्गत विभिन्न क्षेत्रमा कृषि विकास कार्यालय लगायतका विभिन्न निकाय रहेका छन् भने कृषि क्षेत्रको व्यवसायिक विकासमा जनताको सकृय अगुवाइको अनुभूति पाउन सकिएको छैन । राज्यले भूउपयोग नीतिसहितको व्यवहारिक कृषि नीति जारी गरेको खण्डमा सायदै यो अवस्था कायम नरहला ।
सहज,स्वस्थ र समृद्ध जीवनका लागि जनस्तरवाटै चालिएको पाइला आफै सफल भएको देखिएको छैन । राज्यवाट जारी गरिएको राष्ट्रिय कृषि नीति २०६१ लगायत कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ समेतलाई व्यवहारमा ल्याइएको भएतापनि त्यसले आजको खाँचोलाई सम्वोधन गर्न सकेको पाईदैन । वितेको वर्षहरुमा राज्यले सहकारीलाई संस्थागत रुपमा विकास गर्ने मनसायलाई एकपछि अर्को गर्दे सार्वजनिक गरिरहेको छ । तर सोहीअनुरुप कार्य गर्न सहज हुनेगरी राज्यले राजकीय वातावरण बनाउन सकेको पाईदैन । नीति तथा कार्यक्रमको सम्पादनमा राजनीतिक स्वार्थ लादिएको अवस्था देखिएको छ । कृषि व्यवसाय आफैमा एउटा उद्यम हो यसलाई कृषि उद्योगका रुपमा विकास गर्न सहज वातावरण बनाइन जरुरी छ । राज्यले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक खम्वा मानेको अवस्थामा कृषि उद्योगलाई सहकारीताका माध्यमवाट अगाडि बढ्न मात्र सहकारी मापदण्ड वा निर्देशिका पर्याप्त नहुने भएकोले कृषि क्षेत्रको व्यवसायिक विकासमा सहकारीताको प्रयोगमा सहजता ल्याउन कृषि सहकारी कानून जारी गर्न आवश्यक छ । कृषि एक क्षेत्र हो र

यसभित्र अनेक उपक्षेत्रहरु समावेश भएकाले नै कृषि एक विज्ञान पनि हो । यसलाई साँधुरो ढंगवाट हेरिनु हुँदैन । वर्तमान अवस्थामा हाम्रो देशमा विषयगत सहकारी संस्थाका नाममा ती हरेक उपक्षेत्रमा अलग अलग विषयगत सहकारीहरुको जन्म भएको छ । अझै कृषि क्षेत्रभित्र ठूला किसान देखिदै नदेखिएको नेपाल जस्तो मुलुकमा पनि केही कृषि सहकारी संस्थाहरुलाई आफ्नै सीमित क्षमताभित्र अल्झिनुपर्ने अवस्थामा राखेर चरित्रगत रुपका केही साना किसान कृषि सहकारी संस्थाहरुलाई राज्यको सहयोग उपलव्ध गराउने पक्षपाती कार्यहरु भएको पाइन्छ ।

यसरी राजनीतिक स्वार्थ लाद्दै आफ्नो वर्चश्वका निम्ति सहकारीताको उपयोग गरिंदा समग्र कृषि क्षेत्रको विकासमा खासै सहयोग पुग्दैन भन्ने कुरालाई पुष्टि गर्न हाम्रा विगत नै पर्याप्त छन् । कृषिका नाममा,साक्षरता अभियानका नाममा राज्यले धेरै बजेट खर्चिएको छ तर उपलव्धि खासै हुन सकेको छैन । वर्तमान अवस्थामा राज्यको अविवेकी सोचका कारण कृषि भित्रका अनेक उपक्षेत्रसँग सम्वन्धित दुग्ध सहकारी, घाँस सहकारी, गाई सहकारी, भैसी सहकारी, मासु सहकारी लगायत विभिन्न नामका र कामका सहकारीहरु एकातिर रहेका छन् भने अर्कोतिर कृषि सहकारीका नाममा सहकारी पनि क्रियाशील रहने अवस्था हुँदा कृषिमा अनेकताको अवस्था आएको छ ।

# अध्याय - आठ

# सारांश, निष्कर्ष तथा सुझावहरु

## ८.१ सारांश

यो अध्ययनलाई आठ भागमा विभाजन गरिएको छ । यस अध्ययनमा अध्ययनको चिनारी, उद्देश्य, महत्व र धारणात्मक ढाँचालाई क्रमश दर्शाइएको छ । कुनै पनि अध्ययनको विशिष्ट उद्देश्य हुने हुनाले ती उद्देश्यहरु निम्नलिखित रहेका छन् :

- अध्ययन क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको चित्रण गर्नु
- परम्परागत कृषि प्रणाली र जातिय अवस्थितिको लेखाजोखा गर्नु
- निर्वाहमूखी कृषि प्रणालीका समस्या तथा चुनौतीको पहिचान गर्नु

अनुसन्धानका क्रममा विभिन्न संकट र चुनौती पहिचान गर्ने खालको प्राथमिक र द्धितीय तथ्यांकको प्रयोग गरी वर्णनात्मक प्रकृतिको अध्ययन गरिएको छ । कुल अध्ययन क्षेत्रको लागि सिंदुरे गा.वि.स.का दुरा समुदायका कृषकहरुको घरधुरी सर्वेक्षण गरि कृषिसँग सम्वन्धित जम्मा ३३६ घरधुरी मध्ये ३० वर्ष देखि निरन्तर रुपमा कृषि कार्यमा संलग्न ७० घरधुरीलाई मात्र अध्ययनमा समेटिएको छ । प्राथमिक सूचना संकलन गर्न प्रश्नावली अनुसूची, सहभागी अवलोकन र मुख्य सूचनादाताहरु सँगको अन्तवार्ता विधि अवलम्वन गरिएको छ ।

अन्तर्वाता र प्रश्नावलीमा प्राप्त समान तथ्यलाई विश्वसनीय तथ्य मानिएको छ । दिइएका उत्तरहरु के कति सत्यतामा आधारित छन्, सो जान्न घरधुरी सर्वेक्षणका क्रममा घर वरिपरिको वातावरण, पशुपंक्षी, वाली आदिको निरीक्षण र अवलोकनलाई पनि आधार मानिएको छ । प्राप्त तथ्यलाई आवश्यकता अनुसार तालिका, औसत, आवृति, प्रतिशत र अनुपात आथिको आधारमा प्रस्तुत गरिएको छ ।

यस अध्ययनले अध्ययन क्षेत्रको भौगोलिक स्थिति, क्षेत्रफल तथा भूउपयोग, बसोवासको अवस्था, माटोको प्रकृति, घर परिवारको आर्थिक स्थिति, भौतिक पूर्वधार एवं कृषकहरुको सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गरिएको छ । यस अध्ययनमा दुरा जातीले

अपनाउदै आएका कृषि संस्कारहरु, चाडपर्वहरु र सामाजिक परम्पराहरु जस्तै : गाउँ बार्ने, थासो फाल्ने, दोखालो फाल्ने, रोदी बस्ने, वायु बोलाउने, पर्म प्रथा, रिसियाँ खाने चलन लगायत कृषि प्रणालीको परिवर्तनले रैथाने कृषि संस्कारमा आएको परिवर्तन, कृषि प्रणालीमा आएको परिवर्तनले नछोएका क्षेत्रहरु, उत्पादनमा आएको परिवर्तन, कृषि र सांस्कृतिक पर्वहरु बीचको सम्वन्ध, आदिले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्ने हुनाले कस्ताकस्ता मूल्यमान्यता, संस्कार र परम्पराले कृषकहरुको उत्पादन, रहनसहन एवं जीवन निर्वाहमा सहयोग पुर्‍याएको छ। सो को अध्ययन गरिएको छ।

अध्ययन क्षेत्रमा गरिने कृषि कर्म मुख्य बालीनाली उत्पादन, पशुपालन, जातीय अवस्थिति, उत्पादनमा पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ । प्राय धेरैजसो कृषकहरुले उत्पादन गर्ने खाद्यान्न बाली धान, मकै र कोदोको उत्पादन ३० वर्ष पहिले र अहिले गरि तुलनात्मक फरक स्थितिको अध्ययन गरिएको छ।

पशुपालनमा तुलनात्मक रुपमा फरक आएको छ । त्यसैगरी बाली उत्पादनमा पनि तुलनात्मक रुपमा कमी आएको छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने क्रम पनि ह्वात्तै बढेको छ।

विभिन्न समस्याहरु हुँदाहुदै पनि बालीनाली उत्पादन र पशुपालनलाई निरन्तरता दिदै आएका छन् तर त्यसले व्यवसायिक सफलता हात पार्न सकेको अवस्था भने छैन । बालीनालीको कम उत्पादन र पशुपालनमा भएको अन्तर सम्वन्धले गर्दा उत्पादन घट्दै जाँदा पशुपालन पनि घटेको छ जसले गर्दा जग्गा बाँझो राख्ने क्रम बढेको छ। तीस वर्ष पहिले हिउँदमा बस्तुहरुलाई खेतवारीमा छाप्रो बनाएर पाल्ने र छाडा छोड्ने गरिन्थ्यो, वनलाई चरन क्षेत्रको रुपमा प्रयोग गर्ने कारणले गर्दा पशुको संख्या बढी देखिन्छ तर हाल आएर पारिवारिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले मात्र पशुपालन गरिएको छ।

सम्पूर्ण अध्ययनलाई आधार मान्दा अध्ययन क्षेत्रको निर्वाहमूखी कृषि प्रणालीमा तीस वर्षको अन्तरालमा धेरै समानता र केही महत्वपूर्ण परिवर्तनहरु भएको पाइन्छ। कृषि पेशा गर्ने कृषकहरुको अवस्था दिनप्रतिदिन दयनिय बन्दै गएको अवस्था छ। पहिले उच्च स्तरमा कृषि हुन्थ्यो, मध्यम व्यापार र तुच्छ नोकरी भनेर चिनिन्थ्यो तर आज त्यसको ठीक विपरीत हुन गएको छ । बजारको माग अनुसार उन्नत कृषि अवलम्वन गर्न सकिएको छैन । आफ्नो उत्पादनले सवै कृषकले गुजारा गर्नुपर्नेमा पारिवारिक आवश्यकता कृषिवाट पुरा गर्न सक्ने

कृषकको संख्या अति न्यून छ । जुन दुखद पक्ष हो भने अर्कोतर्फ विभिन्न समस्याले गर्दा हिलो, धुलो, घाम, पानी, बादल केही नभनी दशनग्रां खियाउने पौरखी कृषकहरु प्रतिवर्ष ऋणको खाडलमा फस्दै गएको अवस्था छ । वित्तिय तथा गैरसरकारी संस्थाहरुको केही मात्रामा उपस्थिति रहे पनि सुधारात्मक प्रभाव भने कमै मात्रमा देखिएको छ ।

यस अध्ययनमा निर्वाहमूखी कृषि प्रणालीका समस्या एवं चुनौतीहरुको पहिचान गर्ने प्रयास गरिएको छ । कृषि तालिमको अभाव, प्रविधिको अभाव, सिंचाइको अभाव, बाली निरीक्षणको अभाव, बजारसँग सिधा सम्पर्कको अभाव, परम्परागत सोंच, जग्गाको असमान वितरण, कृषि सामाग्री भण्डारको अभाव, पशुपालनमा कमी, कृषि प्रतिको नकरात्मक धारणा लगायतका समस्याले गर्दा बाह्य उत्पादनसँग आन्तरिक उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ । कृषकहरुमा निराशावादी धारणाले जरो गाडिसकेको हुनाले जग्गा बाँझो राख्ने प्रवृति बढ्दै गएको पाइएको छ ।

## ८.२ निष्कर्ष

- यस अध्ययनमा विभिन्न तथ्यांकहरुलाई आधार मान्दा निम्न लिखित निष्कर्ष प्राप्त भएको छ ।
- यस क्षेत्रको जातिगत अवस्थिति हेर्दा ८२ प्रतिशत दुरा जाति र बाँकी अन्य जातिको बाहुल्यता भएको पाइयो ।
- अध्ययन क्षेत्रको पारिवारिक संरचनालाई अधार मान्दा एकात्मक संरचना बढी भएको पाइयो ।
- गुजारा चलाउने परिवारमा बचत गर्नुपर्छ भन्ने धारणा एकदमै नगन्य रुपमा भएको पाइयो ।
- कृषि बाली भित्र्याउने क्रममा भने परिवारका सम्पूर्ण सदस्यहरु एकजुट भइ काममा संलग्न भएको पाइयो ।
- अध्ययन क्षेत्रका जम्मा घर धुरी मध्ये सवैभन्दा वढि ५१.७ प्रतिशत घरधुरिका मानिसहरुले जम्मा ३ महिना मात्र खान पुग्ने देखिन्छ भने ४३.३ प्रतिशत लाई ६ महिना मात्र खान पुग्ने रहेछ । ३.३३ प्रतिशत घरधुरिका मानिसहरुले मात्र १

वर्षसम्म खान पुग्ने देखिन्छ भने १.६६ प्रतिशत घरधुरिका मानिसहरुको आफ्नो खेतबारि नभएको पाइयो ।

- अध्ययन अनुसार उक्त समुदायमा आर्थिक स्रोतको माध्यम विषेश गरि कृषिमा कुल संख्याको २८.३३ प्रतिशत, पशुपालन लाई जिविकोपार्जनको माध्यम ८.३३ प्रतिशत, वैदेशिक रोजगार लाई आर्थिक स्रोतको माध्याम ४० प्रतिशतले लगभग आर्थिक स्रोतको माध्याम मध्य आधार भाग वैदेशिक रोजगारले ओगट्न पुगेको छ । ज्यालादारीमा संलग्न परिवार जम्मा १३.३३ प्रतिशत हुन आउँछ भने अन्य माध्याम वनाउने परिवार १० प्रतिशत भएको पाइयो ।
- यस अध्ययन क्षेत्रको कृषिमा गुणात्मक र मात्रात्मक वृद्धि नहुनाका कारणहरु मध्ये कुल १९४ जना उत्तरदातासँग गरिएको उपर्युक्त तथ्यांक संकलनमा ६६ जना उत्तरदाताले सिंचाइको अभाव प्रमुख कारण ठानेका छन् । त्यसैगरी आधुनिक तालिम तथा औजारको अभावमा १७.८ प्रतिशत, कीट नियान्त्रणको अभावमा १२.५ प्रतिशत, प्राविधिक ज्ञानको अभावमा १५.८ प्रतिशत,पर्याप्त भूमीको अभावमा ९.२ प्रतिशत, मलजलको कमीमा १० प्रतिशत र वन्यजन्तुको प्रकोपमा १२.२ प्रतिशत रहेका छन् ।
- यस क्षेत्रमा कृषि सहकारीको विकास नभएको कारणले गर्दा आर्थिक संकटको समयमा सवैले व्यक्तिवाट ऋण सापटी लिई गुजारा चलाउने गरेको पाइयो ।
- अन्त्यमा सम्पूर्ण क्षेत्रलाई मुल्यांकन गर्दा कृषि कर्मवाट गुजारा चलाउन दुरा कृषकहरु असक्षम देखिन्छ ।

## सुझावहरु

यस गा.वि.स.का किसानहरुको परम्परागत निर्वाहमुखी कृषि प्रणालीको अध्ययनवाट त्यस क्षेत्रमा कृषिको समयसापेक्ष विकास हुन नसकेको अवस्था छ । कृषि उत्पादन नै कम हुने कारणले गर्दा गरीव, मध्यम र उच्च सवै वर्गका किसानहरु पीडित बन्नुपर्ने बाध्यत्मक अवस्था छ । कृषि क्षेत्रलाई नै प्रमुख पेशा बनाउनेहरुको अवस्था त झनै दयानिय रहेको पाइन्छ । कृषिमा कम उत्पादन, बढ्दो जनसंख्या, सरकारी तवरवाट कृषिको विकासको लागि महत्वपूर्ण निर्णय र कार्यान्वयन हुन नसक्नु नै प्रमुख समस्याको जड हो । यस क्षेत्रको कृषि उत्पादनमा सुधार ल्याइ गुणात्मक र मात्रात्मक सुधार गर्न निम्न कुराहरुमा बीचार गर्नुपर्ने देखिन्छ ।

- कृषि विषयमा दक्षता प्राप्त कृषि प्रविधिकको सल्लाहमा वाली निरीक्षण गरी बालीको अवस्था, सम्भावित रोगव्याधिमा ध्यान दिनुपर्ने कुराहरुको बारेमा कृषकहरुलाई जानकारी गराउने व्यवस्था गर्नुपर्दछ ।
- व्यवसायिक पशुपालनमा विशेष जोड दिई परम्परागत व्यवसायलाई पनि विशेष अन्तरसम्वन्धित हुनेगरी उत्पादनको मात्रा र गुणस्तर बढाउनेतर्फ हरेक सचेत कृषकले ध्यान दिन आवश्यक छ ।
- कुन बाली कुन समयमा लगाउदा त्यसले राम्रो उत्पादन दिन्छ सो पहिचान गरि ठीक समयमा बाली लगाउने बानीको विकास कृषकहरुलाई गर्न आवश्यक छ ।
- प्राचीन गौचरन, समुदायको स्वामित्वको क्षेत्र, समथर उव्जाउ सरकारी क्षेत्र लगायतका क्षेत्रहरुलाई व्यवस्थित गरी सहकारीमा आवद्ध भएर सामुहिक खेती गर्ने र त्यसवाट भएको आम्दानी सम्पूर्ण समुदायको हितमा सदुपयोग हुने खालको वातावरण सिर्जना गर्न आवश्यक छ ।
- कृषि सामाग्री भण्डारको भण्डारको व्यवस्थित प्रवन्ध मिलाइ कृषिका लागि आवश्यक पर्ने वीउविजन, मलखाद, औजार, लगायत खेतीपातीका लागि आवश्यक परामर्श दिने व्यवस्था गरिहाल्नुपर्दछ ।
- बन क्षेत्रलाई संरक्षण गरी खेर गइरहेको पातपतिंगरलाई विभिन्न खालका मल, औषधिको निर्माण गरी परीक्षण र प्रयोगको थालनी गर्नुपर्दछ ।

- यस क्षेत्रका सम्पूर्ण सडक मर्मत सम्भार गरी कम्तीमा पनि गाडी गुड्ने अवस्थाको सिर्जना गरी विभिन्न बजारसँग यस क्षेत्रको सिधा सम्पर्क हुने वातावरण तय गर्न आवश्यक ।
- खनजोतको भरपर्दो माध्यम हलो नै हो । त्यसैले हलो तान्ने गोरुको संख्या घट्न नदिन यस क्षेत्रमा गाइको संरक्षण गर्नु पर्दछ अर्थात गोरुको विकल्पमा राँगाद्धारा जोत्ने नयाँ प्रचलनको विकास गर्नुपर्दछ ।
- प्रकृतिको निशुल्क उपहार भूमीलाई कुनैपनि व्यक्तिले बाँझो राख्न नपाउने कडा नीति अवलम्वन गरिनुपर्छ ।
- कृषकलाई आवश्यक पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋण सस्तो र झण्झटरहित तरिकाले तत्काल उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- स्थानिय स्रोतको सही सदुपयोग गर्नको लागि कृषि कार्यमा आवश्यक पर्ने नाम्लो, दाम्लो, बरियो, डोको, कोदालो आदिको उत्पादन गर्न सम्भव भएसम्म उत्पादन बढाएर आत्मनिर्भर वन्नुपर्दछ ।

सारांशमा भन्नुपर्दा करीव ८१ प्रतिशत जनताको रोजगारीको स्रोत र जीविकोपार्जनको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको अर्थतन्त्रमा अहम् भूमिका छ । नेपालीका लागि खाद्यान्न उपलव्ध हुने साथै राष्ट्रिय आयको प्रमुख स्रोतको रुपमा रहेको कृषिवाटै नेपालीका आधारभूत आवश्यकता पूर्ति हुने गर्दछ । कृषि क्षेत्रको विकाससँगै नेपालमा कृषिजन्य उद्योग खुल्ने क्रम बढेसँगै राजस्व तथा विभिन्न किसिमका करहरुको माध्यमवाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि क्षेत्र पनि सरकारी आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको छ । कृषि क्षेत्रमा उत्पादन बढाउन प्रविधि तथा विषादीहरुको प्रयोग बढेसँगै यसले मानिसको स्वास्थ्यमा समेत नराम्रो असर पारिरहेको छ ।

कृषि क्षेत्र लाखौं नेपाली जनताको जीविकोपार्जनको प्रमुख आधार भए पनि यस क्षेत्रमा पर्याप्त सरकारी तथा गैरसरकारी लगानी हुन नसक्नु, विश्वजगतमा कृषिसँग सम्वन्धित अत्याधुनिक प्रविधि नभित्रिइनु, परम्परागत रुपले खेतीकार्य गर्दै आएका कृषकलाई आवश्यक पर्ने वीउविजन र मलखादको व्यवस्था नहुनु र आवश्यक तालिम तथा प्राविधिक ज्ञान सवैमा पुर्‍याउन नसक्नु कृषि क्षेत्रमा भएको द्वैध स्वामित्व र वास्तविक किसानको हातमा वैधानिक कागजपत्र नहुनु, सक्षम र सवल मानवीय शक्ति रोजगारीको निमित्त विदेश पलायन हुनु कृषि क्षेत्रका कृषकलाई संगठित गरी आफ्नो पेसाप्रति इमानदारीपूर्वक गर्न

सक्ने वातावरण बनाउन नसक्नु, युवा वर्ग अध्ययन र रोजगारीको निमित्त शहर प्रस्थान गर्नु तर पछि त्यही नै आफ्नो स्थायी बसोवास गर्नु, प्राकृतिक प्रकोपको भय, घाटामुखी कृषि पेशा, महंगो जनशक्ति, अतिवृष्टि, कृषि विज्ञानमा अध्ययन गर्न चाहने विद्यार्थीलाई नेपालमा आकर्षित गर्न सक्ने कार्यहरुको निर्माण नहुनु, टुक्रे खेती प्रणाली, आपसी सहकार्य गर्न सक्ने र सद्भावको कमी, पूर्वाधारहरुको विकास र विस्तार हुन नसक्नु, कृषिमा लगानीको निम्ति आवश्यक विनाधितो तथा सहुलियत ऋणको व्यवस्था गर्न नसक्नु, क्षेत्रीय असन्तुलन कम गरी विकेन्द्री करणलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु सार्वजनिक गर्न नसक्नु साथै अझै पनि ग्रामीण क्षेत्रमा यातायात तथा बजारको असुविधा हुनु नेपालको कृषि क्षेत्रमा देखिएका समस्याहरु हुन् ।

नेपालमा पछिल्लो समयमा बैंकहरु संचालन गर्दा ग्रामीण क्षेत्रमा लगानी गरी उपत्यकामा भित्रिन पाउने निर्णयले गर्दा पनि बाध्यता पूर्वक यस क्षेत्रमा बैंकहरुले लगानी गरिरहेकै छन् । कृषि विकास बैंक, विभिन्न सरकारी संस्थाहरु, गरिवी निवारण कोष लगायतका संघ-संस्थाहरुले पनि पछिल्लो समयमा ग्रामीण स्तरका किसानलाई विविध सहयोगहरु गरिरहेका छन् । घरेलु तथा साना उद्योग विकास समितिमातहतका विभिन्न निकायले यस क्षेत्रमा केही मानिसलाई समयसमयमा आवश्यक तालिमहरु प्रदान गर्ने, छलफल र अन्तरक्रियात्मक कार्यहरु पनि गर्दै आएका छन् । केही वर्ष पहिले बाबुराम भट्टराई अर्थमन्त्री भएको बेला घोषणा गरिएको "एक गाउँ एक उत्पादन" कार्यक्रमले पनि विभिन्न जिल्लाका किसानलाई व्यवसायिकतातर्फ उन्मुख गराएको छ । कृषि क्षेत्रको विकासको निम्ति नेपाल सरकारको सहयोगमा सञ्चालन गरिएका खोलानदीहरुका बाँध बाँध्ने, पिउन र सिँचाइ गर्नको निम्ति नहर, कालो पाइप आदिको माध्यमवाट पानीको व्यवस्था हुनु, गाउँमा किसानले संकलन गरेको दूध, कफी, मह, तरकारी, कच्चा पदार्थ आदिलाई पनि काठमाण्डौ लगायतका शहरहरुका पुर्याई स्थानीय कृषक वर्गको जीवनस्तर सुधार्न आवश्यक पहल गनिनु पक्कै पनि कृषि क्षेत्रका सुधार, संरक्षण, सम्वद्ध विकास र बजारीकरणको निम्ति देखिएका सकारात्मक संकेतहरु हुन् । पछिल्लो समयमा स्थानीय स्तरमा नै विभिन्न महोत्सव र कृषि प्रदर्शनीहरु समयसमयमा भइरहनु तथा उत्कृष्टलाई राष्ट्रियस्तरको प्रर्दशनीहरुमा निःशुल्क स्टल बुकिङ तथा गाडीभाडाहरुको व्यवस्था गरी उचित पुरस्कृत गर्ने निर्णय आफैमा सकरात्मक कुरा हो ।

नेपाल जस्तो प्राकृतिक र मानवीय दुवै हिसाबले सम्पन्न देशमा नै यहाँका लाखौ बेरोजगार जनतालाई उनीहरुको योग्यता अनुसारका कार्यमा हौसला हुने किसिमका उपयुक्त प्रशिक्षण प्रदान गरी विदेश पलायन हुने ठूलो संख्याका उत्साही युवा वर्गलाई यस देशमा नै कृषि, वन, पर्यटन, निर्माण, प्राविधिक लगायतका क्षेत्रमा लगाउने र त्यसमा आइपरेका समस्याको सामना गरेर अगाडि बढी भावी दिनमा नेपालमा नै सम्पूर्ण जनतालाई र स्थानीय स्तरमै आत्मनिर्भर र स्वावलम्बन बनाई नेपालमा बढ्दै गएको व्यपार घाटा यथाशक्य कम गराएर छिट्टै नै अन्तराष्ट्रियस्तरमा नै हाम्रो नेपालको कृषिजन्य वस्तु तथा सेवाहरुको बजारीकरण गर्नु आजको आवश्यकता हो । अहिले जहाँ जुन प्रविधिको विकास र विस्तार भए पनि अन्ततःउक्त प्रविधिको परिचालन गर्न पनि मानवीय शक्ति नै आवश्यक पर्न जान्छ, जव मानिस र प्रविधिवीचको तालमेल मिल्न जान्छ तव मात्र विकास र विस्तारले उग्ररुप लिन सक्छ अर्को कुरा, जव-जव धेरै मानिसहरुलाई यस क्षेत्रमा आकर्षित गर्न सकिन्छ, तवतव उक्त संगठित मानवीय जमातवाटै नयाँनयाँ प्रविधिको विकास हुन सम्भव छ, एक जना व्यक्तिले मात्र कुनै कुरा पत्तालगाउने र कार्यान्वयन गर्न गाह्रे पर्दछ । समूहमा काम गर्दा मात्र जस्तोसुकै अकल्पनीय कार्य पनि सम्भव हुन्छ भने किन यस कृषि पेशामा पनि हामी सामुहिक प्रयासमा किन नलाग्ने ?

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमालदेखि दक्षिण तराई सम्म एकै किसिमको भू-वनोट, हावापानी, तापक्रम आदिको अन्तर रहेको यस देशमा एक ठाउँमा राम्रोसँग सप्रने बाली अर्को ठाउँमा सप्रन सक्दैन । कुन ठाउँमा कस्तो बाली फस्टाउन सक्छ भन्ने कुरा सर्वप्रथम बालीविज्ञहरुले परीक्षण गरी लागू गराउने हो भने र ठाउँ-ठाउँमा सरकारी पहलबाटै विशेषज्ञहरु नियुक्त गरी माटोको चेकजाँच, रोगव्याधि तथा समग्र बालीको अवस्थावारे निरन्तर अनुगमन र मूल्यांकन गर्ने हो भने यसले नेपालको अहिलेको यस अवस्थामा देखिएको समस्यालाई कम गराउन ठूलो सहयोग गर्नेछ र यसले कृषिमा व्यवसायीकरण, विविधिकरण र सशक्तिकरणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल हुनेछ ।

कृषि क्षेत्रको विकासका लागि सरकारी स्तरवाटै गरिव जनताको लगानी सुरक्षित हुने किसिमले विमा योजनाहरु जस्तै पशुधन विमा, अग्नी विमा, दुर्घटना विमा लगायतमा पहल गरी कम जोखिममै धेरै फाइदा लिन सक्ने अवस्थाको यहाँ सिर्जना हुन आवश्यक छ ।

सर्वप्रथम अहिलेको जस्तो लगानीमैत्री वातावरण बन्न नसकेको अवस्थाप्रति सरकारद्धारा नै विशेष कदमहरु चालिएको खण्डमा नेपालको कृषि क्षेत्रले कायपलट रुपमा फड्को मार्नेछ। एकातिर अहिले पनि दिन-प्रतिदिन दैनिक उपभोग्य सामाग्री देखि अन्य हरेक चिजविजको महंगीले हाँगा फैलिरहेको छ । निरन्तर नेप्से घट्दो छ । यस्तो अवस्थामा नेपालमा लगानीमैत्री वातावरण, युवा परिचालन सहित जनचेतनामुखी कार्यक्रमको आवश्यक छ । यस सम्वन्धमा अझ विद्यालय स्तरबाटै कोर्समा नै **कृषि क्षेत्रमा सुधार** बारे जानकारी राखी, प्रविधि तथा ज्ञानमा बढी जोड दिएको खण्डमा कृषिलाई पनि निर्वाहमुखी भन्दा पनि व्यवसायिक बनाउन सकिन्छ। जो आर्थिक आम्दानीको एक महत्वपूर्ण पाटो हुन सक्छ।